# जिवनयात्राको लागि आवश्यक ज्ञानहरू

(लेख / रचना संग्रह)

लेखक / सम्पादक
भिक्षु धर्ममूर्ति

Downloaded from http://dhamma.digital

# जिवनयात्राको लागि आवश्यक ज्ञानहरु

(लेख/रचना संग्रह)

लेखक / सम्पादक

भिक्षु धर्ममूर्ति

Downloaded from http://dhamma.digital

प्रकाशक :

**श्री हिरालाल नकर्मी**

स-परिवार ।

डिल्लीबजार, मैतीदेवी चोक, काठमाडौं

फोन : ४४१६७२२

कम्प्यूटर सेटिङ्ग

**कमल मुल्मी अफसेट प्रिन्टर्स**

मरुबहिल, काठमाडौं, फोन : ४२६७१५४

बुद्ध संबत् : २५५४

नेपाल संबत् : ११३०

बिक्रम संबत् : २०६७

ईश्वी संबत् : २०१०

प्रथम संस्करण : १००० प्रति

मुद्रक :

**ए टु जेट प्रिन्टिङ्ग प्रेस**

लगनटोल, ज्यावहाल, काठमाडौं

फोन : ४२५९३५१

Downloaded from http://dhamma.digital

# प्रकाशकीय............

धर्मप्रति श्रद्धा भएको कारण बुद्ध धर्म सम्बन्धि लेखिएका लेखहरुको संग्रहलाई प्रकाशन गर्न पाएकोमा खुशी लागेको छ। श्रद्धेय भिक्षु धर्ममूर्तिद्वारा लेखन सम्पादन गर्नु भएको यस पुस्तकले पाठकहरुलाई धर्मप्रति झन् श्रद्धा अभिबृद्धि गर्न सहयोग मिल्नेछ भन्ने विश्वास राखेका छौं।

सारगर्भित लेख रचनाहरुको संग्रह भएको यस सानो ग्रन्थले पनि तपाईहरुको प्रज्ञामय ज्ञानको भण्डारलाई अझ परिष्कृत गर्नेछ र जिवनलाई सार्थक तुल्याउन टेवा पुग्नेछ भन्ने पनि आशा लिएका छौं।

सवै धर्मप्रेमी पाठकहरुले यस पुस्तकको अध्ययनले धर्ममा मन लागउन र धर्मानुसार जिवनयापन गरी सुख शान्तिको अनुभूति गर्न सकियोस् भन्ने कामना गर्दछौं।

२६।३।२०६७

**हिरालाल नकर्मी स-परिवार**
मैतीदेवी, काठमाडौं।

Downloaded from http://dhamma.digital

# प्रकाशक परिवार

स्व. पृथ्वीमान नकर्मी
स्व. मैयानानी नकर्मी

स्व. जोगमान नकर्मी
स्व. लक्ष्मी माया नकर्मी

श्री हिरालाल नकर्मी / दी. मोहनमाया (कान्छी) नकर्मी

१. श्री मोतिलाल नकर्मी/श्रीमती बीना नकर्मी
२. श्री रामेश लाल नकर्मी/श्रीमती रिता श्रेष्ठ
श्री दिनेश नकर्मी/(भिक्षु धर्ममूर्ति)

**छोरी/ज्वाईहरु:**

१. श्रीमती नानीमैया नकर्मी/श्री मदन नकर्मी
२. स्व. मनमैया नकर्मी/श्री गौरीदास नकर्मी
सुश्री सरिता नकर्मी
३. श्रमिती कमला नकर्मी/श्री उपेन्द्र हुमागाई
४. श्रीमती उर्मिला नकर्मी/श्री रुपेन्द्र श्रेष्ठ

**छोरा/नातीहरु:**

ई. श्री मोविन नकर्मी
डा. सुश्री स्वेता नकर्मी

श्री रक्षक नकर्मी
श्री सम्राट नकर्मी

**छोरी/नातीहरु:**

श्री पंकज नकर्मी
श्रीमती अम्बिका नकर्मी
श्रीमती अमला नकर्मी
श्रीमती अन्जु नकर्मी
श्रीमती रुपा नकर्मी

श्रीमती तर्कना नकर्मी

सुश्री एलीसा (नकर्मी) हुमागाई

श्री सशांक (नकर्मी) श्रेष्ठ
स्वयम (नकर्मी) श्रेष्ठ

Downloaded from http://dhamma.digital



प्रकाशकः

**श्री हिरालाल नकर्मी**

मैतीदेवी चोक, काठमाडौं

फोन : ४४१६७२२

Downloaded from http://dhamma.digital

# समर्पण



दीवंगत ममतामयी मातामा निर्वाणार्थ भावपूर्ण समर्पण

**दी. श्रीमती मोहनमाया (कान्छी) नकर्मी**

Downloaded from http://dhamma.digital

# प्रकाशक बारे............

वि.सं. १९७७ असार चतुर्दशीको दिन आमा मैयानानी र बुवा पृथ्वी मानको तीन दाजुभाई र दुई दिदी बहिनीहरुमध्ये कान्छा पुत्रको रुपमा सुन्दरीजल, गोकर्णमा हिरालालको नामले जन्म भई चिनिनु पुग्यो । उहाँ हिरालाल एक वर्षको हुँदा बुवाको मृत्यु भयो भने १८ वर्षको हुँदा आमाको पनि देहवासान भयो ।

१६ वर्षको उमेरमा मोहनमाया (कान्छी), ठिमीसँग विवाह बन्धनमा बाँधिए पछि ११ जना छोरा छोरीहरुका बुवा आमा बन्नु भयो । जसमध्ये हाल ७ जना छोरा छोरीहरु मात्र जिवित रहेका छन् । वि.सं. २००२ सालदेखि २०२८ सालसम्म राजप्रसादमा जागिर खाएर स्वइच्छाले सेवा निवृत्ति लिनु भयो ।

वि.सं. २०१४ सालतिर डिल्लीबजारको गणेशस्थानमा बसोवास गर्दा खेरि बारम्बार बिरामी भएको हुँदा आशाकाजी गुरु ज्यूले एकदिन बौद्ध विहारमा लगेर श्रद्धेय भिक्षु धम्मालोक भन्ते (भिक्षु)सँग भेट गराईदिनु भएको । त्यसपछि उहाँहरु घरमा आई एक हप्तासम्म परित्राण पाठ गरिदिनु भएछ । परित्राण पाठपछि हिरालाल ज्यूको रोगहरु पनि निको भएर गएछ । त्यस पश्चात हिरालालज्यू सहित परिवारहरु बौद्ध विहारमा गई धर्मोपदेश कथा सुन्ने बानी बसे छ । वि.सं. २०१८ सालतिर भिक्षु महाप्रज्ञाबाट धर्म प्रवचन सुनी धेरै नै प्रभावित भई पूर्ण रुपमा २०२८ सालमा भिक्षु महाप्रज्ञाले नै बनाईदिनुभएको बुद्धमूर्ति आफ्नो घरमा प्रतिस्थापन गराई प्रत्येक महिनाको पहिलो दिन बुद्ध पूजा, परित्राण र प्रवचन गर्ने गराउने भएछ । वि.स.. २०२८ सालदेखि आजसम्म पनि प्रत्येक संक्रान्तिको दिन १ गते घरमा अटूट रुपमा बुद्ध पूजा र धर्म चक्र सूत्र पाठ गर्दै गराउँदै आउनु भएको छ ।

पहिला पहिला भन्ते (भिक्षु) हरु, गुरुहरु, धर्मका सार्थीहरु भेला गराई सो कार्य गर्नुहुन्थ्यो भने आजकल आफ्नो परिवारहरु मात्र भेला गराई सो कार्य गर्दै आउनु भएको छ । उक्त दिन पाठ गर्ने विधि यस पुस्तकमा उल्लेख गरिदिएको छ ।

विशेष गरी बागबजारको धर्मचक्र बुद्ध विहार, घट्टेकुलोको बुद्ध

Downloaded from http://dhamma.digital

विहार (बौद्ध आश्रम), स्वयम्भू को आनन्दकुटी विहार, भृकुटी मण्डपको विहार, बुढानिलकण्ठको विपश्यना ध्यान केन्द्र आदि धार्मिक केन्द्रका नि पुनःनिर्माणमा उहाँहरुले यथेष्ट सहयोग पुऱ्याउनु भएको रहेछ। अन्य धार्मि केन्द्रहरुमा पनि सक्दो सहयोग गर्नुभएको रहेछ।

वि.सं. २०३८ सालमा कल्याण मित्र सत्यनारायण गोयन्का ग पहिलो ध्यान शिविर आनन्दकुटी विहारमा संचालन गरेदेखि नै ध्यानबाट प्रभा भै त्यस पछि २०३९ सालमा आनन्द कुटी विद्यापीठमा राखेको ध्यान शिवि अनि त्यसपछि बुढानिलकण्ठ स्कूलमा राखेको ध्यान शिविरमा भागलिनु त्यसपछिका ध्यान शिविरहरुमा पनि भाग लिनु भयो। पछि बुढानिलक निर्मित ध्यानकेन्द्रमा समेत धेरै पटक ध्यान शिविरमा भाग लिनुभयो।

वि.सं. २०३९ सालमा आनन्दकुटी विहारका प्रमुख रहनु भएका अमृतानन्द महास्थविर ले श्रीलंकामा बौद्ध अध्ययनको निम्ति ५ जना पुत्रहरु माग गरिएको खबर सुने पछि उहाँकै आग्रहमा आफ्ना कान्छा दिनेशलाई पनि भिक्षु बनाई श्रीलंकामा पठाउन उहाँले स्वीकृति दिनु भ रहेछ। सो अनुसार वि.सं. २०३९ साल असोज २२ गतेका दिन आ छोरालाई बुद्ध शासनमा परित्याग गर्नुभई भिक्षु (श्रामणेर) बनाईदिनु भएछ हाल भिक्षु धर्ममूर्तिको नामले चिनिनु हुन्छ। यस पुस्तक पनि उहाँले नै सम्प गर्नु भएको छ।

ध्यान अभ्यासको लागि प्रत्येक शनिबार स्वयम्भूको आनन्द विहारमा, प्रत्येक मंगलबार भृकुटी मण्डपको बुद्ध विहारमा र प्रत्येक शनि दिउँसो ध्यान केन्द्र, बुढानिलकण्ठमा पनि जाने गर्नु हुन्थ्यो। तर आज शरिरको असक्तताले गर्दा जान सक्नु हुन्न रहेछ। पहिला धेरै पटक ध केन्द्रमा धर्मसेवक स्वयंसेवक बनि सेवा पनि गर्नु भएको रहेछ। विशेष गरी पाल्नु भई ध्यान शिविर संचालन गर्नु हुँदा त्यही बसेर सेवा गर्नु हुन्थ्यो।

उहाँ हिरालालज्यूको ९१ औं वर्षको उपलक्ष्यमा भन्ते गुरुमाहरु भोजन दान आदि गर्ने सदिच्छा अनुरुप दानसहित यो पुस्तक छपाई धर्म गर्ने श्रद्धा व्यक्त गर्नुभयो भने परिवारजनले महापरित्राण गराई उहाँको आरोग्यको कामना गर्ने श्रद्धा राख्नु भयो।

Downloaded from http://dhamma.digital

# सम्पादकीय

यस सानो पुस्तकका प्रकाशक हुनु भएका मेरो आदरणीय बुबा श्री हिरालाल नकर्मीले प्रत्येक महिनाको पहिलो दिन अर्थात् प्रत्येक महिनाको १ गते वि.सं. २०२८ सालदेखि घरमा अटूट रूपमा पाठ गर्दै गराउँदै आउनु भएको पाठ-प्रार्थना विधि छपाई ९१ औं जन्मदिनको उपलक्ष्यमा भिक्षु महासंघलाई भोजन दान दिने अवस्थामा सँगै दानदिने इच्छा प्रकट गरी प्रकाशनको लागि मलाई जिम्मा दिनु भए अनुसार उहाँको सु-स्वास्थ्य र दीर्घायु अनि सुख शान्तिको लागि स-परिवारबाट महापरित्राण गराउने इच्छा प्रकट गर्दा सो कार्य पनि मलाई जिम्मा दिनुभएअनुसार सबैको इच्छा बमोजिम वि.सं. २०६७ असार २६ गते शनिबारका दिन महापरित्राण पाठको आयोजना गरी सम्पूर्ण भन्ते एवं गुरुमाहरूलाई निमन्त्रण गरी उक्त दिन भोजन दान एवं दान प्रदानको क्रममा यस पुस्तक पनि धर्मदान दिन मिल्ने गरी सम्पादन गरेको छु । प्रार्थना विधि मात्र छाप्दा अति नै सानो हुन जाने हुँदा र अर्को पुस्तक लेख्न समयको अभाव हुँदा आफुले विभिन्न समयमा आनन्दभूमि बौद्ध मासिकमा सहित अन्य धार्मिक पत्रपत्रिकामा लेखी प्रकाशन गरिसकेको लेख एवं रचनाहरू संकलन गरी सम्पादन गरी यो ग्राह्य एवं पठनीय ग्रन्थ तयार गरेको छु ।

Downloaded from http://dhamma.digital

धेरैले यस पुस्तकमा अन्तर्गत रहेका लेखहरू मध्ये कुनै कुनै वा सबै पनि पढी सकेका होलान् । तर समय समयको अन्तरालमा पढिनुले बुझाईमा पूर्णता प्राप्त गर्न अलि अप्ठ्यारो पनि महशुस भएको हुनसक्दछ । यही तत्थ्यलाई मध्यनजर गर्दै सेरिजको रूपमा प्रकाशित दीर्घ लेखहरूलाई यहाँ एउटै पुस्तकमा समावेश गरेको छु ताकी पुनः पढ्दा वा अध्ययन गर्दा राम्ररी बुझ्न सकोस् र आ-आफ्नो जिवन सार्थक तुल्याउन ती प्राप्त ज्ञानहरूबाट मद्दत मिलोस् ।

यस पुस्तकमा अन्तर्गत संग्रहीत लेख रचनाहरू समय सान्दर्भिक मननीय एवं चिन्तनीय छन् भन्ने मलाई लाग्दछ । अतः यी लेख रचनाले पाठक तपाईको चेतनामा सजगता ल्याउँछ भने चेतनाहरू नै परिष्कृत हुन्छ भने मेरो प्रयासको सार्थकता भएको महशुस गर्न सक्ने हुन्छ । तपाईहरूले त्यस्तो आभाष दिन सकोस् र सफल एवं असल जिवन विताउन सकोस् ।

अन्तमा आदरणीय पितालाई आयु आरोग्यको कामना गर्दछु । सम्पूर्ण परिवारलाई पनि सुख समृद्धिको कामना गर्दछु । दीवंगत आदरणीय मातालाई निर्वाण कामना गर्दछु ।

यस पुस्तक तपाईको हातमा पुऱ्याउने सम्मको लागि मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

भवतु सब्ब मङ्गलं ।

Downloaded from http://dhamma.digital

# बिषय सूची


| क्र.सं. | | पेज नं. |
|---|---|---|
| १. | प्रार्थना विधि | १-८ |
| २. | करणीय सूत्र | ९-१० |
| ३. | धर्म चक्र प्रर्वतन सुत्र | १०-१७ |
| ४. | पुर्वदिसाय | १८-१८ |
| ५. | पुण्यानुमोदन | १९-१९ |
| ६. | बुद्ध पुजा अर्थ | २०-२८ |
| ७ | उपादान संयुक्ति संगै जाने प्रेम र घृणा | २९-४३ |
| ८. | उपादान संयुक्ति संगै जाने बानी | ४४-४९ |
| ९. | उपादान संयुक्ति संगै जाने रुची | ५०-५२ |
| १०. | उपादान संयुक्ति संगै जाने अनुभव | ५३-६३ |
| ११. | उपादान संयुक्ति संगै जाने अनुभव र जानकारी | ६४-६८ |
| १२. | उपादान संयुक्ति संगै जाने छोरा छोरी प्रति स्नेह | ६९-७६ |
| १३. | जिवन यात्राको लागि आवश्यक ज्ञान | ७७-८२ |
| १४. | विश्व धर्मता | ८३-११५ |
| १५. | संसार | ११६-१३० |
| १६. | शरिर भित्र अर्को शरिर | १३१-१४२ |
| १७. | पियेहि विप्पयोगो | १४३-१४६ |
| १८. | जहाँ प्रसन्न हुन्छ | १४७-१४८ |
| १९. | बौद्ध समाज सेवा | १४९-१५१ |
| २०. | बौद्ध जिवन पद्धति | १५२-१५५ |
| २१. | निरवद्यचर्या | १५६-१५९ |
| २२. | कर्म र बौद्ध चिन्तन | १६०-१६३ |
| २३. | मन | १६४-१६९ |
| २४. | पुनर्भव | १७०-१७३ |
| २५. | मरण | १७४-१७६ |
| २६. | कल्याण मित्र र मित्रता | १७७-१९२ |
| २७. | आर्य पुद्गल | १९३-१९६ |


Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# प्रार्थना विधि

प्रत्येक महिनाको पहिलो दिन अर्थात १ गते सल्हुका दिन घरमा भिक्षुको उपस्थितिमा वा अनुपस्थितिमा सबै परिवारजन आफन्तजन र हितैषीजनसँगै सामूहिक प्रार्थना गर्ने विधिः

**नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।**

बुद्धं सरणं गच्छामि
धम्मं सरणं गच्छामि
संघ सरणं गच्छामि

दुतियम्पि बुद्धं सरणं गच्छामि
दुतियम्पि धम्मं सरणं गच्छामि
दुयिम्पि संघ सरणं गच्छामि

ततियम्पि बुद्धं सरणं गच्छामि
ततियम्पि धम्मं सरणं गच्छामि
ततियम्पि संघं सरणं गच्छामि



Downloaded from http://dhamma.digital

# पञ्चसील

१. पाणतिपाता वेरमणी सिक्खापदं समादियामि
२. अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि
३. कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि
४. मुसावादा वेरमणी सिक्खापदं समादियामि
५. सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि

# अष्टसील

१. पाणतिपाता वेरमणी सिक्खापदं समादियामि
२. अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि
३. अब्रम्हचरिया वेरमणी सिक्खापदं समादियामि
४. मुसावादा वेरमणी सिक्खापदं समादियामि
५. सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि
६. विकाल भोजना वेरमणी सिक्खापदं समादियामि
७. नच्च गीत वादित विसूकदस्सनं माला गन्ध विलेपन धारण मण्डन विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि
८. उच्चासयना महासयना वेरमणी सिक्खापदं समादियामि



Downloaded from http://dhamma.digital

# बुद्ध वन्दना

**इतिपि सो भगवा अरहं सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदु, अनुत्तरो पुरिसदम्म सारथी सत्था देवमनुस्सान बुद्धो भगवंति ।**

नमो तस्स सम्मासम्बुद्धस्स
ये च बुद्धा अतीता च ये च बुद्धा अनागता
पच्चुपन्ना च ये बुद्धा अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं
एतेन सच्च वज्जेन होतु मे जयमंगलं
उत्तमङ्गेन वन्देहं पादपंसु वरुत्तमं
बुद्धे यो खलितो दोस्रो बुद्धो खमतु तं ममं
बुद्धं जीवित परियन्त सरणं गच्छामि

Dhamma.Digital

# धम्म वन्दना

**स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूहीति ।**

नमो तस्स नियानिकस्स धम्मस्स



Downloaded from http://dhamma.digital

ये च धम्मा अतीता च ये च धम्मा अनागता
पच्चुपन्ना च ये धम्मा अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं
एतेन सच्च बज्जेन होतु ते जयमंगलं
उत्तमङ्गेन वन्देहं धम्मञ्च दुविधं वरं
धम्मे यो खलितो दोस्रो धम्मो खमतु तं ममं
धम्मं जीवित परियन्तं सरणं गच्छामि

## संघ वन्दना

**सुपतिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा ति ।**

नमो तस्स अट्ठारिय पुग्गला महासंघस्स
ये च संघा अतीता च ये च संघा अनागता
पच्चुपन्ना च ये संघा अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं संघो मे सरणं वरं
एतेन सच्च वज्जेन होतु मे जयमंगलं



Downloaded from http://dhamma.digital

उत्तमङ्गेन वन्देहं संघञ्च तिविधुत्तमं
संघे यो खलितो दोस्रो संघो खमतु तं ममं
संघं जीवित परियन्तं सरण गच्छामि

## जल पूजा

अधिवासेतु नो भन्ते पानीयं उपनामितं
अनुकम्पं उपादाय पटिगण्हातु मुत्तमं

## खाद्य पूजा

अधिवासेतु नो भन्ते खज्जकं उपनामितं
अनुकम्पं उपादाय पटिगण्हातु मुत्तमं

## फलफुल पूजा

अधिवासेतु नो भन्ते फलानि उपनामितं
अनुकम्पं उपादाय पटिगण्हातु मुत्तमं

Dhamma.Digital

## पुष्प पूजा

वण्ण गन्ध गुणोपेतं एतं कुसुम सन्ततिं
पूजयामि मुनिन्दस्स सिरिपाद सरोरूहे

पूजेमि बुद्धं कुसुमेन नेन पुञ्ञेन मेतेन च होतु मोक्खं
पुप्फं मिलायाति यथा इदमे कायो तथा याति विनास भावं



Downloaded from http://dhamma.digital

## सुगन्ध धूप पूजा

गन्धसम्भार युत्तेन धूपेनाहं सुगन्धिना
पूजये पूजेनेय्यानं पूजा भाजन मुत्तमं

## प्रदीप पूजा

घनस्सारप्पदित्तेन दीपेन तमधंसिना
तिलोकदीपं सम्बुद्धं पूजयामि तमोनुदं

## चैत्य पूजा

वन्दामि चेतियं सब्बं सब्ब ठानेसु पतिट्ठितं
सारीरिक धातु महाबोधिं बुद्धरूपं सकलं सदा

## क्षमा याचना

कायेन वाचा चित्तेन पमादेन मया कतं
अच्चयं खम मे भन्ते भूरिपञ्ञो तथागत

## आशिका

इमाय बुद्ध पूजाय कताय सुद्ध चेतसा
चिरं चिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा



Downloaded from http://dhamma.digital

इमाय बुद्ध पूजाय यं पुञ्ञ पसुतं मया
सब्बं तं अनुमोदित्वा सब्बेपि तुट्ठमानसा

पुरेत्वा दानसीलादि सब्बापि दसपारमी
पत्वा यदिच्छितं बोधिं फुसन्तु अमतं पदं

## धर्माचरण पूजा

इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि
इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि
इमाय धम्मानुधम्म पटित्तिया संघं पूजेमि
अद्धा इमाय पटिपत्तिया, जाति जरा
व्याधि मरणम्हा परिमुञ्चिस्सामि

## प्रार्थना

इमिना पुञ्ञ कम्मेन मामे बाल समागमो
सतं समागमो होतु यावनिब्बान पत्तिया
इदम्मे पुञ्ञं आसवक्खया वहं होतु
इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु
इदम्मे पुञ्ञं सब्बे सत्ता अनुमोदन्तु

पञ्चस्कन्ध धका धया तल तने



Downloaded from http://dhamma.digital

प्यंगुं महा भूतया
रुपं रुप चायाव गुलीध्व
संज्ञा धका धइतलं
चा याहे जक थुगु स्वभाव गुली ख
संग्वेदना जुवन
थु:गु सिक्व स्वभाव धर्म यात
विज्ञान धागु जुल ।
प्राणी पिंन्त मैत्रि चिंत्ता सुखि जुइमा धये च्वना
सर्प बिच्छे विसंजापिं मनं मैत्रि तया च्वना

## शरण

बुद्धया शरण वया धर्मया शरण वया ।
संघया शरण वया जि, मेव मदु शरण गुरू ।।धु।।
ज्वनातया सांसारिक बस्तु सुख ज्वीगु आशं
सुखी ज्वीगु गन लोकय् स्थिर मदु छुं नं ।।१।।
खना लोकसं दयावक्व हे फुनावंगु क्रमशं ।
दयावया नं फ्वी दै, गन थव यत्थे ।।२।।
छुं हे सार मदु थन जिं खन मिथ्या न्हां दक्व हे ।
कयां कयागु फुसुलु सुख जुइ थन लोकय् ।।३।।



Downloaded from http://dhamma.digital

हेतुं हे जक लोकय् सकतां दैवःगु संसार ।
हेतुबिना मदु छुं नं, दुसा वहे निर्वाण ।।४।।
असार लोकय् सुखया आश शान्ति मजू गबलें ।
शान्ति दैगुया आशं वया गुरू शरण् ।।५।।
महाप्रज्ञा ज्ञानविना नं जीवन फुइ सितिकं ।
उकिं जि गुरूया शरणय् वया फुकं त्वलता ।।६।।

## ९. करणीय मेत्त सुत्तं

करणीयमत्थकुसलेन, यं तं सन्तं पदं अभिसमेच्च ।
सक्को उजू च सूहुजु च, सुवचो चस्स मुदु अनतिमानी ।।१।।
सन्तुस्सको च सुभरो च, अप्पकिच्चो च सल्लहुकवुत्ति ।
सन्तिद्रियो च निपको च, अप्पगब्भो कुलेसु अननुगिद्धो ।।२।।
न च खुद्दं समाचरे किञ्चि, येन विञ्ञू परे उपवदेय्युं ।
सुखिनो वा खेमिनो होन्तु, सब्बे सत्ता भवन्तु सुखितत्ता ।।३।।
ये केचि पाण भूतत्थि, तसा वा थावरा वा अनवसेसा
दीघा वा ये महन्ता वा, मज्झिमा रस्सका अणुकथूला ।।४।।
दिट्ठा वा ये व अदिट्ठा, ये च दूरे वसन्ति अविदूरे ।
भूता वा सम्भवेसी वा, सब्बे सत्ता भवन्तु सुखितत्ता ।।५।।
न परो परं निकुब्बेथ, नातिमञ्ञेथ कत्थचि नं कञ्चि ।
ब्यारोसना पटिघसञ्ञा, नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य ।।६।।
माता यथा नियं पुत्तं, आयुसा एक पुत्तमनुरक्खे ।



Downloaded from http://dhamma.digital

एवम्पि सब्बभूतेसु, मानसं भावये अपरिमाणं ॥७॥
मेत्तञ्च सब्बलोकस्मिं, मानसं भावये अपरिमाणं ।
उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेरं असपत्तं ॥८॥
तिट्ठं चरं निसिन्नो वा, सयानो वा याव तस्स विगतमिद्धो ।
एतं सतिं अधिटठेय्य, ब्रह्ममेतं विहारं इधमाहु ॥९॥
दिट्ठिञ्च अनुपगम्म सीलवा, दस्सनेन सम्पन्नो ।
कामेसु विनेय्य गेधं, नहि जातु गब्भसेय्यं पुनरेतीति ॥१०॥

## २२ धम्मचक्कप्पवत्तन सुत्तं

एवं मे सुतं एकं समयं भगवा, वाराणसियं विहरति इसिपतने मिगदाये । तत्र खो भगवा पञ्चवग्गिये भिक्खू आमन्तेसि ।

द्वे मे भिक्खवे ! अन्ता पब्बजितेन न सेवितब्बा । यो चायं कामेसु कामसुखल्लिकानुयोगो हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो । यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो । एते ते भिक्खवे ! उभो अन्ते अनुपगम्म मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय अभिञ्ञाय सम्बोधाय निब्बानाय संवत्तति ।

कतमा च सा भिक्खवे मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय अभिञ्ञाय सम्बोधाय निब्बानाय संवत्तति ? अयमेव अरियो अट्ठङ्गिको



Downloaded from http://dhamma.digital

मग्गो । सेय्यथीदं ? सम्मादिट्ठि सम्मासङ्कप्पो सम्मानवाचा सम्मानकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि । अयं खो सा भिक्खवे मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय अभिञ्ञाय सम्बोधाय निब्बानाय संवत्तति ।

इदं खो पन भिक्खवे दुक्खं अरियसच्चं । जातिपि दुक्खा जरापि दुक्खा ब्याधिपि दुक्खो मरणम्पि दुक्खं अप्पियेहि सम्पयोगो दुक्खो पियेहि विप्पयोगो दुक्खो यम्पिच्छं न लभति तम्पि दुक्खं । संचित्तेन पञ्चुपादानक्खन्धा दुक्खा ।

इदं खो पन भिक्खवे दुक्खसमुदयं अरियसच्चं । यायं तण्हा पोनोभविका नन्दिरागसहगता तत्र तत्राभिनन्दिनी । सेय्यथीदं ? कामतण्हा भवतण्हा विभवतण्हा ।

इदं खो पन भिक्खवे दुक्खनिरोधं अरियसच्चं । यो तस्सायेव तण्हाय असेसविरागनिरोधो चागो पटिनिस्सग्गो मुत्ति अनालयो ।

इदं खो पन भिक्खवे दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चं । अयमेव अरियो अट्ठङ्गिको मग्गो । सेय्यथीदं ? सम्मादिट्ठि सम्मासङ्कप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि ।

इदं दुक्खं अरियसच्चन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खं अरियसच्चं



Downloaded from http://dhamma.digital

परिञ्ञेय्यन्ति मे भिक्खवे पुब्बे अननुस्तेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खं अरियसच्चं परिञ्ञचतन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि ।

इदं दुक्खसमुदयं अरियसच्चन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खसमुदयं अरियसच्चं पहातब्बन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खसमुदयं अरियसच्चं पहीनन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदिपादि विज्जा उदपादि आलोको उदपादि ।

इदं दुक्खनिरोधं अरियसच्चन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उद्पादि आलोको उदिपादि । तं खो पनिदं दुक्खनिरोधं अरियसच्चं सच्छिकातब्बन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खनिरोधं अरियसच्चं सच्छिकतन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा



Downloaded from http://dhamma.digital

उदपादि विज्जा उदपादि आलोको उदपादि ।

इदं दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चन्ति मे भिक्खवे पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि आलोको उदपादि । तं खो पनिदं दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चं भावेतब्बन्ति मे भिक्खवे पुब्बे अननस्सुतेसु धम्मेसु चक्खुं उदपादि ञाणं उदपादि पञ्ञा उदपादि विज्जा आलोको उदपादि ।

यावकीवञ्च मे भिक्खवे इमेसु चतूसु अरियसच्चेसु एवं तिपरिवट्टं द्वादसाकारं यथाभूतं ञाणदस्सनं न सुविसुद्धं अहोसि । नेव तावाहं भिक्खवे सदेवके लोके समारके सब्रह्मके सस्समण-ब्राह्मणिया पजाय सदेवमनुस्साय अनुत्तरं सम्मासम्बोधिं अभिसम्बुद्धोति पच्चञ्ञासिं ।

यतो च खो मे भिक्खवे इमेसु चतूसु अरियसच्चेसु एवं तिपरिवट्टं द्वादसाकारं यथाभूतं ञाणदस्सनं सुविसुद्धं अहोसि । अथाहं भिक्खवे सदेवके लोके समारके सब्रह्मके सस्समण ब्राह्मणिया पजाय सदेवमनुस्साय अनुत्तरं सम्मासम्बोधिं अभिसम्बुद्धोति पच्चञ्ञासिं । ञाणञ्च पन मे दस्सनं उदपादि । अकुप्पा मे चेतोविमुत्ति । अयमन्तिमा जाति । नत्थिदानि पुनब्भवोति ।

इदमवोच भगवा अमत्तना पञ्चवग्गिया भिक्खू भगवतो भासितं अभिनन्दुन्ति । इमस्मिञ्च पन वेय्याकरणस्मिं भञ्ञमाने आयस्मतो कोण्डञ्ञस्स विरजं वीतमलं धम्मचक्खुं उदपादि ।



Downloaded from http://dhamma.digital

यं किञ्चि समुदयधम्मं सब्बं तं निरोधधम्मन्ति ।

पवत्तिते च पन भगवता धम्मचक्के भुम्मा देव सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

चातुम्महाराजिकानं देवानं सद्दं सुत्वा तावतिंसा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

तावतिंसानं देवानं सद्दं सुत्वा यामा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

यामानं देवानं सद्दं सुत्वा तुसिता देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

तुसितानं देवानं सद्दं सुत्वा निम्माणरति देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

निम्माणरतिनं देवानं सद्दं सुत्वा परनिम्मितवसवत्ति देवा



Downloaded from http://dhamma.digital

सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

परनिम्मितवसवत्तिनं देवानं सद्दं सुत्वा ब्रह्मपारिसज्जा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

ब्रह्मपारिसज्जानं देवानं सद्दं सुत्वा ब्रह्मपुरोहिता देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

ब्रह्मपुरोहितानं देवानं सद्दं सुत्वा महाब्रह्म देवा सद्दमनुस्सावेसुं । एत. भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

महाब्रह्मानं देवानं सद्दं सुत्वा परित्ताभा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

परित्ताभानं देवानं सद्दं सुत्वा अप्पमाणभा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन



Downloaded from http://dhamma.digital

वा देवेन वा मारेन ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

अप्पमाणभानं देवानं सद्दं सुत्वा आभस्सरा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

आभस्सरानं देवानं सद्दं सुत्वा परित्तसुभा देवा सद्दमनुस्सावेसुं । एतं भगष्वता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

परित्तसुभानं देवानं सद्दं सुत्वा अप्पमाणसुभा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

अप्पमाणसुभानं देवानं सद्दं सुत्वा सुभकिण्णका देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

सुभकिण्णकानं देवानं सद्दं सुत्वा वेहप्फला देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

वेहप्फलानं देवानं सद्दं सुत्वा अविहा देवा सद्दमनुस्सावेसुं ।



Downloaded from http://dhamma.digital

एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

अविहानं देवानं सद्दं सुत्वा अतप्पा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

अतप्पानं देवानं सद्दं सुत्वा सुदस्सा देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटित्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा कब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

सुदस्सानं देवानं सद्दं सुत्वा सुदस्सी देवा सद्दमनुस्सावेसुं । एतं भगवता वाराणसियं इसिपतने मिगदाये अनुत्तरं धम्मचक्कं पवत्तितं अप्पटिवत्तियं समणेन वा ब्राह्मणेन वा देवेन वा मारेन वा ब्रह्मुना वा केनचि वा लोकस्मिन्ति ।

इतिह तेन खणेन तेन मुहुत्तेन याव ब्रह्मलोका सद्दो अब्भुग्गञ्छि । अयञ्च दससहस्सो लोकधातुं सङ्कम्पि सम्पकम्पि सम्पवेधि । अप्पमाणे च उलारो ओभासो लोके पातुरहोसि अतिक्कम्म देवानं देवानुभावन्ति ।

अथ खो भगवा इमं उदानं उदानेसि । अञ्ञासि वत भो कोण्डञ्ञो, अञ्ञासि वत भो कोण्डञ्ञोति । इति हिदं आयस्मतो कोण्डञ्ञस्स अञ्ञाकोण्डञ्ञो त्वेव नामं अहोसीति ।



Downloaded from http://dhamma.digital

सब्बीतियो विवज्जन्तु सब्ब रोगो विनस्सतु
मा ते भवंत्वन्तरायो सुखी दीघायुको भव

भवतु सब्ब मंगलं रक्खन्तु सब्ब देवता
सब्ब बुद्धानुभावेन सदा सोत्थि भवन्त ते

सवतु सब्ब मंगलं रक्खन्तु सब्ब देवता
सब्ब धम्मानुभावेन सदा सोत्थि भवन्तु ते

भवतु सब्ब मंगलं रक्खन्तु सब्ब देवता
सब्ब संघानुभावेन सदा सोत्थि भवन्तु ते

| | | | | |
|---|---|---|---|---|
| पूर्व दिसाय् च्वँपी प्राणी पिं | सकंले | सुखि | जुइमा | दुःख मदयेमा |
| दक्षिण | ,, | ,, | ,, | ,, |
| पश्चिम | ,, | ,, | ,, | ,, |
| उत्तर | ,, | ,, | ,, | ,, |
| प्यकुने | ,, | ,, | ,, | ,, |
| च्वयेू | ,, | ,, | ,, | ,, |
| क्वेय् | ,, | ,, | ,, | ,, |
| गुरु माँ बउ सकला प्राणी पि | ,, | ,, | ,, | ,, |

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# पुण्यानुमोदना

इदं नो ञातिनं होतु सुखिता होन्तु ञातयो
इदं नो ञातिनं होतु सुखिता होन्तु ञातयो
इदं नो ञातिनं होतु सुखिता होन्तु ञातयो

एत्तावता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं
सब्बे देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया
एत्तावता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं
सब्बे सत्ता अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया
एत्तावता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं
सब्बे भूता अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया

अर्थः- उनी भगवान् अर्हत सम्यक्सम्बुद्धलाई नमस्कार ।

(तीनबार भन्ने)



Downloaded from http://dhamma.digital

## त्रिशरण जाने:-

**अर्थ:-** म बुद्धको शरण जान्छु । म धर्मको शरण जान्छु । म संघको शरण जान्छु । दुतियवार...... तुतीयबार...... ।

## पंचशीलको अर्थ:-

१) मैले प्राणीहरूलाई हिंसा गर्नुबाट रहित भै बस्छु भन्ने शिक्षा धारण गर्छु

२) मैले अर्काको चीज लोभ चित्तले आफैले हात हाली लिन्नं भन्ने शिक्षा धारण गर्छु ।

३) मैले आफ्नो विवाहिता स्त्री वा पुरूष छाडी अरू स्त्री वा पुरूषसँग गमन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

४) मैले असत्य भुठ बोलि बोल्दिन भन्ने शिक्षा धारण गर्छु ।

५) मैले रक्सी, गाँजा, अफीम आदि बेहोश (प्रमाद) हुने चीज सेवन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

## अष्टशील पालन गर्ने विधि :-

पहिले भगवान् बुद्धलाई तीन पटक नमस्कार गर्नु र विधिवत त्रिशरण गइसकेपछि तल लेखिएको अष्टशील अधिष्ठान गर्नु ।

## अष्टशीलको अर्थ :-

१) मैले प्राणीहरूलाई हिंसा गर्नुबाट रहित भै बस्छु भन्ने



Downloaded from http://dhamma.digital

शिक्षा धारण गर्नु ।

२) मैले अर्काको चीज लोभ चित्तले आफैले हात हाली लिन्न भन्ने शिक्षा धारण गर्छु

३) मैले अब्रम्हचारी नहुन शिक्षा धारण गर्छु ।

४) मैले असत्य झुठ बोली बोल्दिन भन्ने शिक्षा धारण गर्छु ।

५) मैले रक्सी, जाँड, गाँजा, अफीम आदि बेहोश हुने चीज सेवन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

६) मैले विकाल (मध्यान्ह पछि) भोजन नगर्ने शिक्षा धारण गर्छु ।

७) नाच्ने, गाउने, बाजा बजाउने, नाना प्रकारको तमासा हेर्ने, माला, सुगन्ध लेपन गर्ने धारण गर्नु, मण्डन गर्नु नानाप्रकारले अलंकृत गर्ने आदिबाट अलग हुने शिक्षा धारण गर्छु ।

८) अग्लो आसन रणमहान आसनमा नबस्ने नसुत्ने शिक्षा धारण गर्छु

## बुद्ध वन्दनाको अर्थः-

उनी भगवान् अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार ।

उनी भगवान् अरहं-ब्रम्हादिदेव मनुष्यहरूले पूजा गर्न योग्य होइबक्सेको राग द्वेषादि सम्पूर्ण शत्रुलाई दमन गरी सक्नु भएको,



Downloaded from http://dhamma.digital

कहिल्यै गुप्तपाप नगरी बक्सेको । सम्मा सम्बुद्धो - सम्पूर्ण धर्मलाई निशेष रूपले स्वयं जानेर ग्रहण गरी बक्सनुभएको । विज्जाचरण सम्पन्नो-तीन विद्या, आठ विद्या, पन्ध्र चरणले सम्पूर्ण होइबक्सेको । सुगती-मृत्यु हुनुबाट रहित भैरहेको निर्वाण नगरमा राम्रोसँग गमन गर्नुभएको । लोकविदु-सत्तलोक, संखारलोक, आकास सारथि-देव मनुष्य तिर्थक र नेनेय्य प्राणीहरूलाई असदि (बेजोड) रूपले सम्य हुने गरी दमन गरी बक्सन सारथी समान होइबक्सेको । सत्था देव मनुस्समानं- ब्रम्हा देव मनुष्यहरूको शास्ता गुरू होइबक्सेको । बुद्धो-चतुरार्य सत्यलाई भिन्न भिन्न गरी छुट्याई जानी बक्सेको । भगवा-६ प्रकारको भाग्य र अनन्त गुणले सम्पन्न होइबक्सेको हुनुहुन्छ ।

त्यस्ता उनी सम्यक्सम्बुद्धलाई नमस्कार । पहिले होइबक्सेका बुद्धहरू, पछि होइबक्सने बुद्धहरू र अहिले हुनुभएका बुद्धहरूलाई पनि मैले सधैं बन्दना गर्दछु ।

बुद्ध बाहेक मलाई अरू शरण छैन, बुद्ध नै उत्तम शरण हो । यो सत्य बचनको प्रभावले मलाई जय मङ्गल होस् । उनको पाउको धूलोलाई पनि म श्रेष्ठोतम सम्झेर शीरले बन्दना गर्दछु । यदि बुद्ध प्रति केही अपराध गरी राखेको भए त्यसलाई बुद्धले क्षमा गर्नुहोस् ।

**जीवन छउन्जेल म बुद्धको शरणमा जान्छु ।**

## धर्मवन्दनाको अर्थ :-

उनी भगवान् बुद्धले देशना गर्नु भएको धर्म स्वाक्खातो आदि मध्य अन्तसम्म कल्याण हुने रूपले देशना गर्नु भएको ।



Downloaded from http://dhamma.digital

सन्दिट्ठिको-यहाँको यहि नै फल दिने अथवा आर्यपुद्गलहरूले आफैले साक्षात्कार गर्न योग्य भएको । अकालिको-समय नबित्दै फल प्राप्त हुने । एहिपस्सिको -आएर हेर भनीकन बोलाई देखाउन योग्य भएको । ओपनयिको -आर्यहरूलाई निर्वाणसम्म पुऱ्याइदिने । पच्चंत्तं वेदितब्बो विञ्ञुहिति-विद्वान्हरूले अलग अलग छुट्याई आफैले अनुभव गरेर जानी बुझी लिन सकिने भएको हो । त्यस्तो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार । पहिले भएको धर्मलाई, पछि हुने धर्मलाई र अहिले भएको धर्मको पनि मैले सदैव वन्दना गर्दछु । धर्म बाहेक अरू मेरो शरण छैन । धर्म नै मेरो उत्तम शरण हो । यो सत्य वचनको प्रभावले मलाई जय मङ्गल होस् ।

लौकिक र लोकोत्तर रूपले दुई प्रकारले पनि उत्तम भएको धर्मलाई म शीरले वन्दना गर्दछु । यदि धर्मप्रति केही अपराध गरी राखेको भए त्यस्लाई धर्मले क्षमा गर्नुहोस् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

जीवन छउन्जेल म धर्मको शरणमां जान्छु ।

## संघ वन्दनाको अर्थः-

उनी भगवान् बुद्धका श्रावक संघहरू, सुपटिपन्नो जस्तो उपदेश गर्नुभएको हो त्यस्तै आचरण गर्नुहुने । उजुपटिपन्नो-सोझो आचरण गर्नुहुने । ञायपटिन्नो-निर्वाणको हेतुले आचरण गर्नु हुने । सामीचिपटिपन्नो-आदर सत्कार गर्न योग्य हुने रूपले आचरण गर्नुहुने । यस्ता मार्ग चार र फल चारका हिसाबले जुन चार जोडा उत्तम पुरूषहरू हुनुहुन्छ, वहाँहरू एक एकको हिसाबले आठ जना पुद्गलहरू हुनुहुन्छ । वहाँहरू आहुनेय्यो-आवाहन गर्न योग्य हुनुहुन्छ । पाहुनेय्यो-पाहुना सत्कार गर्न योग्य हुनुहुन्छ । दक्खिनेय्यो-निर्वाणसम्मको विश्वास राखी दिएको दानलाई ग्रहण गर्न योग्य हुनुहुन्छ । अञ्जलिकरणीयो-उत्तम फल दिने आशाले हात जोडी बिन्ति गर्न योग्य हुनुहुन्छ । अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स-ब्रम्ह, देव, मनुष्य तीनै लोकको वेजोड भएको पुण्रूपी बिउ रोप्नु अति उत्तम खेत समान हुनुहुन्छ ।

त्यस्ता आठ पुद्गल महासंघहरूलाई नमस्कार । पहिले हुनु भएका संघहरू, पछि हुने संघहरू र अहिले हुनुभएका संघहरूलाई पनि म सधैं वन्दना गर्दछ ।

संघ बाहेक अरू मेरो शरण छैन, संघ नै उत्तम शरण हो । यो सत्य वचनको प्रभावले मलाई जय मङ्गल होस् ।

तीन प्रकारले उत्तम संघहरूलाई म शीरले वन्दना



Downloaded from http://dhamma.digital

गर्दछु । यदि संघप्रति कुनै अपराध गरिराखेको भए त्यसलाई संघले क्षमा गर्नुहोस् ।

**जीवन छउन्जेल म संघको शरणमा जान्छु ।**

## जत पूजाको अर्थः-

भो भगवान् ! हजुरलाई पिउने पानी चढाउँदैछु । स्वीकार गर्नुहोस् हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ॥

## खाद्य - पूजाको अर्थः-

यो भगवान् ! हजुरलाई खाद्य पदार्थ चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## फलफुल पूजाको अर्थः-

भो भगवान् ! हजुरलाई फलफुल चढाउँदैछु, स्वीकार गर्नुहोस् । हामी माथि अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## दीप पूजाको अर्थः-

त्रिलोकमा प्रकाश हुनुभएका सम्यक् सम्बुद्धलाई अन्धकार नाश गर्ने चन्दनादिको यो प्रदीपद्वारा पूजा गर्दछु ।

## पुष्प पूजाको अर्थः-



Downloaded from http://dhamma.digital

वर्ण र सुगन्धले युक्त भएको यो फूलद्वारा मुनिन्द्र भगवान् बुद्धको चरणमा पूजा गर्दछु । यो पुष्पद्वारा बुद्धलाई पूजा गर्दछु । यस्को पुण्यले मलाई मोक्ष होस् । यो फूल सुकेर गए झैं यो मेरो शरीर पनि विनाश भएर जानेछ ।

## धूप पूजाको अर्थः-

पूजा गर्नलाई उत्तम पात्र हुनुभएका उनी पूजनीय भगवान् बुद्धलाई यो सुगन्ध युक्त धूपद्वारा पूजा गर्दछु ।

## चैत्य वन्दनाको अर्थः-

सबै ठाउँमा प्रतिष्ठित भैराखेका चैत्यहरूलाई तथा भगवान् बुद्धका पवित्र धातुलाई अनि महाबोधि बृक्षलाई र बुद्ध स्वरूपलाई पनि मैले सधैं वन्दना गर्दछु ।

## क्षमा याचनाको अर्थः-

भो भगवान् ! यदि मैले काय वाक् र चित्तद्वारा प्रमादवश कुनै अपराध गरिराखेको भए गम्भीर प्रज्ञ हुनुभएका हजुर तथा गतले मलाई क्षमा गर्नुहोस् ।

## आशिकाको अर्थः-

शुद्ध चित्तद्वारा गरेको यो बुद्ध पूजाद्वारा प्राप्य भएकोपुण्य



Downloaded from http://dhamma.digital

प्रभावले तथागतको सद्धर्म चिरस्थायी होस् । सम्पूर्ण लोक सुखी होस् ।

यो बुद्ध पूजाद्वारा मलाई जति पनि पुण्य लाभ भएको छ, ती सबै पुण्य देखी सन्तुष्ठ भैकन सबैले अनुमोदन गरून् ।

दान शील आदि दशपारमिता सबै पूर्ण गरी आफ्नो इच्छानुसार उत्तम बोधि प्राप्त गरी निर्बाण सुख प्राप्त होवोस् ।

## प्रतिपत्ति पूजाको अर्थः-

यो धर्मानुकूल भएको धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दछु । यो धर्मानुकुल भएको धर्माचरण दारा धर्मलाई पूजा गर्दछु । यो धर्माचरणद्वारा अवश्य नै म जन्म जरा व्याधि मरणबाट मुक्त हुनेछु ।

## कामनाको अर्थः-

यो पुण्यको प्रभावले मूर्खजनहरूको संगत गर्न नपरोस्, निर्वाणलाभ नहोऊन्जेल सत्पुरूषहरूकै सत्संगत गर्न परोस् ।

यो मेरो पुण्यद्वारा आश्रव क्षय होवोस् ।
यो मेरो पुण्य निर्वाणको हेतु होवोस् ।
यो मेरो पुण्यद्वारा सम्पूर्ण सत्वहरू सुखी होवोस् ।



Downloaded from http://dhamma.digital

# पुणनुमोदनाको अर्थः-

यो मेरो पुण्य मेरा ज्ञातिहरूलाई प्राप्त होस् । यो पुण्यको प्रभावले तिनीहरूलाई सुख मिलोस् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण देवताहरूले अनुमोदन गरून् । सबै प्रकारको सम्पत्ति सिद्ध होवोस् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण सत्वहरूले अनुमोदन गरून् ।

सबै प्रकारको सम्पत्ति सिद्ध होवोस् ।

अहिलेसम्म हामीले प्राप्त गर्दै आएको पुण्य सम्पत्तिलाई सम्पूर्ण भूत (प्राणी) हरूले अनुमोदन गरून् । सबै प्रकारको सम्पत्ति सिद्ध होवोस् ।

**साधु ।　　　　साधु ।　　　　साधु ।**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रेम र घृणा

प्रेम-माया भन्नु कसैप्रति जागृत एक प्रकारको आशक्ति हो । कसैको मन कसैप्रति आकर्षित हुन गई चाहनु र आफ्नो बनाउने इच्छा जागृत हुनु वा अन्तमा संगै बस्ने र जीवन बिताउने चाहना वा आशा उत्पन्न हुनुलाई प्रेम-माया भनिन्छ भन्दा अत्युक्ती नहोला । धर्मानुसार यो एक सांसारिक भवचक्रमा बाधिराख्ने 'मनोभाव' हो । यस मनोभाव सर्वव्यापि छन् कुनै न कुनै मनको गइराइसम्म पुग्ने र पुग्नसक्ने यो मनोभाव घनिभूत (उपादान) भई एक जाति जन्मवाट अर्को जाति जन्ममा जाने अतिक्रमण गर्ने हुन्छ भने यो अनन्तसम्म पनि प्रवाह हुन सक्दछ । त्यो स्वाभाविक, सुलभ र निरन्तर देख्न सुन्न पनि सकिन्छ ।

कुनै एक जन्ममा कुनै एक व्यक्तिप्रति जागृत प्रेम-माया त्यस जन्म पछि पनि गरिरहने हुन्छ । तर दुई बीचको प्रेम-मायाको असमानता, स्वाभाविक भिन्नता र गाढापनाको फरकले गर्दा अर्को जन्मसम्ममा पुग्दा दुर्वल हुनगई यस जन्ममा जस्तै अर्को जन्ममा पनि संगै जीवन बिताउने अवस्था सृजना नहुन



Downloaded from http://dhamma.digital

सक्दछ । फेरी आ-आफ्नो कर्मानुसार त्यस व्यक्ति अर्को जन्ममा नभेट्न पनि सक्दछ । त्यसरी केही जन्महरूसम्ममा पनि भेट नभएको खण्डमा त्यो प्रम-माया दुर्वल भएर जाने हुन्छ ।

पहिलेको जन्ममा कुनै स्त्रीलाई माया गरेको पुरूष वा त्यस स्त्री यस जन्ममा दुई भिन्दा भिन्दै देशमा वा ठाउँमा जन्म भएपनि नभेट्न सक्दछ । फेरी एक जनाले मनुष्यभाव प्राप्त गरी बसेर अर्कोले अन्य आत्माभाव प्राप्त गरी सबैको खण्डमा वा दुईमध्ये एकले मनुष्यभाव प्राप्त नगरी केहि समय बितेको खण्डमा पनि भेट नहुन सक्दछ । यसरी दुई प्रेमी-प्रमिका बीच कुनै न कुनै कारणले गर्दा फेरी धेरै अवधिसम्म भेट नभई रहेमा आफ्नो पूर्व प्रेमी वा प्रेमीका छुट्टीने हुन्छ । यस अन्तरालमा अरू नयां प्रेमी वा प्रेमीकासँग साथ बिताउने अवस्था सृजना हुन जान्छ । नयाँ प्रेमी वा प्रेमिका छुट्टीने हुन्छ । नयाँ प्रेमी व्रा प्रेमिकाका साथ जीवन बिताउँदा केहि गरी पूर्व प्रेमी वा प्रेमिकासंग भेट भएको खण्डमा त्रिकोणीय प्रेम बन्न जान्छ र धेरै विपत्ति पनि आई पर्ने हुन सक्दछ । आजकल देख्न सुन्नमा आएका त्यस्ता केहि घटनाहरूले यस तथ्यलाई स्पष्ट पार्दछ । जस्तै छोरा,छोरी भएकाहरू पनि जोइल पोईल गएका समाचारहरू, एक भन्दा बढीसंग आवाह-बिवाह गरेका समाचारहरू र अन्य प्रकारका प्रेम सम्वन्धका प्रसंगहरू लिन सकिन्छ ।

यसरी जन्मान्तरसम्म प्रवाह हुँदै त्रिकोणीय प्रेम प्रसङ्ग बनेको एक घटनाका सम्वन्धमा परीक्षण गरी ाषभ दभतधभभल



Downloaded from http://dhamma.digital

षिभ नामक पुस्तकमा एक रोचक घटना यसरी प्रस्तुत गरिएको छ । प्रेम उंपादान संयुक्तिसंगै जोडिएर कालान्तरसम्म प्रवाह हुन्छन् । भएको हुन्छ भन्ने तथ्य यस सत्य घटनाले प्रस्तुत पार्दछ । अहिले क्यालिफोर्निया अमेरिकामा बस्ने गरी पेनिन्टन नामक नैतिक मनोबैज्ञानिकलाई घटेको घटना हो ।
मिस्तर गरी एजाम को लागि पर्येक्षणमा निरत् अवस्थामा मिस एलिजावेथसंग भेट भएछ । छोटो चिनापर्चि पछि नै उनीहरू प्रेमी-प्रेमिका बन्न पुगेछ । केहि समय पछि उनीहरूका बीच विवाह पनि भए । विवाह पछि पनि ती दुई एक अर्कालाई अति नै माया गर्ने एक प्रेम जोडिको रूपमा माथि भाईका बीच चिनिने भएछ । उनीहरूको अगाध मायाको सम्वन्ध अरूहरूलाई ईर्ष्या जगाउने किसिमले धेरै समयसम्म पनि कायम रहि आएको रहेछ ।

तर सन् १९८२ को एक क्रिसमस पार्टिमा मिस कोरोलिनसंग गेरीको पहिलो भेटमै मिस कोरोलिन र गैरी बीच पनि प्रेम सम्वन्ध गाँसिए । जुन सम्वन्ध गरीको लागि प्रश्न बनिरहेको थियो । किन कि उ विबाहित त छंदै थियो । त्यसमाथि पनि पतिब्रता, अगाध माया गर्ने श्रीमति छिन् । उसलाई नै थाहा छैन किन उस्ले केरोलिनलाई मन पराउन थाले । यस नयाँ सम्वन्धका विषयमा आफ्नो प्यारी श्रीमति एलिजावेथलाई पनि उस्ले जानकारी गराए । जति कोशिस गरेतापनि यस नयाँ प्रेम सम्वन्धको अन्त्य चाँहि गर्न सकिएन ।



Downloaded from http://dhamma.digital

यसरी गेरीको जीवनमा ठूलो समस्या बन्दै गएको यो त्रिकोणीय प्रेम प्रसंगमा एक दिन अचानक ठूलो झट्का पर्‍यो, जब गेरीको अनुपस्थितीमा सन १९८३-May महिनाको एक रात आफ्नी श्रीमति एलिजावेथ खातमा मुर्छित अवस्थामा सुतिरहेको गेरीले भेट्टाए र परिक्षण पश्चात् यो सावित भयो कि एलिजाबेथले आत्मा हत्या गर्ने कोशिसमा स्लीपिङ्ग ट्याब्लेटको अधिक सेबन गरकी रहेछिन् । उनीलाई बचाउन सफल भएतापनि उनको कुराले झन् गेरी दुखित् हुनु पर्‍यो । उ अब दुविधाको भुमरीमा फसेको थियो । उसले अव एलिजाबेथ वा केरोलिनमध्ये एकलाई चुन्नु पर्ने र अर्कोलाई बिर्सनु पर्ने भयो । आफ्नो गल्तिलाई महशुस गरी पछि श्रीमतिसँग क्षमा याचना गरी फेरी केरोलिनसँग नलाग्ने बाचा गर्‍यो र कहिले पनि केरोलिनलाई भेट्न गएन । उता केहि महिनासम्म पनि गेरीले भेट्न नआउँदा आफूलाई छोडेको कुरा महशुस गरी केरोलिनले पनि प्रेमिको वियोगमा घरमा कोहिपनि नभएको अवस्थामा झुण्डिएर आत्माहत्या गर्ने कोशिस गरेता पनि अचानक घरमा आएका भाईले उन्नलाई बचाउन सफल भए । यो घटना पनि गेरीले थाहा पाए तब फेरी उस्को सामु समाधान गर्न नसकिने प्रश्नको रूपमा खडा भए। आफ्नो भित्री हृदयदेखि उनीहरू दुईजना मध्ये कसैलाई पनि चटक्क बिर्सन सक्ने क्षमता उसमा रहेन । आफु मनाबैज्ञानिक भएता पनि आफुलाई आफ्नो मनलाई के भैरहेको छ भन्ने कुरा उसले बुझ्न सकेन । अनि अरू मनोबैज्ञानिकहरू क्हाँ गएर



Downloaded from http://dhamma.digital

त्यस विषयमा छलफल गरेतापनि ती समकर्ता मनोबैज्ञानिकहरूले पनि कारण पत्ता लगाउन सकेनन् । केहि नलागेपछि सन् १९८४ को मे महिनामा अर्को मनोबैज्ञानिक डा. नी.विटन कहाँ गई आफूलाई मोहनी (जथउय...) लगाई अतीत जन्मजाति सम्वन्धमा अनुसन्धान गर्नको निमित्त उसलाई अनुरोध गऱ्यो । छिपिसकेको व्यक्तिलाई मोहनी लगाई पहिलेको कुरा थाहा पाउन त्यक्तिको सजिलो हुदैन । त्यसमाथि एक मनोबैज्ञानिकलाई क्ष तर पनि तीन महिनाको अथक प्रयास पछि गरिएको त्यस अनुसन्धानको कार्य सफल हुन पुग्यो । उक्त अन्वेषणबाट सम्पूर्ण अतित कथाको उद्घाटन गर्नमा सक्षम भएको मात्र नभई उसँग सम्वन्धित अन्य भ्कन मधुर अतीतका प्रसंगहरूको पर्दाफास गर्न सफल भयो ।

दोस्रो विश्वयुद्धताका गेरी अमेरिकाको पाइलट थियो । सन् १९४४ मा मित्रसेना इटालिमा गएको थियो । त्यसबेला इटालि जनता 'मुसलोर्नि' पालन विरूद्धमा लागिपरेकाले मित्रसेनालाई सहयोग गरेका थिए । भने ती सहयोगीहरूमध्ये इलिन भन्ने एक युवति पनि रहेका थिए । केहि समयभित्र नै ती अमेरिकी पाइलट र ईटाली युवतिवीच प्रेमसम्वन्ध गाँसिन पुग्यो । अन्तमा युद्धसमाप्ती पछि अमेरिकामा गई विवाहबन्धनमा बाँधिसँगै अमेरिकामा जीवन विताउने निर्णय गरियो । तर अचानक एक दिन शत्रुसेनाले अमेरिकी हवाइजहाजलाई खलासी पाइलटलाई पनि मारिदिए । आफ्नो प्रेमी मारिएको उक्त दुःखद



Downloaded from http://dhamma.digital

समाचार सुनि पीडा सहन नसकी प्रेमिकाले पनि एक पर्वतबाट हामफाली आत्महत्या गरिन् । उक्त पाइलट अहिलेको गेरि रहेछ भने उक्त प्रेमिका अहिलेको गेरिको प्रेमीका केरोलिन रहेछ ।

यस त्रिकोणीय प्रेम प्रसंग भएका कारण ती दुई युवतिहरूलाई पनि मोहनी लगाई अन्य कारणहरू थाहा पाउनु पर्ने भयो । त्यसो गर्दा पत्ता लगाईएको विशेष तथ्य के रहेछ भने केरोलिन जाति (जन्म) पाँच वटामा गेरिको प्रिय पत्नि बनि जिवन विताईसकेको रहेछ । यसै प्रभावले गर्दा नै गेरिले बताएको पुर्वजन्ममा केरोलिनले आत्माहत्या गरेका रहेछन् । त्यस्तै यसजन्ममा गेरिको निन्यानुकल पत्नी बनेर बसेको एलिजाबेथ पहिलेको केहि जन्महरूमा गेरिसंग प्रेमसम्वन्ध राखेर गेरिको अबैध श्रीमतिको रूपमा रहेको रहिछन् भने उसकै चाहनामा बसेका युवति रहेछ । तर ती जन्महरूमा एक चोटी पनि निन्यानुकुल पत्नि बन्न नपाएको रहेछ । यसपाली हुन पाउंदा धेरै विश्वासी र पतिब्रता भएकी रहेछ । किनकी जन्मान्तरदेखिको चाहना यसजन्ममा पुरा भएको कारण गर्दा नै रहेछ । त्यस्तै अर्को चाँहि पहिलेका त्यक्तिका जन्महरूमा पत्नि बन्न नपाउँदा वियोगको कारण आत्मा हत्या गर्न पुगेकी रहेछ । यसरी पूर्वजन्महरूमा साँचेका माया प्रितिका कारण वर्तमानमा पनि त्यस सम्वन्ध अचानक एकै नजरमा एकै भेटमा पनि फेरि गाँासिन सक्दछ र त्यसरी नै त्रिकोणीय प्रेम प्रसँगमा फेरी गाँसिन सक्दछ । अतः जुनसुकै अवस्थामा पनि एकजनासंग



Downloaded from http://dhamma.digital

मात्र मायाप्रिति लगाउनाले गेरिको जस्तो समस्याबाट मुक्ति पाउन सक्दछ ।

सिद्धार्थ कुमार र यशोधरा देवी पति-पत्नि, भई जिवन विताएको यस जन्ममा मात्र नभई अनन्तकाल देखि जन्म जमान्तर देखि नै उहाँ दुइजना प्रेमि-प्रेमिका-पति-पत्नि भई जिवन विताउदं आउनु भएको तत्थ्य गौत्तम बुद्धको जीवनी र अतीतकथाका जीवनीहरूको अध्ययन गर्दा पनि प्रष्ट हुन्छ । त्यस्तै नकुलमाता-नकुलपिताको प्रसंग अध्ययन गर्दा ती बद्ध दम्पतिले बुद्धलाई पहिलो पटक देख्नासाथ आफ्नो हराइरहेको छोरो सम्झि बुद्धलाई पुत्रको रूपमा सम्बोधन गरेको र छोराको रूपमा व्यवहार गरेको थियो । यसको रहस्य भिक्षुसंघलाई उदघाटन गर्दै उहाँहरू अतीत ५०० सम्ममा आफ्नै आमा-बुबा, ५०० जन्मसम्ममा आफ्नै बाजे-बज्यै र अर्को ५०० जन्मसम्ममा काका र फुपूको रूपमा जीवन विताई सकेकोले ती प्रेममय सम्वन्धको प्रवाहले गर्दा आज पनि मलाई देख्नासाथ ती बृद्ध दम्पतिलाई छोरा देखे झै पुत्रमोहले आकुल-व्याकुल भई त्यसरी व्यवहार गरेको तथ्य बुझाउनुभएको थियो ।

त्यस्तै नकुलमाता-नकुलपिताको प्रसंग अध्ययन गर्दा एकदित्त बुद्ध समक्ष ती बृद्ध दम्पतिले- "भन्ते, हामी अतीतमा जस्तै यस जन्ममा पनि र परजन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौ अर्थात प्रेमि-प्रमिका, पति -पत्निको रूपमा रहन चाहन्छौ" भन्ने ईच्छा प्रकट गर्दा बुद्धले त्यसको लागि सन्तुलित मन र



Downloaded from http://dhamma.digital

चेतना आवश्यक हुने तत्थ्य व्यक्त गरी भन्नुभएको छ कि दुबैमा समानरूपले आजीवन समश्रद्धा, समशील, समत्याग र समप्रज्ञा हुनुपर्दछ । यसरी दुर्बमा समानरूपले यी चार कुराहरू जीवनपर्यन्त रहि रहेमा भविष्यमा पनि परस्पर हेर्न र देख्न अर्थात पति-पत्नि, प्रेमि-प्रेमिकाको रूपमा रहन-बस्न सक्ने हुन्छ ।
यसरी कारणाकारण खुल्न र खुलाउन नसकिएतापनि अतीत घटनाका प्रभावले त्यस्ता घटनाहरू घटिने अवस्था वर्तमान समयमा अप्रमाण हुन सक्दछ ।

प्रेम जस्तै घृणा पनि जन्म-जन्मान्तरसम्म प्रभाव हुने अर्को मनोभाव हो । बुद्धकालीन काली यक्षिणीको कथाले यसलाई राम्ररी प्रष्ट्याउँदछ । श्रावस्थीको एक कुलका एक्लो छोरालाई उनका आमाबुबाले विवाह गरिदिन्छन् । तर बुहारीको तर्फबाट बच्चा नजम्मिने थाहा भएपछि कुल परम्परा धान्नको लागि अर्को बुहारी भित्र्याउने तयारी गरेको थाहा पाएर त्यस बुहारीले नै केटी खोजि ल्याउँछिन् । जब पहिलो गर्भ बस्छ तब जेठानीलाई त्यस्को जानकारी दिन्छिन् । र उनले गर्भपतन हुने औषधि ख्वाउँछिन् । यसरी दुइपटकसम्म गर्भ तुहाउन जेठी बुहारी सफल हुन्छिन् । तेस्रो पटक गर्भ बस्दा सो को जानकारी जेठानीलाई दिन्नन् । र समय वितेपछि गर्भ रहेको कुरा थाहा पाए पछि जेठानीले सोद्धा तपाइले मलाई ल्याएर फेरी तपाईले नै मेरो बच्चा जन्माउन नदिईकन दुइ पटकसम्म गर्भ तुहाईदिई सक्यो । त्यसैले यसपाली पूर्व जानकारी नदिएको भनी भन्दा,



Downloaded from http://dhamma.digital

अब मेरो सत्यानाश हुने भयो भनी उनी प्रति इर्ष्या जगायो । र मौका छोपी फेरी बच्चा खस्ने औषधि खुवाइदियो । तर ढिला भैसकेकोले गर्भिणि आमा व्याथाले छटपटाउन थालिन् । जब आफु नबाच्नेजस्तो लाग्यो तब उनले मनमनै लियो - "तिमीले मेरो बच्चाहरू मारिदियौ र मलाई पनि मार्न लाग्यौ । म यदि मरेर गएमा अर्को जन्ममा म पनि तिम्रो बच्चा र तिमीलाई मार्न सक्ने भएर जन्मन पाँउ ।" उनले चाहेजस्तै त्यहाँ व्यथाले मृत्युपछि त्यसै घरमा बिरालो भई जन्मलियो । उता श्रीमान्‌ले पहिलो श्रीमतिलाई पिट्नसम्म पिट्यो । त्यही पिटाइको कारण उनको पनि मृत्यु भई त्यसै घरमा मुसा भै जन्मियो । पछि जब जब मुसाले बच्चा जन्मायो तब तब बिरालो आई बच्चाहरू खाने गर्दथ्यो ।

यसरी ती दुइजनाको बैरभाव र घृणा जन्मान्तर सम्म पनि जोडिन्दै बढ्दै गर्या पछि मुसा, चितुवा, बिरालो र चल्ला भएर जन्मियो । त्यसपछि चल्ला राक्षसी भएर जन्मियो भने चितुवा एक कुलकी कन्या भई जन्मियो । ती कन्या तरूणी भई विवाह बन्धनमा बाँधी केहि समयपछि नै एक छोरा जन्माइ त्यस राक्षशनी पनि उनको सहेली (साथी) को रूप धारण गरी त्यस घरमा गई बच्चा हेरी कोहि नभएको मौका पारी खाएर गइन् । दोस्रो बच्चा जन्मिए पनि त्यसरी नै आई खाएर गईन् । अतः तेस्रो बच्चा जन्मिने बेला आफ्नो माइतिमा गएर नै बच्चा जन्माईन् । बच्चाको न्वारन् सकेपछि आफ्नो स्वामीलाई



Downloaded from http://dhamma.digital

भनिन् "अब हामी घर जाऔं।" उनीहरूको घरजाने बाटो त्यही जेतवन विहार जाने बाटो नै पर्ने रहेछ । बिच बाटोमा जेतबन विहारकै एक पोखरीमा रोकी बच्चा आफ्नो पतिलाई दिई आफु त्यस पोखरीमा नुहाईन् । अनि बच्चा लिएर स्वामी नुहाउन्जेल बच्चालाई दुध खुवाउदै बसीन् । उता उनीहरू खोज्दै आएको राक्षसनीले यदैबाट एक्लै बच्चासँगै रहेको देखि वेगले उनीतिर आयन् । टाढा देखि नै साक्षसनी दौडिएर आईरहेको देखेर स्वामी चाँडै आउनुस् । बच्चा खाने राक्षसनी दौडेर आउँदैछिन भन्दै आत्तीएर आफ्नो पति आउन्जेल कुर्न नसकि बच्चा बोकेर जेतवन विहार भित्र पसिन् । उक्त अवस्थामा बुद्ध परिषदलाई धर्मोपदेश गदै हुनुहुन्थ्यो । अनि उक्त आईमाईले आफ्नो छोरालाई भगवानको चरमा राख्नै "भो भगवान । यो बच्चा तपाईको चरण अर्पण गरिसकें । यसको प्राण गरिदिनुस् ।" उता साक्षसनी पनि हतार हतार विहार भित्र छिर्न प्रयास गरेतापनि द्वारपाल सुमन देवताले भित्र जान दिएन । अनि बुद्धले आनन्द भन्तेलाई ती राक्षसनीलाई यहाँ लिएर आउ भनि आज्ञा भयो । आनन्द भन्तेले बोलाएर ल्याउनु भयो । राक्षसनीलाई देख्नासाथ त्यस आईमाईले "यिनै हुन मेरो बच्चा खान खोज्ने" भनेर देखाईन् । अनि बुद्धले त्यस आइमाइलाई तिमी डराउनु पर्दैन भनेर सान्त्वना दिई राक्षसनीलाई सोध्नुभयो किन तिमीले यसो गरेको ? यदि तिमीहरू आज मेरो सामुन्ने नआएको भए अझ तिमीहरूको शत्रुता कल्प कल्पान्तर सम्म चलिरहने



Downloaded from http://dhamma.digital

थियो । बैरभावले बैर कहिल्यै शान्त हुदैन । अवैर भावले नै बैरभाव शान्त हुन्छ । यो सनातन धर्म हो । भनेर उपदेश दिनु भयो । त्यस धर्मोपदेस शुनेर राक्षसनी श्रोतापन्न भयो । अनि बुद्धले " तिम्रो बच्चा उनको हातमा देउ" भनी त्यस आइमाईलाई भन्नु भयो । उनले भन्ते । मलाई त डर लाग्छ भनी उत्तर दिइन् । बुद्धले अब डराउनु पर्दैन । उनीबाट केही खतरा छैन भनेर सम्झाउनु भयो । उनले बच्चा राक्षसनीको हातमा राखिदिइन् राक्षसनीले पनि बच्चालाई लिई आलिगन गरी म्वाइ खाई फेरी बच्चा आमालाई नै फिर्ता दिइन् । यसरी दुइबीचको घृणा-बैरभाव बुद्धको कारण अन्तभए पनि बुद्ध जस्ता महान व्यक्तिको अभावमा कतिका विच यस्ता घृणा र बैरभाव जन्म जन्मातर सम्म प्रभाव हुँन्गे हो ! वर्तमान विश्वमा, समाजमा घटिरहेका विभिन्न घटनाहरू यस्तै यस्तै कार्य कारणका कियावलि त होईन?:

अझ गौतम बुद्ध र देवदत्त स्थविरको रोचक प्रसंगले त झन् अनन्तकालसम्म प्रवाह हुने धृणारूपी मनोभावको स्वरूप छर्लङ्ग हुन्छ । उहाँहरू नाताले दाजु भाई भएता पनि, सिद्धार्थ बुद्ध भईसकेपछि बुद्धको शिष्य भई देवदत्त प्रवजित भएतापनि देवदत्तले वाल्यकाल देखि नै बुद्धलाई सहेन । यस जुनीमा बुद्धलाई मार्नलाई तीनपटकसम्म प्रयास गरी अन्तमा आफुले नै मृत्युवरण गर्नुपरेको प्रसंग बुद्ध जीवनीबाट प्रष्ट हुन्छ । यसको कारण बुद्धले अनन्तकाल अगाडिदेखिको घुणा नै हुन् भन्दै घृणाको शुरूवात कहाँवाट भएको हो भन्ने कुरा प्रकाश



Downloaded from http://dhamma.digital

पार्दै सेरिवाणिज जातक कथा खुलाउनु भएको हो ।

एक समय सिद्धार्थ र देवदत्त व्यापारी कुलमा जन्मलिई ठूलो भएपछि सिंगारका सामान र भाडाँ कुडाको व्यापारी बने । दुबै व्यापारी साथी बन्यो मिलेर व्यापार गर्दथे । एक दिन दुवैजना मिलेर कुनै एक गाउँमा व्यापार गर्न निस्के बैजना एउटै बाटो भएर जाँदा दुबैको व्यापारमा असर पर्ने भएकोले सल्लाह अनुसार त्यस गाउको भिन्नाभिन्दै बाटो हुदै व्यापार गर्न जाने निधो गरे । यसरी व्यापार गदै जाँदा देवदत्त एक पूरानो खानदानको घरमा पुगे । जहाँ पहिला धनाद्य परिवार बस्दथ्यो । तर अहिले कुनै कारणले गर्दा गरिब बज्यै र नातिनि मात्र जिवित रहेका थिए । नातिनि अलि तरूणी अवस्थामा पुगसकेकी थिईन । अतः सून्दरता र गरगहनाको इच्छा पनि बढीरहेको थियो । जब नातिनीले धेरै कर गरेपछि त्यस व्यापारी संग नातिनीको लागि एक जोडी चुरी दिन अनुरोध गरे । सट्टामा पैसा नभएको कारण घरमा भएको पुरानो थाल लिन आग्रह गऱ्यो । धुलोले करिव कालो भैसकेको थाल नियालेर हेऱ्यो । सुनको जस्तै लागेर कोट्याएर हेऱ्यो । सुन नै हो भन्ने थाहा पाएपछि सितैमा लिने लोभले गर्दा केहि काम नलाग्ने भाँडो पनि फ्याक्दै चुडी दिन नसक्ने बतायो । कत्ति याचना गर्दा पनि नमानेपछि निरास हुदै थाल उठाएर घरभित्र लगे । तर नातिनि भने रूंदै थिईन् । यसै अन्तरालमा सिद्धार्थ पनि व्यापार गर्दै त्यही घरमा आईपुग्यो । नातिनिको



Downloaded from http://dhamma.digital

ईच्छा फेरी जाग्यो । बज्यैलाई कर गरिन् । बज्यैले गाली गरिन् । तर नातिनिले अघिको व्यापारी भन्दा अहिलेको व्यापारी अति सीधा, शान्त करूणस्वभावको देखिन्छ । त्यसैले उसले केहि दिन मान्छ होला भन्ने कुरा सुनाई बज्यैलाई जिद्दि गरिन् । केहि नलागेपछि बज्यैले सिधै हामी कहा एउटा पुरानो थाल छ अरू दिने केहि छैन । अघि एकजना व्यापारी आएको थियो । उसले त काम नलाग्ने भनि हप्काएर फालेर गयो । यो बच्चाको ईच्छालाई पूरागरिदिन सक्छ्यौ भने यो थाल लिएर उनलाई एक जोडी चुरी दिन अनुरोध गरिन् ।

जब व्यापारीले थालको निरिक्षण गऱ्यो । उसले यो सुनको थाल हो । यसको मूल्य धेरै छ । त्यति मूल्य मसंग छैन ।" भनी भन्यो । यस कुराले उनीहरूलाई लाग्यो कि उसले ठट्टा गर्दैछ र त्यस भनाईमा विश्वास गरे । र त्यो थाल लिई नातिनिको ईच्छा पूरागरिदिन मात्र आग्रह गरिन् । तब उसलाई फर्किर्नलाई बाटो खर्च मात्र लिई आफुसँग भएको सबै सामान र पैसा छोडेर त्यो थाल मात्र बोकेर चाँडै खोला तिर लाग्यो । किनकी त्यस गाउँमा आउन जान एउटा खोला तरेर आउनु जानु पर्दथ्यो । उसलाई थाहा थियो कि पहिले आएको व्यापारी उसकै साथी हो र उ कपटी र कन्जुस छ । केहि समय नबित्दै फेरी पहिलेको व्यापारी त्यही घरमा आएर भन्न थाल्यो "खै बज्यै । अघि दिएको थाल देउ म तिम्रो नातिनिको लागि चूरा दिन्छु । तिम्रो नातिनि अघि रोएको



Downloaded from http://dhamma.digital

देखेर दया जागेर आयो ।" तव दुबैजना बाहिर आएर उसलाई सबै बृतान्त सुनाई खुब गाली गरेर पठायो । जव सुनको थाल आफ्नो हातबाट उम्केको चाल पायो, लोभले जल्न थाल्यो । त्यही वर्वराउन थाल्यो । त्यस जलनले पागल जस्तै भएको त्यो व्यापारी आफ्नो सबै सामान र पैसा त्यही छोडेर साथी व्यापारी भेट्टाउन कुद्न पुग्यो । जब उ नदी किनारमा पुग्यो । उसले देख्यो कि साथी नौकामा बसेर नदी पार गरिरहेछ । उसले साथीलाई बोलायो, तर्सायो, थर्कायो र तर ती व्यापारीको आदेशले माझीले नौका फिर्ता ल्याएन । जब उस्ले महशुस गऱ्यो कि अब त्यो सुनको थाल उसले प्राप्त गर्न सक्दैन तब मनमा जलन बढ्यो र साथी व्यापारी प्रति बैर साँध्यो, घृणा गऱ्यो म द्वेष राख्यो र भन्न थाल्यो तिमीलाई कहिल्यै छोड्दिन, बांकी राख्दिन । यसरी बरबराउँदै जलनको पीडा सहन नसकी छट्पटाएका त्यो ब्यापारीले त्यहि मृत्युवरण गरे ।

त्यस जन्म देखि शुरू भएको बैर र घृणा अनन्त कालसम्म रही उच्च ज्ञान हासिल गरेको यस जन्ममा पनि टुंगिएन । यसर्थ प्रेम मात्र होइन धृणा पनि उपादान (घनिभूत) भई जन्म जन्मान्तरसम्म पनि प्रभाव हुँदै जान्छ भन्ने तथ्य प्रस्टाउँछ ।

अतः मोह, माया, घृणा, द्वेष जस्ता मानसिक विकारहरूलाई मनमा धनिभूत हुन नदिई क्रमश मनबाट हटाउनु नै यथार्थमा बास्तविक सुख-शान्ति प्राप्तिका आधार बन्दछ । जिवन कालमा



Downloaded from http://dhamma.digital

यदि ती कुराहरूको आवश्यकता पर्दछ भने पनि सन्तुलित रूपमा सदुपयोग गर्नु नै बुद्धिमानी हुनेछ ।



Downloaded from http://dhamma.digital

# बानी

उपादानस्कन्ध संयुत्ति अर्थात प्राणी संसारमा यात्रा गर्दै जाँदा जीवनसंग सम्वन्ध भई जोडिएर जाने लक्षणहरू हुन्छन् । विभिन्न अवस्थामा परिस्थितिमा घट्ने घटना क्रमसंगै प्राप्त वा हासिल गर्दै जाने अनुभवहरू, ज्ञानहरू, बानीहरू, स्वभावहरू हुने तथ्य भएता पनि कुनै कुनै मात्र चिन्न जान्न वा थाहापाउन सकिने व्यवहारिक पक्ष हामी सामु छ । ती मध्ये कुनै कुरा प्रगतिको लागि र कुनै कुरा दुर्गतिको निम्ति हेतु वा कारण बन्दछ । ती लक्षणहरू मध्ये बानी वा स्वभाव पनि एक हो । कुनै पनि कार्य पहिलो पटक गर्दा त्यो बानी मसँग भएको नौलो काम हुन्छ । जब दोश्रो पटक गर्दछ त्यो पटक बानी भएको हुन्छ । र त्यही काम बारम्वार गर्दै जाँदा बानी पर्दछ । र हाम्रा बानी बन्दछ । त्यसरी बानी बनाएका हाम्रा बर्तमान जीवनका स्वभावहरू कुनै हाम्रो हितको लागि त कुनै अहितको लागि पनि हुनसक्दछ । अरूलाई उपकार गर्नु, परित्याग गर्नु, असल चरित्रको निर्माण गर्नु आदि हितको लागि हुन्छ भने मध्यपान, चोरी, दुर्व्यवहार आदि अहितको लागि हुन्छ । जसलाई हामी राम्रो वा असल बानी, नराम्रो वा कुबानीको रूपमा लिन्छौ ।

यसरी एक जाति (जन्म) मा वानी भएको स्वभावहरू पछिल्लो जाति (जन्म) मा पनि हुने हुन्छ । यसलाई बुद्धधर्ममा 'भव' बानीको रूपमा चिनाइन्छ । यसलाई व्यवहारिक रूमि



Downloaded from http://dhamma.digital

बासना आशक्तिको रूपमा चिनिन्छ । कुनै व्यक्तिमा नैसर्गिक रूपमा रहेको प्रवनताहरू त्यसका फलहरू हुन्छन । आफुले पूर्वभवहरूमा अभ्यास गरेका ती बानी यस जन्ममा उनको प्रवनता वा सहज दक्षताको रूपमा प्रकट हुने गर्दछ । बुद्धधर्ममा 'पारमिता' पूर्णताको कुरा पनि यसैको आधारमा व्यक्त गरिएको छ । परिक्षण निरिक्षणबाट निर्णय गरि लिएका उत्तम चर्याहरूको बानी बनाउनु बानी बसाल्नु नै पारमिता पूरण हो । एक जाति (जन्म) मा त्यसरी विकाश गरेका ती बानी भविष्यमा पनि आउने जातिहरूमा बृद्धि गर्दै प्रवर्द्धन गर्दै लान सकिन्छ । कुनै कुनै बानी त्यस्ता हुन्छन् जुन बानी हामीले कुनै प्रयत्न वा प्रयास बिना नै समाजमा विद्यमान चाल-चलन वा संस्कृतिले गर्दा प्रचलनमा ल्याइरहेका हुन्छौ । ती बानी वा स्वभावहरू अर्को जन्ममा गएर प्रकट हुने वा चिन्न सक्ने अवस्था बिरलै हुन्छ ।

हाम्रो बानी स्वभाव भवगामी हुन्छ भन्ने तथ्य बुद्धले पूर्ण गर्नु भएको 'दश पारमिता'को कुराले स्पष्ट पार्छ नै । तैपनि बुद्धकालिन अन्य भिक्षुहरूको जीवनचरित्रले पनि उक्त तथ्यलाई छर्लङ्ग पार्दछ ।

गौतम बुद्ध जीवमान हुँदा पिलिन्दवच्छको नामले प्रख्यात एक अर्हत भिक्षु हुनुहुन्थ्यो । वहाँले अन्य भिक्षुहरूसंग वा उपासक-उपासिकाहरूसंग केहि भन्दा हेला गरी कडा शव्द प्रयोग गरी वा कुनैबेला त नराम्रो बोलिले कुरा गर्ने, भन्ने गर्दथ्यो । जसले गर्दा अन्य भिक्षु, उपासक-उपासिकाहरूलाई



Downloaded from http://dhamma.digital

नराम्रो लाग्दथ्यो ।आफुलाई नसुहाउने बचनले कुरा गर्दा जसलाई पनि नराम्रो वा असजिलो लाग्नु स्वभाविकै हो । जति गर्दा पनि वहाँले बोल्ने तरिका सच्याउन नसकेकोले अन्य भिक्षुहरूले बुद्ध समक्ष त्यस भिक्षुको बार बार सुनाउनु भयो । तब बुद्धले आफ्नो अगनबाट त्यस भिक्षुको पूर्वजन्मका तथ्यहरू थाहा पाउनु भई ती भिक्षुहरूलाई यसरी आज्ञा हुनुभयो "भिक्षु हो । पिलिन्दवच्छ भिक्षु पूर्वजिवनहरूमा धेरैमा उच्च ब्राम्हण कुलमा जन्म लिई गर्ने गरेका स्वभाव बानीको रूपमा आज पनि विद्यमान भएको छ । आज वहाँसंग कुनै मान छैन, अहंभाव छैन । वहाँ अर्हत हुनुहुन्छ । अतः अरूसंग द्वेषभावले कुरा पनि गर्नु पर्ने छैन यो वहाँको भवगामी बानी हो ।

एक पटक बुद्धका अग्र-श्रावक सारिपुत्र महास्थविर जो ब्राम्हण थिए, उफ्रि उफ्रि गइरहेको देखे । यत्रो ठूलो भिक्षुलाई आज के भएछ जुन श्रमणावलाई नसुहाउँदो तरिकाले जाँदैछ भन्ने लागेका उपासक-उपासिकाहरूले बुद्ध समक्षगई गुनासो गर्दा पूर्व भव ( जाति) हरूमा धेरै पटक बाँदर भई जन्म लिइसकेकोले त्यो आजसम्म पनि बानीको रूपमा उफ्रने स्वभाव रहेको तथ्य खुलाउनु भयो । यसरी बुद्धकालिनहरू घटनाहरूको अध्ययन गर्दा धेरै यस्ता कुराहरू छन् जुन अर्हत भइसक्दा पनि छुटाउन नसकिएका त्यस्ता बानी-स्वभावहरू देखा परेका छन् । जुन यस जन्ममा अभ्यास गरेका होइनन् ।

केही समय अगाडि देखि पश्चिम देशहरूमा गरेका



Downloaded from http://dhamma.digital

अनुसन्धानहरूमा अस्वभाविक चारित्रिक लक्षण भएका बच्चाहरूको पूर्वजातिका कुराहरू खोजेर प्रकश गरिरहेका छन् । अति जिद्दि स्वभावका एक बच्चाको अनुसन्धान गर्दा त्यो बच्चा पूर्वजन्ममा अमेरिकाको एक सैनिक भई गएको रहेछ । हामीमा भएका विभिन्न बानी र स्वभावहरू मध्ये कति पूर्वजन्मबाट प्राप्त प्रवनताहरू हुन् भन्ने कुरा भन्न सकिदैन । न्यूयोर्क, अमेरिकामा जन्मिई दाँतको डाक्टर बनेर सार्थक रूपम काम गर्दै गई रहेका एक डाक्टर छन् भने वहांका आमा बुवा परिवार सहित शहरिया भएकोले शहरिया जीवन पद्धतिबाट सञ्चालित छन. । तर उक्त डाक्टर समय पाउना साथ बन्दुक र माछा पार्ने सामान बोकेर खोला,पोखरी तलाउ भएका जंगलतिर गएर माछा मार्दै शिकार गर्दै दिन विताउने गर्दौ रहेछ । कारण बुझ्दा त्यस डाक्टर पूर्वजन्ममा न्यू जर्सि प्रान्तमा जन्मेर त्यस्तै ठाउँहरूमा गई जनावरहरू शिकार गर्दै व्यापार गरेर जिवन विताएको बानीले गर्दा आज पनि यस्तो स्वभाव भएको तथ्य खुल्न आएको छ ।

हाम्रो परिवार, समाजमा धेरै जसो रिसालु, ईर्ष्यालु, अभिमानी त्यस्तै धेरै बोल्ने कराउने, झगडा गर्ने कराउने, कलह गर्ने, कुरा काट्ने, धेरै पैसा मत्र कमाउने, नाम मात्र कमाउने, कन्जुस, लोभि आदि चारित्रिक लक्षण स्वाभाव वा बानी भएकाहरू हुनसक्दछन् । जुन परिवार समाजमा अन्य व्यक्तिहरू त्यस्तो छैनन् भने ती लक्षण, स्वभाव वा बानी



Downloaded from http://dhamma.digital

पूर्वाजातिवाट अभिप्रेरित भई आएका पनि हुनसक्दछन् । अतः त्यस सम्बन्धिमा अलि ध्यान पुऱ्याएर व्यक्तिहरूसँग व्यवहार गर्नु पर्ने हुन्छ जसले गर्दा परिवार समाजमा निम्मिन सक्ने कलह बैमनष्यताबाट बच्न सकिन्छ ।

किनकी आज हामी सामु सर्बज्ञ बुद्ध हुनु हुन्न । अतः हामीले समाजमा आश्रय-संगत गर्नेहरूको स्वभाव वा बानी व्यवहार सम्वन्धमा सत्य-तथ्य खुलासा गर्ने अवस्था छैन । त्यसकारण हामीले आ-आफ्नो स्वभाव आचरण र बानी व्यवहार प्रति सजक हुनुपर्ने हुन्छ भने हामीले आश्रय-निश्रय गर्ने व्यक्तिहरूको स्वभाव आचरण र बानी व्यवहार सम्वन्धमा पनि त्यत्तिकै ध्यान पुऱ्याउनु पर्ने हुन्छ । जसले गर्दा आफुसँग नमिल्ने स्वभाव आचरण वा वानी व्यवहार भएकाहरूसंग उपेक्षाभावले वा समभावले सत्संगत गर्न सकोस् र परिवार समाज भित्र सहिष्णुता, सहृदयता छाउन सकोस् । अनि विविधता भित्र एकता होस् र अनेकतामा एकताभित्रको सुखशान्तिमय जीवन व्यतित गर्न सकोस् ।

बानी पनि प्रेम, घृणा अथवा राग,द्वेष जस्तै घनिभूत उपादान भई यस वर्तमान जिवनमा मात्र नभई भविष्यका जन्महरूसम्म पनि प्रभाव हुने उपादानस्कन्ध संयुक्ती भएकोले यस वर्तमान जिवनमा बसालेका वा बसाल्ने बानीलाई नियन्त्रणमा राख्न जरूरी हुन्छ । कुनै पनि बानी छोड्न सक्ने, तोड्न सक्ने वा परिवर्तन गर्नसक्ने गरी मात्र बानी बसाल्नु परेमा



Downloaded from http://dhamma.digital

बसाल्नु बुद्धिमानी हुनेछ । नत्र आफ्नै बानीले आफुलाई नै दुखी बनाइन्छि । असान्त बनाइदिन्छ । आफुलाई मात्र नभई परिवार आफन्त  र समाजलाई समेत व्याकुल बनाइदिन्छ । संयमित वा नियन्त्रित स्वभाव, आचरण वा बानी व्यवहारले त्यसलाई घनिभूत (उपादान) हुन दिदैन । अतः त्यस्ता दुर्बल वा परिवर्तन गर्न, सकिने स्वभाव, आचरण वा बानी व्यवहारमा अर्को भवसम्म प्रभाव हुने शक्ति हुंदैन ।



Downloaded from http://dhamma.digital

# रुचि

प्रेम,घणा र बानी जस्तै हाम्रो जीवन प्रवाहसंग मिसिएर आउने जाने अर्को एक तत्व हुन् हाम्रो रूचि अर्थात मन पराउने स्वभाव ।अतित भव (जन्म) जातिमा मन पराएको कुराप्रति यस जन्ममा मनि रूचि हुनु अथवा मन पराउनु स्वभाविक हो । कुनै देश, जाति, जनजाति, संप्रदायको संस्कृति वा चारित्र, रिती रिवाजको रूपमा ती रूचिको बर्धन अभिवर्धन र गाढापन हुन सक्दछ । यसरी कुनै पनि समाजमा प्रचलित ती चलन चल्तिहरू आ-आफ्नो रूचिको रूपमा विकाश हुँदै तादाम्यता गाढापनाको बृढिले त्यस समाजबाट अन्य सामाजिक वातावरण वा परिस्थितिमा स्थानान्तरण भई जीवन बिताउन परेका अवस्थामा ती विकसित रूचिलाई रूपान्तरण गर्न मुस्किलले त्यस रूचिलाई साम्य पार्ने गरेको तथ्य पनि हामी सामु छ । त्यसरी रूपान्तरण हुन नसक्ने वा नसकेका रूचिहरू भवगामी रूचिको रूपमा प्रवाह हुने र जन्म जन्मान्तर सम्म पनि विद्यमान रहने तथ्य पनि हामी सामु छ ।

खाना खाने तरीका, बस्ने तरीका, कुरा गर्ने तरीका, लुगा आदि सम्वन्धमा एक समाज भित्र रूचिमा समानता वा एकरूपता पाइने देखिन्छ । तापनी अन्य कुनै देशको समाजको रूचिहरू पनि कुनै कुनै समाजका व्यक्तिहरूले धारणा गरेको पाइन्छ । पूर्वेली जनका रूचि धारण गरिएको पश्चिमेली



Downloaded from http://dhamma.digital

जनहरू जस्तै, पश्चिमेली जनका रूचि धारण गर्ने पूर्वेली जनहरू पनि भेटिन्छ । यसरी आ-आफ्नो देश, समाजको रूचि भन्दा भिन्दै प्रकारका रूचि राख्ने मानिसहरू जुनसुकै देश, समाजमा हामी भेट्न सक्छौ भन्दा अत्युक्ति नहोला । यसो हुनुका मूल कारणका रूपमा पूर्वजाति (जन्म) भवगामीको रूचिलाइ नै लिन सकिन्छ ।

विश्वभरीका पूर्व जन्मका कथा भन्ने बच्चाहरूको बारेमा अनुसन्धानरत डा. महाचार्य इयन् स्टीवन्सन्ले श्रीलंकामा भेटि गरेको परिक्षण सम्वन्धमा यसरी उल्लेख गरिएको छ ।-"कसैले श्रीलंकालीहरूको खाना भएको भात खान रूचाउँदैन । बटर दलेको खान रूचाउँछ । पाउरोटीको टुक्रा दुई औंलाले समात्ने पनि यूरोपियनहरूको जस्तै छ । त्यो बच्चा दुइवर्षको हुँदा नै श्रीलंकीहरू वीच नभएको तर ब्रिटेन जसको अभ्यास तरिका कुनै मार्ग निर्देशन बिना सिकाउँदै नसिकाई गरेको देखाइएको छ । त्यो हो पेट दुखेको बेलामा औंला मुख भित्र पठाई बलपूर्वक वान्ता गर्ने तरिका त्यस्तै श्रीलंकालीहरूले हातले खान्छन् भने त्यो बच्चा आमा बुबासँग होटलमा गएको अवस्थामा काँटा, चम्चा, चक्कु हातमा लिइहाल्छन् । अन्य सदस्यहरू हातले खाजा खांदै गर्दा उ मात्र काँटा चम्चाले खाना खान्छ । काँटा चम्चा समात्ने पनि अंग्रेजहरूले जस्तै छ । पछि अनुसन्धानको क्रममा त्यो श्रीलंकाली बच पूर्वजातिमा व्रिटेनमा व्रिटेनको पाइलट भएर बसेको तथ्य प्रकाशमा आएको रहेछ ।



Downloaded from http://dhamma.digital

पूर्वजन्मको विषयमा गरिएको अनुसन्धानको क्रममा आफुले पहिला जुन देशमा, समाजमा जीवन विताएका थिए, त्यही देशको समाजको रूचिलाई निरन्तरता दिने गरेको वा त्यस्ता रूचिमा बढी लगाव राखेको भेटिने गरेको तथ्य पनि खुल्न आएको छ । यति मात्र नभई आफु पहिला बसेको देशलाई पनि मन पराउने वा मन पराएको तथ्य पनि भेटिन्छ । नेपाल भित्र पनि गहिरिएर हेर्ने हो भने यस्ता बच्चाहरू वा व्यक्तिहरू नभेट्टिने होइन । अतः यसमा अचम्म मानिरहनु भन्दा ती रूचि अरूचिको अध्ययन गरी कुनै ठाउँ वा देशको प्रवलताहरू बढी छ त्यही ठाउँ वा देशको वातावरणसंग मिल्ने गरी व्यवहार गर्न गराउन सकेमा दुवै पक्षलाई हित हुने देखिन्छ ।

व्यक्तिहरूको रूचि अरूचिभाव समय र परिस्थिति अनुसार परिवर्तन वा नविकरण हुन सक्दछ । पूर्वजातिहरूको रूचि यस जाति (जन्म) मा घटिने घटनाले मन नपराउन सक्दछ भने पूर्वजातिको अरूचि यस जाति ( जन्म) मा मन पराउन सक्दछ । त्यस्तै नयाँ रूचि वा अरूचि पनि बदन्न सक्दछ । यसरी नयाँ कुरामा रूचि वा अरूचि भन्दा पुराना कुराहरूमा भएका रूचि वा अरूचि विर्सिएर वा मेटिएर वा शुक्ष्म भएर जाने हुन्छ ।

तर कुनै बेला पुरानो ती रूचि बल्फेर आएको खण्डमा नयाँ रूचि प्रतिक्षेप भई त्यो पुरानो रूचि अनुसार नै व्यवहार गर्ने अवस्था पनि हुन सक्दछ ।



Downloaded from http://dhamma.digital

# अनुश्रव

अनुश्रव नाम बुद्धदेशनाहरूमा उल्लेख्य एक शाक्ति विशेष हो । त्यो पाप पनि होइन , अकुशल पनि होइन । तर पनि निर्वाणमा पुग्न बाधा गराउने एक शाक्ति विशेष हो । जुन आवश्यक पोषण प्राप्त भएमा क्लेशको रूपमा विकसित हुन्छ । जन्मनासाथ दूधेबालकको मुखमा दाँत हुदैन । बालकको अनुहारमा जुँगा दाह्री हुँदैन । तर पनि ती बढ्ने शक्ति शरीरमा विद्यमान रहन्छ । यसरी नै अनुक्षव नामले चिनिने त्यस शक्ति विशेष पनि निर्वाण मार्गमा बाधकको रूपमा रहेपनि ती संयोजन होइन । संयोजन नभएको तर निर्वाण मुक्ति मार्गमा बाधक रूपमा रहने सात प्रकारका अनुश्रव धर्मताहरू उल्लेख भएको पाइन्छ । ती हुन्-

१. काम राग अनुस्सय २. पटिघ अनुस्साय

३. दिट्ठि अनुस्य ४. विचिकिचा अनुस्सय ५. मान अनुस्सय ६. भवराग अनुस्सय ७. अविज्जा अनुस्सय ।

माथि उल्लेखित अनुश्रवहरू काम क्रेधझैं भयानक रूप लिने खालका होइनन् । तर ती काम क्रेध उत्पन्न गराउने शक्ति भएका बीज हुन् । सुषप्त अवस्थामा रहने भएकोले अनुश्रव भएतापनि उत्तम गुणङ्हरू मनमा विद्यमान रहनुलाई यसबाट बाधा पुऱ्उदैंदैन । अर्हत् नहुन्जलेलसम्म सबैमा ती अनुश्रव धर्म सुपुप्त अवस्थामा विद्यमान रहन्छ । ती अनुश्रव धर्मता सात



Downloaded from http://dhamma.digital

मध्ये दृष्टि र शंका द्वय श्रोतापत्ति फल प्राप्त भएपछि सम्पूर्ण रूपले नष्ट हुन्छ । काम राग र क्रोध (बदला लिने स्वभाव) द्वय अनागामी फल प्राप्त भएपछि पूर्णरूपमा नष्ट हुन्छ । अन्य ती न भवराग, मान र अविद्याचाहिं अर्हत फल प्राप्त भएपछि मात्र समाप्त हुन्छ । त्यस कारण प्रुथकजनले जस्तोसुकै लैकिक ध्यान प्राप्त गरेतापनि नेवसञ्ञानासञ्ञायतन समापत्ति प्राप्त गरिसकेपछि पनि ती सातवैरै अनुश्रव उसमा विद्यमान रहने हुन्छ । अनागामी फल प्राप्त गरिसकेपछि नेवसञ्ञानासञ्ञायतन समापत्तिमा भन्दा माथिको निरोध समापत्तिमा पुग्न सकिन्छ । तर त्यसरी एकहप्ता भन्दा बढी सक्दैन । तर ती उपारानस्कन्ध पाँचवटामध्ये एक वटा वा चारवटा नै निष्क्रय बनाई राख्न सक्ने वा रहन सक्ने अवधि अनन्तकालसम्म हुन सक्दछ । तर ती उपदानस्कन्ध पांचवटा निष्कृय हुंदा अनुश्रव धर्म पनि निष्कृय रहन्छ । सातदिन पछि ती स्कन्ध धर्म त्रियात्मक हुंदा अनुश्रव धर्महरू पनि क्रियात्मक हुन्छन् । उदाहरणको रूपमा मान्नुपर्दा हेतु, गुण, भिज्ने स्वभाव र मल प्राप्त हुनासाथ हुर्किने वीज जस्तै हो । ती तत्वहरू प्राप्त हुन्जेल त्यहाँ विरूवा पनि छैन त्यसको बढाई पनि छैन । तर ती तत्वहरू प्राप्त हुनासाथ अनिवार्य रूपमा स्वतः विरूवा भएर बढेर आउने भएकोले पूर्ण रूपमा नष्ट भएको पनि हुंदैन ।

यो अनुश्रवको स्वभाव हो, जहाँ उपादान हुन्छ, त्यहाँ अनुश्रव पनि हुन्छ । जहाँ उपादान हुँदैन त्यहाँ कुनै अनुश्रव पनि



Downloaded from http://dhamma.digital

हुँदैन । प्रथम ध्या प्राप्त मनमा कामच्छन्द र व्यापाद भन्ने नीवरणधर्म हुँदैन तर काम राग र पटिघ भन्ने अनुश्रव द्वय नेवसञ्ञानासञ्ञायतन समापत्ति ध्यान प्राप्त हुँदासम्म पनि मनमा रहने हुन्छ । यसबाट के प्रष्ट हुन्छ भने अनुश्रव भन्नु अति नै शूक्ष्म मानसिक चेतनात्मक अवस्था हो भनेर अनुश्रव धर्मबारे विद्यमानता सम्वन्धमा बुद्धले मालुँक्यपुत्र स्थविरलाई यसरी भन्नु भएको छ- "मालुँक्यपुत्र, उत्तानोपरी सुतिराख्ने सानो बच्चालाई कामुक भाव उत्पन्न हुँदैन भने काम आकर्षण उत्पन्न हुने प्रश्नै गठ्दैन । तर पनि उसमा कामराग अनुश्रव रहिरहन्छ । मालुँक्यपुत्र ! उत्तानोपरी सुतिराख्ने सानो बच्चालाई सत्व प्राणी भन्ने ज्ञान हुँदैन भने प्राणीप्रति व्यापाद (क्रोध) उत्पन्न हुने प्रश्नै उठ्दैन । तर पनि उसमा पटिघ अनुश्रवरहि हुन्छ । अतः अनुश्रव भन्नाले ती क्लेशहरूको नै शुक्ष्म सुप्त अवस्थाका चेतसिकहरू हुन् भन्ने बुझिन्छ । चेतसिकहरूलाई जति जति इन्धन प्राप्त हुँदै जान्छ, त्यतित्यति नै घनिभूतभै क्लेशको रूप लिन जानेहुन्छ । त्यसकारण मार्गफल प्राप्त भएका मनबाट ती क्लेशहरू प्रहीणहुने ती अनुश्रव सहितनै हो । अनुश्रव पनि नष्ट भैसकेपछि फेरी उत्पन्न हुने हुँदैन ।

यसरी उपादान पच्चया भव.... भन्ने प्रतीत्य-समुत्पादको सिद्धान्तअनुसार धर्म, पुनर्भव वा पुर्नजन्म उपादानको कारणले हुने हुनाले यदि हामीले हाम्रो संसार चक्रई रोक्न वा छोट्याउन



Downloaded from http://dhamma.digital

चाहन्छौ भने अवश्य पनि आ-आफ्नो उपादानलाई सकेसम्म दुर्वल पार्नुपर्ने हुन्छ । त्यसकारणले पनि जानीनजानी उपादानसंग जोडिएर जाने माथि उल्लेखित अवस्थाहरूका सम्वन्धमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । तः ती कुराहरूका सम्वन्धमा मध्यममार्ग वा मध्यमप्रतिपदा अपनाउनु नै उत्तम हुन्छ ।

कुनै पनि जीवनमा थाहा पाएका सबै कुरा वा सिकेका, जानेका, बुझेका सबै कुरा त्यसपछिका जीवनहरूमा पनि त्यतिकै जानकारी र अनुभव रहने हो भने हामीलाई केही सिक्नु पर्ने जान्नु पर्ने कुरा बाँकी रहँदैन होला ! हामीले पहिलेका जन्महरूमा कुनै पनि देश वा ठाउँमा सिकेका जानेका भाषाहरू वा बिबिध शिल्पकला आदि यस जन्ममा पनि त्यस अनुसार नै हुनुपर्ने थियो तर त्यस्तो देखिन्दैन । तर त्यसो नुहँदैमा पूर्वजन्म वा पुनरजन्म छैन भनेर वा पूर्वजन्ममा सिकेका जानेका अनुभवहरू यस जन्ममा बिद्यमान हुँदैन भनेर भन्न सकिने अवस्था पनि छैन ।

एकदिन भगवान गौतम बुद्धकहाँ आउनु भएका शुभ मानवकले बुद्ध समक्ष प्रश्नमाला नै सोध्नुभयो । ती मध्ये एक प्रश्न यस्तो रहेको थियो । हे भगवान बुद्ध ! यस लोकमा जन्मेका कुनै व्यक्ति बुद्धिमान छन्, कुनै व्यक्ति मँद बुद्धिवान छन्, त्यो कसरी होला ? यसको उत्तर स्वरूप बुद्ध भन्नुहुन्छ हे मानवक ! कुनै व्यक्ति श्रमण ब्राम्हणकहाँ गई कुशल राम्रो कुरा के हो ? अकुशल नराम्रो कुरा के हो ? आदि रूपले सही तथ्यको बारेमा जान्ने बुझ्ने कोशिष गर्दछ भने यसलाई बुद्धि बढाउने ज्ञान हासिल गर्ने पञ्ञासंवत्ततिक



Downloaded from http://dhamma.digital

प्रतिपदा हो भन्दछु । यसलाई अध्ययन भनेको कुरा त प्रष्ट हुन्छ । पूर्व जन्मजातमा गरेको अध्ययन यस जन्मजातमा बुद्धि ज्ञान प्रवर्धनका लागि कारण बन्दछ भने साँच्चै नै एक जन्मजातमा सिकेका जानेका कुरा पछि प्राप्त गर्दै जाने जातिहरूमा प्राप्त गरिने बुद्धि ज्ञानको ब्यापकतामा उपकारी हुने हुन्छ भनी स्वीकार गरिनु पर्ने हुन्छ । कुनै कुनै मानिसहरूमा बिद्यमान अस्वाभाविक दक्षता क्षमताहरू यहाँ भूल्नु हुँदैन ।

अहिलेसम्म गरिएको परीषण अनुसन्धानबाट प्राप्त तथ्य अनुसार एक तीन वर्षको बालकले घोडामाथि बसेको एक सैनिकको चित्र कोरेको थियो । चित्रशिल्पीका अनुसार त्यो चित्र क्षमतावान् एक चित्रशिल्पिको निर्माण भैं थियो । तर चित्रकोर्ने व्यक्ति भर्खर तीन वर्षको बालक ! जसलाई चित्र कोर्न पनि सिकाएको थिएन, न त त्यस परिवारका कुनै सदस्यले चित्र कोर्न जान्दथ्यो । त्यसो भए त्यस तीन वर्ष बालकमा त्यस प्रकारको क्षमता, दक्षता कहाँबाट आयो त ?

फेरी त्यो बालक ९ वर्षको हुँदा त्यही चित्र बनाउन लगाइयो यसपालिको चित्र त्यस उमेरका बालकहरूले कोर्ने चित्रहरू भैं सामान्य थियो ।

यस अनुसन्धानबाट के निष्कर्ष निकालियो भने कुनै पनि बालक बालिकामा ४ वर्षको हुँदासम्म पूर्व जातिका अभ्यासका साथै ज्ञानपनि धेरै हदसम्म कायम रहनुका साथै सम्झिने पनि हुन्छ । त्यसपछि चाहिं यस जन्मका पारिवारिक र बाहिरीय



Downloaded from http://dhamma.digital

वातावरणले गर्दा ती कुराहरू बिस्तारै बिर्सिएर जाने हुन्छ । विश्वभरि सञ्चार गर्दै पूर्वजाति (जन्मका) कुराहरू व्यक्त गर्ने बाल-बालिकाहरूको अनुसन्धान परीक्षण गर्दै हिंडेका महाचार्य इयनले पनि त्यही अवधिको सिद्धान्त प्रस्तुत गरेका छन् । धेरै सानो हुँदा बच्चाहरूलाई पूर्वजातिका कुराहरू राम्रोसित सम्झिने तर प्रकट गर्न नसकिने हुन्छ । प्रकट गर्ने बोल्ने अवस्थासम्म आइपुग्दा यस जन्मका पारिवारिक र बाहिरीय वातावरणले ती सम्झनाहरू दुर्बल हुँदै मेटिँदै जाने हुन्छ । त्यसकारण पूर्वजातिका कुरा तथ्यहरू प्राप्त गरिन सकिने अवस्था भनेको २-४ वर्षसम्म अवधिका हुने भनी प्रष्टिएको छ । विस्तारै पुराना कुराहरू बिर्सिन्दै गएतापनि फेरी सम्झिन वा सम्झाउन सकिने तथ्यलाई चाहिं नकार्न सकिन्न ।

ब्रिटेनमा बस्ने एक श्रलंकीक परिवारमा सन् १९७९ मा जन्मेका गणेश सित्तम्पल नामक बालक सन् १९९० हुँदा ब्रिटेनको गिल्डेपड् विश्वविद्यालयमा दोस्रो वर्षको विद्यार्थी थिए । उसले गणित विषयमा गौरव उपाधि (BA.Hon) गर्दै थियो । त्यस शताब्दीका सबभन्दा कान्छो ब्रिटेनका विश्वविद्यालयका शिष्य नै उ भएको थिए । त्यसभन्दा पहिला १४ वर्षका बालिका रूत् लोस्स भन्नेले प्रवेश गरेका थिए । गणेश उनीभन्दा ३ वर्षले कान्छो थियो । ("१९९०.११.१९ दिनको लण्डनको द सन् पत्रिका") यस्ता असामान्य घटनाहरू विश्वका विभिन्न देशहरूबाट समय समयमा प्रकाशमा आइरहन्छन् । ती मध्ये सानै बालक बालिका



Downloaded from http://dhamma.digital

पनि भेट्टिएका छन् । पहिलेका जन्ममा सिकेका कुराहरू यस जन्ममा स्कूलमा फेरी पढ्न पाउँदा ती पुराना कुराहरू पुनः प्रकट पनि हुने हुन्छ ।

अभिज्ञालाभिले पूर्वजाति सम्झिने ज्ञानले (पुब्बेनिवासानुस्सति ञाण) पूर्वजातिका तथ्यहरू प्रकाश पार्ने ती तथ्यहरू कही न कही कतै न कतै नहराई नबिलाई नष्ट नभइकन बिद्यमाननै रहने हुनाले नै हो । त्यो कहाँ कसरी विद्यमान रहन्छ भन्ने तथ्य हाम्रो लागि रहस्य नै छ । यदि कुनै व्यक्ति वा प्राणीको मृत्युसँगै ती तथ्यहरू नष्ट भएर बिलाएर वा हराएर मेटिएर जाने हो भने अभिज्ञाको शक्तिद्वारा ती तथ्यसम्म पुग्न सक्ने अवस्था सृजना हुनसक्दैन ।

आजको बैज्ञानिक युगमा भिडियो अडियो वा डिजिटल प्रविधिको विकासले यस जीवनमा घट्ने घटनाहरू रेकर्ड गरी राखेर ती घटनाहरू फेरी चाहेको अवस्थामा हेर्न सुन्न सक्ने भएको छ । हाम्रो आफ्नै नभएपनि अन्य व्यक्ति वा समूहमा घटित घटनााहरू त्यसरी रेकर्ड गरी राखेको भए कुनै प्रयास बिना नै हेर्न सुन्न र थाहा पाउन सक्ने भएका छौं । त्यो बाहेक यदि हामीले प्रयास गरेमा आ-आफ्नो क्षमता र अभ्यासअनुसार ती अतीतका जीवन प्रसंगलाई सम्झिने अवस्था हामीमा छ । हाम्रो स्मृति क्रमश अतीततिर दोहोऱ्याएर लान सक्ने भएमा अवश्य पनि हामीले जानेको सिकेका कुरा फेरी प्रकट गर्न सकिने छ होला । यसै जातिजन्मका अतीतका घटनाहरू त हाम्रो सानो प्रयासले फेरी



Downloaded from http://dhamma.digital

प्रकट गर्न वा सम्झिन सकिन्छ । किनकी हाम्रो चित्त परम्परा वा चित्तधारा त एउटै रहेको छ । अतीत जाति जन्मको कुरा प्रकट गर्न वा सम्झिनलाई त अतीत जातिजन्मको चित्त परम्परा वा चित्तधारासँग सम्बन्ध गाँसिनु पर्दछ । मृत्युपछि त्यो सम्बन्ध टोडिन वा नयाँ जातिजन्मसँगै नयाँ चित्त परम्परा वा चित्तधारा जोडिने हुँदा हामीलाई अतीत जातिजन्मका कुराहरू सम्झिन वा प्रकट गर्न ठूलो प्रयास चाहिने हुन्छ । किनकी ती घटनाहरू हाम्रो व्यवहारिक ईन्द्रियहरूभन्दा टाढा कही कतै तर बिद्यमान रहेको हुन्छ । अभिज्ञा (शक्ति) प्राप्त हुने चतुर्थध्यान प्राप्त गरी त्यस ध्यानलाई प्रगुण गरी विकास गरिसकेपछि हो । त्यस्तै मोहनी लगाउँदा पनि ईन्द्रियहरू निष्क्रय भइरहन्छ । यसबाट ती तथ्यहरूसम्म पुग्नुलाई व्यवहारिक ईन्द्रियहरू निष्क्रय रहनु आवश्यक र सहयोगी पनि हुन्छ भन्ने खुल्न आउँदछ । पश्चिमी मुलुकहरूमा E.S.P. अर्थात अतीईन्द्रिय ज्ञान सम्बन्धमा पर्यवेक्षण गर्नेहरूले ती कार्य सम्पादन गर्नको लागि लागु पदार्थ पनि प्रयोग गरि अनुसन्धान गरेका छन् । त्यसबाट पनि ती तथ्यहरू खुलाउन उपकार भएको पाइन्छ । यसरी मोहनी लगाई गरिने अनुसन्धानबाट सयौं वर्ष पुरानो अतीत जातिका घटनाहरू प्रकाशमा आएका छन् । शतवर्षविससम्मको अतीतमा पहुँच बढाएका छन् । तर अभिज्ञालाभीहरूले कल्प-कल्पान्तरसम्मको अतीतमा पहुँच कायम् गरेका घटनाहरू पनि प्रकाशमा आएका छन् । यसरी अन्य अतीतका घटनाहरूसँगै सिकेका जानेका कुराहरू पनि सुरक्षित



Downloaded from http://dhamma.digital

भई कही कतै रहन्छ होला । सुक्ष्म उपक्रम वा उपायबाट नै बढीभन्दा बढी अतीतका गहिराइमा डुबुल्की मार्न सकिन्छ भन्ने तथ्य यसबाट प्रष्ट हुन्छ । यसबीच कालान्तरमा कसै कसैलाई ती पुराना दक्षता क्षमता वा ज्ञानहरू प्रकट हुने गर्दछ भने सामान्य रूपमा सबैसँग त्यस्ता क्षमताहरू धेरै-थोरै रहेको नै हुन्छ ।

भगवान बुद्धका जीवनकालमा एउटै परिवारमा दुई दाजुभाई प्रब्बजित भई बसेको रहेछ । जेष्ठ दाजु पहिले नै भिक्षु भई अर्हत भई बसेको रहेछ भने कान्छो भाई दाजुको शिष्यको रूपमा भिक्षु भई बसेको रहेछ । भाई अर्थात शिष्य चाहि स्मरण शक्ति अत्यन्तै कमजोर अवस्थामा रहेछ । एक गाथा कन्ठष्ट गर्न चार महिनासम्म प्रयाश गर्दा पनि कन्ठ गर्न सकेन । भाई शिष्यको यसप्रकारको असमर्थताको कारण यसले भिक्षु बनेर भिक्षुत्वको केही सार्थकता हासिल गर्न सक्ने छैन भन्ने सोची शिष्यलाई पूर्बावस्थामा फर्कि जान भनेछ । दुखित, पीडित शिष्य भाई भिक्षु बुद्धकहाँ गई भएका घटना बुद्धसमक्ष भनेछ । बुद्धले आफू कहाँ नै राखी बुद्धि ज्ञान विकास हुने किसिमले पाठ सिकाएछ । पछि वहाँ पनि प्रतिसम्भिदा सहित अर्हत भएछ । एकदिन धर्मसभा मण्डपमा एकत्रित भिक्षुहरूले भगवान बुद्धको बुद्धि महिमाको कारण छोपिडएका भिक्षुले पनि अर्हत हुन सकेको सम्बन्धमा कुरा गर्दै थिए । त्यहाँ आउनु भएका बुद्धले "भिक्षु हो ! बुद्धत्व प्राप्त गरिसकेकाले यस्तो कार्य गर्नुमा अचम्ममा पर्नु पर्ने कारण छैन । सांसारिक यात्रामा हुँदा नछिपेको ज्ञान हुँदाखेरी पनि अरूलाई उपकार गरेको थिए भनी अतीतको घटना प्रस्तुत गर्नुभयो"



Downloaded from http://dhamma.digital

त्यसबखत बोधिसत्व एक सँगको रूपमा बाराणशीमा जन्मेको थियो । एक दिन बाटोमा हिडिरहँदा मरेको मुसा देखि आफ्नो ज्ञानको आधारमा यदि बुद्धिवानले यस मरेको मूसाबाट पनि धन आर्जन गर्नसक्छ भनी बर्बराएर हिडे । त्यस सेठका कुरा सुनेर बसेका एक युवकले त्यस मृत मुसोलाई लिई बिरालो पालेको ठउँमा गई बेचि त्यसबाट प्राप्त केही रकमबाट लगन र मेहनतका साथ सदुपयोग गरी केही समयमै धनवान बने । त्यो व्यक्ति आजका यिनै भिक्षु थिए ।

यो कथा स्वीकार्ने र विश्वास गर्ने बौद्ध वा अबौद्धलाई पनि जाति जातिबाट प्राप्त ज्ञान प्रवर्धन गर्दै लान सकिने क्षमताको सम्बन्धमा पनि विश्वास गर्नुपर्ने हुन्छ । बुद्धत्व प्राप्त गर्न 'प्रज्ञा पारमिता' पूर्णता गर्नु भनेको पनि भव-भवान्तर जाति-जन्मान्तरबाट ज्ञान बुद्धि प्रवर्धन गर्दै विकास गर्दै लैजानु हो । एक जीवनमा प्राप्त ज्ञान अगाडि प्राप्त हुने भव-जाति जन्महरूमा शेष नहुने भए पारमिता पूर्ण हुन सक्ने अवस्था थिएन । एक जाति-जन्ममा प्राप्त ज्ञान बुद्धि उपादानस्कन्ध संयुक्तसँग जोडिएर मिसिएर पूर्ण नष्ट नभई तर प्रतित्युसमुत्पाद धर्मताअनुकूल भवहरूसँगै बगेर जानु स्वभाव धर्मता नै हो । यसरी स्वभावहरू जस्तै सिकेका-जानेका कुराहरू पनि यात्रा गर्दछ भन्ने तथ्य माथिका घटनाहरूले प्रष्ट गर्दछ ।

तर हामीले सिकेका - जानेका कुराहरू सबै अतीत जाति -जन्म वा भवबाट प्राप्त वा आएका हुन् भनी सम्झनु पनि गलत हुन्छ । आमाबुबाको रगत (जिन)बाट प्राप्त क्षमता वा



Downloaded from http://dhamma.digital

स्वभाव हुन्छ भन्ने पनि प्रष्ट छ । र साथै यस जन्ममा जानेका सिकेका कुराहरू पनि त्यसमा मिश्रित नै हुन्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# अनुभव र जानकारी

१९ औं शताब्दिको अग्रभागमा मोटर रथ निष्पादन गरी मोटर रथका पिता बनेका हेनरी फोर्डले सन् १९२८ तिर एक अन्तर्वार्ताको क्रममा भन्नुभएको थियो- "म २६ वर्षको हुँद मैले पुर्नजन्म (पुनर्भव)लाई स्वीकारें । मेरो धर्म (क्रिश्चियन) वा कर्मान्तले मलाई पूर्ण तृप्ति (सन्तोष) भएन । एक जाति ( जन्म) मा हामीले संचय गरेका अनुभव र जानकारी पछिल्ला जाति (जन्म)हरूमा प्रयोजन वा प्रयोगमा ल्याउन नसक्ने भए कुनै काम गर्नु व्यर्थ हुनजान्छ । पुनर्जन्मको खोजीले विश्वव्याप्त क्रियायोग नै खोजी भएको भैं लागेको छ । मेरो विचारलाई कार्यान्वयन गर्ने अवस्था मलाई प्राप्त भएको भन्ने मैले बुझें । अब काल (समय)को सीमा छैन । अब घडीको सुई दुइको बीचमा म फसेको अड्केको अनुभव हुँदैन । दक्षता भन्नु नै अभ्यास हो । कसै-कसैले सोच्छन् कि त्यो देवीदेवताले दिएको वरदान वा कुनै विशेषता भनेर । तर त्यो पहिलेका जाति (जन्म) हरूमा प्राप्त वा संचय गरेका अभ्यास वा अनुभवहरूको प्रतिफल हो । कुनै व्यक्ति अन्यभन्दा ज्येष्ठ हुन्छन् किनकि ती व्यक्तिलाई धेरै थाहा हुन्छ ।"

हेनरी फोर्डको त्यो स्वीकारोक्ति भन्नु नै एक-एक काममा निपुण वा दक्षता हासिल हुने वा छ भने उसले यस जाति ( जन्म) मा मात्र नभएर पुर्वजाति (जन्म)हरूमा क्रमशः प्राप्त



Downloaded from http://dhamma.digital

गरेका निपुणता वा दक्षताहरूको संचितिको फल हो । धेरै अभ्यास र धेरैपटक सिकेका व्यक्ति ज्येष्ठ हुन्छन् भने थोरै अभ्यास र थोरैपटक सिकेका व्यक्ति कनिष्ठ हुन्छन् । आफूलाई भन्दा मोटर रथ निष्पादन कार्यमा ज्येष्ठहरू पनि आफ्नै कर्मान्तशालामा भएको दाबी उहाँको छ । यसबाट उसले पहिलो पटक मोटर रथ निष्पादन नगरेको तथ्य प्रष्ट हुन्छ र उसले पहिले पनि यसरी नै मोटर रथ निष्पादन गरिसकेको तथ्य प्रकाशमा उल्लेख गरेको छ । वर्तमानमा हाम्रो शिष्टाचारमा त्यो भन्दा पहिले मोटर रथ निष्पादन भएको थाहा छैन । तर धेरैले अनुमान गरेअनुरूप र कुनै-कुनै तथ्य जानकारीमा आएअनुसार एटलान्टिक शिष्टाचारको विज्ञान अहिलेको भन्दा धेरै विकसित भैसकेको अनुमान गर्दछ । त्यसो भए यस भूगोल (पृथ्वी)मा त्योभन्दा पहिले पनि विकसित विज्ञानको युगहरू भएको हुनसक्ने तथ्यलाई नकार्न सकिँदैन । त्यसकारण हेनरी फोर्डको भनाईलाई पनि नकार्नसक्ने अवस्था छैन । भौतिकवादी शिक्षणबाट हुर्केका पाश्चात्य विचारकहरूलाई यस्ता कुराहरू पहेली हुन सक्ला, तर यो बौद्ध शिक्षानुकुल नै देखिन्छ ।

गौतम बुद्धलाई सबै कुरा थाहा भएको ज्ञान थियो भन्ने विश्वास बौद्धहरू गर्छन् । बुद्ध स्वयंले पनि त्यसरी प्रकाश गर्नुभएको छ । अतः उहाँलाई 'सर्वज्ञ' पनि भनिन्छ । 'जान्नुपर्ने जति छ त्यति नै जानिएको ज्ञान पनि छ ।' (यावतकं ञेय्य तावकतं ञाणं) भनी बुद्धले आफ्नो ज्ञानको बारेमा उल्लेख



Downloaded from http://dhamma.digital

गर्नुभएको छ । सुद्धावास व्रह्मलोकमा बाहेक उहाँले जन्म नलिएको कुनै ठाउँ (लोक) छैन भनी उहाँले नै उल्लेख गर्नुभएको छ । उहाँको त्यो कथनानुसार ती-ती जन्महरूका घटनाहरू उहाँको स्मृतिपटलमा सुक्ष्म तरिकाले विद्यमान रहिआएको हुनुपर्दछ । र उहाँले विकसित गर्नुभएको अति उच्च मानसिक अवस्थाको कारण जुनसुकै जाति (जन्म) का घटनातिर आफ्नो अति विकसित मन केन्द्रित गरेर ती घटना सम्झेर पुनः प्रकाश पार्न सक्नु हुन्थ्यो ।

वर्तमान युगमा कम्प्युटर डिस्कमा संचय गरिराखेको कुनै पनि सामग्री हामीले चाहेको समयमा हेर्न सक्ने अवस्था छ । त्यसको लागि क्रमशः जानुपर्ने आवश्यकता छैन । क्रमशः पनि हेर्न सकिन्छ र शुरूको, बीचको, अन्तको जहाँको चाहियो सिधै त्यसैलाई हेर्न सकिन्छ । त्यस्तै हामीले पढेका, सिकेका कुरा पनि आवश्यक परेको अवस्थामा जहाँबाट पनि सम्झन सक्ने वा महसुस गर्नसक्ने क्षमता हाम्रो मनमा विद्यमानै छ । अतः उहाँमा अतितका ती अनन्त घटनाहरूमध्ये आवश्यक घटनामा तुरून्तै पुगी सम्झिन सक्ने क्षमता अर्थात् सर्वज्ञताज्ञान निहित हुनु उहाँको विशिष्टता नै हो ।

सर्वज्ञताज्ञानले पनि कुनै पुराना कुरा सम्झि लिन सक्ने त्यस घटनासम्म मन पुऱ्याई त्यसलाई आर्वजना गरेपछि मात्र हो भन्ने तथ्य बुद्धले प्रकाश पार्नुभएको छ । बुद्धकालीन निगण्ठन्नाथपुत्र (महावीर) भन्ने शास्ताका अनुयायी शिष्यहरूले



Downloaded from http://dhamma.digital

उहाँलाई जहिले पनि विद्यमान रहिरहने सर्वज्ञताज्ञान छ भनी भन्नुहुन्थ्यो । यसको जवाफ फर्काउनु हुने बुद्धले त्यस्तो हुन नसक्ने बताउनुभएको छ । किनकि सर्वज्ञताज्ञान पनि आर्वजना प्रतिबद्ध भइरहने ज्ञान हो अर्थात् कुनै कुरा वा घटना थाहा भइराख्ने नभई त्यसमा आफ्नो मन केन्द्रित गरी अनुसरण गरेपछि मात्र त्यस कुरा वा घटनालाई सम्झिने वा थाहा पाउने हुनछ । अतः अतितका कुनै पनि घटना वा कुनै पनि व्यक्ति वा प्राणीको अतित कुराहरू थाहा पाउन क्रमशः मनसँग सम्बन्ध भई अगाडि बढ्नु पर्दछ भने सर्वज्ञताज्ञान भएमा सिधै आवश्यक ठाउँमा मन केन्द्रित गरी ती कुरा थाहा पाउन सकिन्छ । यो सर्वज्ञताज्ञानको विशेषता हो । यी तथ्यहरूबाट पनि अतित घटना प्रमाणहरू नष्ट नभएर अगाडि बढी नै रहन्छ भन्ने प्रष्ट हुन्छ ।

बुद्धले साधारण व्यक्तिलाई धर्म सिकेर प्राप्त हुने चार प्रकारका प्रयोजन (लाभ) देखाउनु भएको छ । उहाँले यस जाति (जन्म)मा कण्ठस्थ गरेको पाठ पछिल्ला जाति (जन्म) हरूमा जन्मिदा सम्झन सकिन्छ भनी प्रकाश पार्नुभएको छ । हे भिक्षु ! कुनै भिक्षुले यस जन्ममा सूत्र, गेय्य, व्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अद्भूतधर्म, वेदन्त आदि धर्महरू कण्ठष्थ गर्दछ र भिक्षुले ती धर्महरू कानले सुनेर आफूले पनि कण्ठष्थ गरेर मनले पनि चिन्तन-मनन गर्दछ र राम्ररी थाहा पाउँदछ, राम्ररी बुझ्दछ र राम्ररी बोध गर्दछ भने



Downloaded from http://dhamma.digital

त्यो भिक्षु विना स्मृति मृत्यु भएता पनि कुनै देवलोकमा जन्मिन्छ भने त्यो अवस्थामा सुखी देवपुत्रहरूले धर्मपद भनेको सुन्न नपाउने भएता पनि, कुनै भिक्षुले त्यहाँ गएर धर्मदेशना गरेको नसुने तापनि अन्य देवपुत्रले कथा भनेको सुनेको अवस्थामा यी (पूर्वजातिमा धर्म सिकेकालाई) मैले पहिले अभ्यास गरेको धर्म हो भन्ने आभाष हुन्छ । स्मृति शक्ति दुर्बल भएतापनि उनले विशिष्टता प्राप्त गर्दछ । भिक्षु हो ! शंखनादको बारेमा राम्ररी ज्ञान हुनेले बाटोमा जाँदा बीच बाटोमा शंखनाद सुनेको खण्डमा त्यो शंखनाद हो वा होइन भन्ने विषयमा उसलाई शंका हुँदैन र यो शंखनाद नै हो भन्ने निर्णयमा पुग्दछ । त्यसरी नै पूर्वजातिहरूमा धर्म सिकेकाहरूले पनि त्यसरी नै यस जन्ममा सुन्दा बुझेर लिन्छ ।" पूर्वजातिमा सिकेका जानेका कुरा पछिल्ला जातिहरूमा अवबोध हुने तरीका यसरी बुद्धले सिक्दै देशना गर्नुभएको छ ।

पूर्व जातिमा प्राप्त ज्ञान पछिल्ला जातिमा कसरी प्रवाह हुन्छ भन्ने प्रश्नमा आत्मवादीहरूले आत्मासँगै हुन्छ भन्छन् भने बुद्धधर्मानुसार उपादान संयुक्तिसँगै जन्म जन्मान्तरसम्म पनि प्रवाह हुन्छ भन्ने उत्तर आउँदछ ।



Downloaded from http://dhamma.digital

# छोराछोरी प्रति स्नेह

आ-आफ्नो बच्चा सम्बन्धमा आमाको मनमा जागृत स्नेह अन्य प्रकारको स्नेहभन्दा फरक नै हुन्छ भन्ने कुरा त थाहा नै होला । अरूप्रति र बच्चाप्रति उत्पन्न हुने स्नेहको मूल स्वरूप एकै खालको भएता पनि त्यसको बिकाश र ब्यापकतामा स्पष्ट भिन्नता पाइन्छ नै । स्वभाव धर्मबाट प्रकृतिको नियमबाट प्राप्त बिशेष निर्माणको रूपमा चिन्न सक्ने यस छोरा-छोरीप्रतिको स्नेह आमाको अन्य स्नेहसँग दाज्न वा एउटै स्थानमा राख्न सकिंदैन । अन्य व्यक्ति सम्बन्धमा मनमा विकसित हुने स्नेह प्रेमको बिग्रह गर्दा यो पनि मायासँग सम्बन्ध गर्न सकिन्छ । सिग्मन प्रोयिडले पनि यसै दृष्टिकोणबाट प्रेरित भई बिश्लेषण गरिएको देखिन्छ ।

मोहनी लगाई व्यक्तिहरूको अतित जाति (जन्म) हरूको जानकरी (बिस्तर) प्राप्त गरी महत्वपूर्ण परीक्षण गरेका आचार्य हेलन बेम्बोका अनुसार "ती दुबै एउटै स्वभाव हुन् भन्नलाई प्रर्याप्त आधार छैन" भन्ने भनाई राख्नु भएको छ । जनावर पशु-पन्छीहरूमा पनि छोरा-छोरीप्रतिको स्नेह देख्न पाइन्छ ।

दोश्रो पक्ष भएमा छोरा-छोरीहरूले आमाको स्नेह नस्वीकार्ने अवस्थामा पनि अथवा आमाको मायालाई वास्ता नगर्ने अवस्थामा पनि आमाको स्नेह छारा-छोरी प्रति त्यक्तिकै रही रहन्छ ।



Downloaded from http://dhamma.digital

यसकारण छोरा-छोरीसम्बन्धमा आमाको स्नेह प्रेम मायातिर नभई मैत्रीतिर झुकेको अथवा लगाव बढी भएको हुन्छ। करणीय मैत्री सुत्रमा बुद्धले मैत्री बढाउनु पर्ने तरिका उपदेश दिनु भए अनुसार पनि जसरी एउटी आमाले आफ्नो एक्लो छोरालाई जीवन कै वास्ता नगरी रक्षा गर्दछ त्यसरी नै मैत्री बढाउनु पर्ने भएकोले आमाको माया ममतामा मैत्री भरी हुने देखिन्छ।

यदि नजिकको अतीत जाति (जन्म)को बच्चा फेरी वर्तमान जाति (जन्म) मा पनि बच्चा नै भई जन्मिएको खण्डमा त्यस बच्चाप्रतिको स्नेह बढी हुन्छ। सामान्य रूपमा सिकेको कुराभन्दा ध्यान दिएर सिकेको कुरा, एकचोटी मात्र पढेको वा सुनेका कुरा भन्दा धेरै बढी पढेको वासुनेको कुरा मनमा, दिमागमा लामो समयसम्म रहिरहन्छ अथवा सम्झिरहन्छ। त्यसरी नै एकपटक छोरा-छोरी भएको भन्दा धेरै पटक छोरा-छोरी भइसकेको बच्चाप्रति अधिक स्नेह माया रहने हुन्छ भने लामो समयमा नबिर्सि रहने पनि हुन्छ। यस सम्बन्धमा नयाँ एवं पुराना घटनाका उदाहरणहरू भेट्टाइएका छन्।

शाक्यमुनि गौतम बुद्ध साकेत नगरमा (पिण्डपात) भिक्षाटन जानु हुँदा एकदिन एक ब्राम्हण आई वहाँको खुट्टा समाति पाद (वन्दना) ढोगेर "हे छोरा! बुढा-बुढी भैसकेका हामी आमा-बुबालाई छोडेर यतिका समयसम्म किन भेट्न नआएको? छोरा! आज घरमा जाऊँ।" भनी बुद्धलाई आफ्नो दुखेसो



Downloaded from http://dhamma.digital

पोख्दै घरमासँगै जान आग्रह एवं अनुरोध गरे । बुद्ध पनि चुपचाप वहाँको कुरा स्वीकार्दै भिक्षुसंघसँगै वहाँको घर जानु भयो । । घरमा पुगेपछि घरका अन्य सदस्यहरूलाई पनि बोलाई छोरालाई जस्तै माया गर्दै खानादि पूजा गरे । धेरै समयपछि फर्केको छोरालाई भैं व्यवहार गर्दै आदर सत्कार पनि गरे । अन्तमा दिनदिनै घरमा खानको लागि आउन पनि आग्रह गरे । तर बुद्धले त्यस आग्रह स्वीकार्नु भएन ।

यतासँगै जानु भएका भिक्षुहरूलाई धेरै अचम्म र दुबिधा भैरहेको थियो । सबैलाई थाहा थियो कि गौतम बुद्धका आमा-बुबा महामाया देबी र शुद्धोदन राजा थिए भने एक्कासी यहाँफेरी अर्कै आमा-बुबा कसरी प्रकट भए ? र फेरी बुद्धले पनि वहाँहरूलाई आमा-बुबा स्वीकार्दै किन वहाँको (ब्राम्हणको) घरमा गई त्यस किसिमको व्यवहार गरे ? धेरै बेर मनमा उब्जिएको कौतुहललाई थाम्न नसकि बुद्ध समक्ष गई भिक्षुहरूले यस बिषयमा सोध्न नै पुगे । अनि बुद्धले यस प्रसंगलाई खुलस्त पार्नुभयो ।

"तिनीहरू दुईजना म यो भवसागरमा घुमिरहँदा धेरै पटक मेरा आमा-बुबा भएका थिए । धेरै चोटीको मप्रतिको अगाढ स्नेह अहिले बल्भिएकोले यिनीहरूले यसरी ब्यवहार देखाएका हुन् । उनीहरूको मानसिक स्थितिलाई सुहाउँदो गरी मैले पनि कार्य मात्र गरेको हुँ । "पहिले कहिल्यै नदेखेको व्यक्ति अचानक भेटेको देखेको अवस्थामा आफ्नो मन त्यो व्यक्तिप्रति हृदयदेखि आकर्षित भएको हुन्छ र त्यो व्यक्तिप्रति आफ्नो मन आल्हादित् भएको हुन्छ



Downloaded from http://dhamma.digital

र त्यो व्यक्तिको दर्शन र उपस्थितिले आफूमा आनन्दीत, प्रसन्नताको आभास र अनुभूति हुन्छ भने त्यस व्यक्तिमा आफूप्रति स्नेह भएको विश्वास भएको आभास हुनेछ ।

प्रेम-माया हुनलाई दुइवटा कारणहरूको जग हुनुपर्दछ । पूर्वजातिहरूमा हितैषी भई सँगै बसेको हुनुपर्ने र यस जातिमा आफुलाई उपकार सहयोग गरेको हुनुपर्ने ती दुई हुन् । यदि नयाँ व्यक्ति भेटेको अवस्थामा त्यस व्यक्तिप्रति बिना कारण आफ्नो मन आकर्षित हुन पुग्दछ भने अथवा त्यस व्यक्तिबाट आफूलाई कुनै सहयोग उपकार भएको छैन भने कुनै गुण लगाएको छैन तर मन उसप्रति आकर्षित भएको हुन्छ भने त्यो व्यक्ति पूर्वजातिहरूमा आफूसँग हितैषी भई बास गरिसकेको भनी निगमन गर्नु उचित हुन्छ । अरूको रूप लावण्यमा वा अरूलाई आकर्षित गर्ने व्यवहारमा मोहित हुने अवस्था यसभित्र पर्दैन र पार्नु पनि हुँदैन ।

यस मानसिक सिद्धान्त पूर्वजन्म (जाति) मा विश्वास गर्ने सबैले अनुभूतिबाट स्वीकार गर्ने तत्व हुन् । तर यसलाई गलत तरिकाले अनुभूत गर्ने अवस्था र यसबाट अवान्छित फल भोग्नु पर्ने अवस्था पनि सृजना हुनसक्दछ । बिशेष गरी युवा-युवतीहरू बीच यस्ता गलत अनुभूति हुने गर्दछ । जसले अवान्छित फल भोग्ने पनि गर्दछ । युवा र युवतीको रूपको कारण लुगाको कारण वा अन्य बाहिरी बिलाषिताले गर्दा त्यसप्रति मन आकर्षित हुने अवस्था धेरै छ । त्यस्तै कारणले



Downloaded from http://dhamma.digital

आफ्ना मनभित्र उनी प्रति प्रथम भेट मै वा पहिलो देखाईमा नै आकर्षण मोहको अवस्था सृजना हुन सक्दछ र त्यसलाई नै माथिको मानसिक सिद्धान्छसँग तुलना गरी एउटै भएको ठानी काम बिगार्ने वा भ्रममा परि आफूलाई दुःखी बनाउने घाटा तुल्याउने वा बिनाश गर्ने पनि हुन्छ ।

अतः आफ्नो मनमा कुनै प्रकारको आकर्षण कसै प्रति सृजित भएको अवस्थामा आ-आफ्नो बुद्धिले ज्ञानले चिन्तन मनन गरी ती बाहिरी र भित्री दुई प्रकार मध्ये कुन चाहि आकर्षण हो र आफू कुन कारणले त्यसरी आकर्षण भएको हो भनी थाहा वा बुझ्न सकेमा सही अनुभूति प्राप्त गर्न सक्ने छ भने त्यसानुसार सही कार्य गर्नसक्नेछ । बुद्धले पनि सोकत नगरमा ब्राम्हणको घटनालाई ज्ञानको आँखाले हेर्नुभई स्नेह, माया-प्रेम सम्बन्धमा यस मानिसक सिद्धान्त प्रस्तुत गर्नु भएको हो । मनमा छोरा-छोरीप्रति पनि यसरी स्नेह प्रगाढ हुँदै जाँदा उपादान घनिभूत भई उपादानस्कन्ध सँगै जोडिएर अनन्तकालसम्म प्रवाह हुनेछन् ।

त्यसकारण भव दुःखबाट मुक्त हुने मार्ग देखाउनु हुने बुद्धले छोरा-छोरीप्रति स्नेह होस् वा अन्यप्रतिको माया वा प्रेम होस् वा हितैषी भाव होस् सबैमा सन्तुलित हुनु पर्नेमा जोड दिनु हुन्छ । आ-आफ्नो कर्तव्य र दायित्व ब्रोध हुनेमा ती कुरामा सन्तुलन आउने छ भनें ती कुरामा उपादान बन्नबाट टाढा हुने अवस्था धेरै हुन्छ ।

बाधा पुऱ्उदैंदैन । अर्हत् नहुन्जलेलसम्म सबैमा ती अनुश्रव धर्म



Downloaded from http://dhamma.digital

सुपुप्त अवस्थामा विद्यमान रहन्छ । ती अनुश्रव धर्मता सात मध्ये दृष्टि र शंका द्वय श्रोतापत्ति फल प्राप्त भएपछि सम्पूर्ण रूपले नष्ट हुन्छ । काम राग र क्रोध (बदला लिने स्वभाव) द्वय अनागामी फल प्राप्त भएपछि पूर्णरूपमा नष्ट हुन्छ । अन्य ती न भवराग, मान र अविद्याचाहिँ अर्हत फल प्राप्त भएपछि मात्र समाप्त हुन्छ । त्यस कारण प्रुथकजनले जस्तोसुकै लैकिक ध्यान प्राप्त गरेतापनि नेवसञ्ञानासञ्ञायतन समापत्ति प्राप्त गरिसकेपछि पनि ती सातवैरै अनुश्रव उसमा विद्यमान रहने हुन्छ । अनागामी फल प्राप्त गरिसकेपछि नेवसञ्ञानासञ्ञायतन समापत्तिमा भन्दा माथिको निरोध समापत्तिमा पुग्न सकिन्छ । तर त्यसरी एकहप्ता भन्दा बढी सक्दैन । तर ती उपारानस्कन्ध पाँचवटामध्ये एक वटा वा चारवटा नै निष्क्रय बनाई राख्न सक्ने वा रहन सक्ने अवधि अनन्तकालसम्म हुन सक्दछ । तर ती उपदानस्कन्ध पाँचवटा निष्कृय हुँदा अनुश्रव धर्म पनि निष्कृय रहन्छ । सातदिन पछि ती स्कन्ध धर्म त्रियात्मक हुँदा अनुश्रव धर्महरू पनि क्रियात्मक हुन्छन् । उदाहरणको रूपमा मान्नुपर्दा हेतु, गुण, भिज्ने स्वभाव र मल प्राप्त हुनासाथ हुर्किने वीज जस्तै हो । ती तत्वहरू प्राप्त हुन्जेल त्यहाँ विरूवा पनि छैन त्यसको बढाई पनि छैन । तर ती तत्वहरू प्राप्त हुनासाथ अनिवार्य रूपमा स्वतः विरूवा भएर बढेर आउने भएकोले पूर्ण रूपमा नष्ट भएको पनि हुँदैन ।

यो अनुश्रवको स्वभाव हो, जहाँ उपादान हुन्छ, त्यहाँ अनुश्रव



Downloaded from http://dhamma.digital

पनि हुन्छ । जहाँ उपादान हुँदैन त्यहाँ कुनै अनुश्रव पनि हुँदैन । प्रथम ध्या प्राप्त मनमा कामच्छन्द र व्यापाद भन्ने नीवरणधर्म हुँदैन तर काम राग र पटिघ भन्ने अनुश्रव द्वय नेवसञ्ञानासञ्ञायतन समापत्ति ध्यान प्राप्त हुँदासम्म पनि मनमा रहने हुन्छ । यसबाट के प्रष्ट हुन्छ भने अनुश्रव भन्नु अति नै शूक्ष्म मानसिक चेतनात्मक अवस्था हो भनेर अनुश्रव धर्मबारे विद्यमानता सम्वन्धमा बुद्धले मालुँक्यपुत्र स्थविरलाई यसरी भन्नु भएको छ- "मालुँक्यपुत्र, उत्तानोपरी सुतिराख्ने सानो बच्चालाई कामुक भाव उत्पन्न हुँदैन भने काम आकर्षण उत्पन्न हुने प्रश्नै गठ्दैन । तर पनि उसमा कामराग अनुश्रव रहिरहन्छ । मालुँक्यपुत्र ! उत्तानोपरी सुतिराख्ने सानो बच्चालाई सत्व प्राणी भन्ने ज्ञान हुँदैन भने प्राणीप्रति व्यापाद (क्रेध) उत्पन्न हुने प्रश्नै उठ्दैन । तर पनि उसमा पटिघ अनुश्रवरहि हुन्छ । अतः अनुश्रव भन्नाले ती क्लेशहरूको नै शुक्ष्म सुप्त अवस्थाका चेतसिकहरू हुन् भन्ने बुझिन्छ । चेतसिकहरूलाई जति जति इन्धन प्राप्त हुँदै जान्छ, त्यतित्यति नै घनिभूतभै क्लेशको रूप लिन जानेहुन्छ । त्यसकारण मार्गफल प्राप्त भएका मनबाट ती क्लेशहरू प्रहीणहुने ती अनुश्रव सहितनै हो । अनुश्रव पनि नष्ट भैसकेपछि फेरी उत्पन्न हुने हुँदैन ।

यसरी उपादान पच्चया भव.... भन्ने प्रतीत्य-समुत्पादको सिद्धान्तअनुसार धर्म, पुनर्भव वा पुर्नजन्म उपादानको कारणले



Downloaded from http://dhamma.digital

हुने हुनाले यदि हामीले हाम्रो संसार चक्रई रोक्न वा छोट्याउन चाहन्छौ भने अवश्य पनि आ-आफ्नो उपादानलाई सकेसम्म दुर्वल पार्नुपर्ने हुन्छ । त्यसकारणले पनि जानीनजानी उपादानसंग जोडिएर जाने माथि उल्लेखित अवस्थाहरूका सम्वन्धमा ध्यान पुन्याउनु आवश्यक देखिन्छ । तः ती कुराहरूका सम्वन्धमा मध्यममार्ग वा मध्यमप्रतिपदा अपनाउनु नै उत्तम हुन्छ ।



Downloaded from http://dhamma.digital

# जीवन यात्राको निम्ति आवश्यक ज्ञान

संसार संचरन गर्ने व्यक्ति यात्री हो भने संसार दीर्घ मार्ग वा यात्रा हो । त्यस यात्रा विना विश्राम अखण्ड रूपमा गरिने यात्रा हो । काममा व्यस्त होस् वा निन्द्रामा मस्त होस् त्यो यात्रा एकै रफ्तारमा अगाडि बढिरहन्छ । बच्चा वयष्क हुने तरिका हामी देख्नसक्छौ । कुनै अवस्थामा दूधे बालक केही समयपछिको तरूण युवा भई बसेको हामी देख्छौ त केही अन्तरालपछि जीर्ण बूढा भई बसेको पनि हामी देख्छौ । यसरी दूधे बालकदेखि जीर्ण बूढापासम्मको दीर्घ यात्रा कहिले गरेको हो ? अखण्ड दीवा-यात्रा यो होइन र ? यसरी प्रत्यक्ष अनुभूति गर्न मुस्किल भएतापनि जीवनयात्रा अखण्डरूपमा चलिरहन्छ । वर्तमान जीवनयात्राको विषयमा केहर- प्रत्यक्ष अप्रत्यक्षरूपमा ज्ञान हासिल गर्न सकेतापनि यस वर्तमान यात्राभन्दा अनन्त दीर्घ यात्रा अतीत यात्रा हो भने यस यात्रालाई हाम्रो मेहनतले रोक्न सकिएन वा छोट्याउन सकिएन भने भविष्यको यात्रा पनि अनन्त दीर्घ यात्रा बन्न सकिन्न र ? संसार वा संसार यात्रा भन्नु नै अतीत र वर्नमान र भविष्यका ती सुख दुःखका मिश्रित भ्रमण होइन र ?

बानी नभएको लामो यात्रामा जाँदा जाने ती यात्रीलाई आइपर्ने कठिनाई र बाधा अड्चन, भय-अन्तराय व्यक्तिकै हुनसक्दछ । अतः बीचबाटोमा आइलाग्ने त्यस्ता व्यवहारिक विषम परिस्थिति र ती परिस्थितिहरूबाट छुटकारा पाउन



Downloaded from http://dhamma.digital

सकिने उपाय सम्बन्धमा अग्रिम जानकारी भएमा बढी से बढी अवस्थाहरूमा सुरक्षाको अनुभूति मिल्नसक्ने हुन्छ । आफूभन्दा पहिले त्यस मार्गबाट यात्रा गरिसकेका अनुभव बटुलेका सत्यवादी बुद्धिमान यात्रीको उपदेश यहाँ विशेषरूपले महत्त्वपूर्ण ठहरिन्छ । यात्रामा बढी अनुभवी बुद्धिवान व्यक्तिलाई हामी मार्गोपदेशकको रूपमा सम्झन्छौं । संसार यात्रा गर्ने यात्रीलाई मार्गदर्शन गर्ने मार्गदर्शकलाई 'शास्ता वा शास्तूको' रूपमा चिनिन्छ । हामी शास्ताको रूपमा सम्भेर गौरवादर भक्ति प्रणाम गर्ने हामीलाई मुक्तिको बाटो देखाउने ती बुद्धिवान व्यक्तिलाई नै हो । एक एक शास्ता, भिन्न भिन्न मार्गहरू भिन्न भिन्न धर्म-आगम (Religion) को रूपमा आज पनि विद्यमान छन् । ती भिन्न भिन्न मार्ग अनुगमन गर्नेहरू ती ती मार्ग (धर्म-'आगम)का अनुगामिक को रूपमा चिन्दछौं । ती अनुगामीकले आफ्ना शास्ताले देखाएको बाटो सहीरूपमा लिई त्यसअनुसार अनुगमन अनुसरण गर्दछ । तर धेरैजनाले अनुगमन वा अनुसरण गरेको बाटो हुँदैमा कुनैपनि मार्ग वा मार्गोपदेशक सही नै छ भनेर भन्न सक्ने अवस्था हुँदैन । कुनै बेला अन्धानुकरण गर्नेहरू पनि हुन्छन् ।

कुनै सोधपूछ नगरी पछिलाग्ने, अन्धानुकरण गर्नेलाई बुद्धले उपहास गर्नुहुँदै बताउनुभएको एक सूत्र देशना 'चंकी सुत्त' को नामले मज्झिमनिकाय, सुत्तपिटकमा भेटिन्छ । त्यो भारतीय समाजमा 'अन्धवेणुपम' नामले चिनिने प्रसिद्ध उपहासात्मक उपमा हो । अन्धाहरू एक हुल यात्राको निम्ति



Downloaded from http://dhamma.digital

निस्किन्छन् । एकजनाको लट्ठी अर्कोले समात्छ । 'उनको पनि अर्कोले समात्छ । यसरी एकले अर्काको लट्ठी समातेर सयौं अन्धाहरू यात्रा गर्दछन् । शुरूमा जाने अन्धाको लट्ठी अन्तमा जाने अन्धोले समात्न पुग्छ । र, उनीहरू एकै गोलाकार भई त्यही चक्करमा घुमिरहन्छ । अगाडि जान सक्दैन । तर सबैजनाले आफ्नो अगाडिको व्यक्ति सही बाटोमा गइरहेको छ भनी सोचिराखेको हुन्छ । त्यो विश्वासले गर्दा अगाडि जान्छ तर काम बन्दैन । उनीहरू सबैको यात्रा असफल हुन्छ ।

यसप्रकार नै गमन मार्ग बताउने त्यस शास्ताले गलत तरिकाले आफूले बाटो पहिल्याएको भए उसको अनुगामिकको यात्रा पनि गलत दिशामा नै अगाडि बढ्छ र यात्रा निष्प्रयोजन नै हुन्छ । त्यसकारण सही-ठीक पथप्रदर्शक को हुन् भन्ने छुट्याउने वा सही पथप्रदर्शकलाई चिन्ने समस्या साधारण मानिसमा सृजना हुनेहुन्छ । यस्ता समस्या अहिलेमात्र नभई पुरातनकालमा पनि यस समस्याको समाधानको निम्ति मेहेनत गरेका व्यक्तिहरूको सम्बन्धमा बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ । "कसैले यसो भन्दछ, कोहिले त्यसो भन्दछ । त्यसमध्ये सही के हो त ?" भनी बुद्धसमक्ष जिज्ञासा राखेको तथ्य पनि उल्लेख भएको पाइन्छ । ती जिज्ञासाका निवारणको लागि बुद्धको उपदेश वा उत्तर यसरी व्यक्त भएको पाइन्छ । "आफूले नै निरीक्षण परीषण गरी थाहा पाउनु पर्दछ । चिन्तन मनन गरी छानेको बाटोमा अलिकति अगाडि बढ्दा गएको बाटो



Downloaded from http://dhamma.digital

सही छ भन्ने आफूलाई नै लाग्दछ भने त्ही मार्गमा अगाडि बढ्नु उचित हुन्छ । अन्यथा त्यो पथ त्याग्नु पर्ने हुन्छ ।"

तिमी, हामी, बस्ने यो संसार वा तिनी उनी बस्ने यो विश्व कसैको होइन । कुनै शास्ताहरूको अधिनमा पनि यो विश्व/संसार छैन । बुद्धलाई, जेसुसलाई, कृष्णलाई, श्रीरामलाई अथवा अन्य कुनै भगवानको पनि यो संसार विश्व अधिनस्थ छैन। ती सबै महान् व्यक्तित्वहरू पनि हामीजस्तै आमाको कोखबाट बालक बालिकाको रूपमा जन्मलिए । हामीजस्तै आहारपान आदिबाट नै हुर्किए । हामीजस्तै रोग, व्याधि, जीर्ण हुँदै मृत्यु वरण गरे । उहाँहरूलाई जति यो विश्वमा अधिकार थियो त्यत्तिनै हामीलाई पनि छ भन्ने प्रष्टिन्छ । तर हामीबीच पनि कुनै विद्वान हुन्छ, कुनै शिक्षित हुन्छ, कुनै मोटो हुन्छ, कुनै धनी हुन्छ, कुनै सानो हुन्छ । कुनै अरूहरूभन्दा भिन्न बल शक्ति भएको हुन्छ, कुनै शिल्पकलाले निपूर्ण हुन्छ । यसरी विधि दक्षता, क्षमता र योग्यता हासिल गरेका/गर्ने मानवहरू यो विश्वमा हुन्छन् । ती शास्ताहरूले पनि साधारणहरूले भन्दा बढी विशेष क्षमता, दक्षता र योग्यता हासिल गरेको कुरामा शंका छैन । तर यो संसार आफ्नो अधिनमा लिने अधिकार कसैलाई छैन । यो संसार कसैको अधिनमा रहने भए हामीले गरेका काम क्रियाको जिम्मेवारी पनि लिनु पर्ने हुन्छ । तर त्यो जिम्मेवारी लिनसक्ने कोही छैन । मेरो शास्ताले यसो भनेकोले मैले यसो गरेको हुँ, मेरो शास्ताले त्यसो भनेकोले त्यसो गरेको हुँ भनेर पन्छिन पाउने चोखिन पाउने अवस्था छैन । हामीले गरेका



Downloaded from http://dhamma.digital

काम क्रियाबाट उत्पन्न विपाक प्रतिफल दुःखसहित पीडासहित भएमा हे शास्ता ! हे भगवान ! हजुरले भनेअनुसार मैले यसो गर्न त्यसो गर्न पुगें । अब मलाई बचाई दिनुस् ! भनेर जति प्रार्थना पूजा र भक्तिभाव गरेतापनि सफलता प्राप्त हुँदैन होला ? यो संसार यो विश्वलाई आफूले चाहेजस्तो संचालन, पालन गर्ने शक्ति कुनै शास्तासँग भएको भए हामी आज यस्तो विषम परिस्थितिमा रहनु पर्ने थिएन होला । किनकी ती शास्ता आजसम्म बाँचेर हामीलाई सही धर्म र सही मार्ग देखाइदिन सक्नुहुन्थ्यो । एउटै धर्मलाई एउटै मार्गलाई विभिन्न तरिकाले अर्थकथन गरेर भेदभिन्न हुनबाट बचाउनु सक्थ्यो ।

बुद्ध भन्नुहुन्छ **"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता"** तिमीहरूले नै कार्य गर्नुपर्दछ, तथागतले भनीमात्र दिन्छ । "अर्थात् बुद्धले बाटो मात्र देखाइदिन्छ, त्यस बाटोमा जाने नजाने त तिमीहरूमा नै निर्भर रहन्छ । जो जान्छ गन्तव्यमा पुगिन्छ । जो जाँदैन, गन्तव्यमा पुग्दैन । कुनैपनि व्यक्तिको कर्मको फलबाट बञ्चित गराउन वा परिवर्तन गर्न, गराउने अभिभारा वा जिम्मेवारी उहाँले लिनु नभएको प्रष्ट छ । "हे भिक्षु ! बुद्ध जीवमान हुँदा पनि नहुँदा पनि स्वभाव धर्मको कुनै विद्यमानता छ भने त्यो त्यसरी नै चलिरहन्छ । बुद्धले त्यस स्वभावधर्मलाई राम्ररी बुझेर जानेर त्यस सम्बन्धमा अरूलाई पनि भनिदिन्छ ।" अन्तरादायक नदीमा, खोलामा नुहाउन विविध मानिसहरू आउँछन् । कुनै कुनै बेला मात्र पानी



Downloaded from http://dhamma.digital

र नदीको विषयमा ज्ञान भएका जान्ने बुझ्ने मानिस त्यहाँ हुन्छ । अरू बेला त्यहाँ त्यस्तो व्यक्ति हुँदैन । भएको बेलामा उसले त्यहाँ नुहाउन आउनेलाई त्यहाँ पानीमुनि जानु हुँदैन । आदि प्रकारले सम्झाइदिन्छ । उसको कुरा सुन्ने मान्छेहरू सुरक्षितभै नुहाई फर्किन्छन् । नमान्ने नसुन्नेहरू त्यस व्यक्तिको उपस्थितिमा पनि विपत्तिमा फस्छन् । उपदेशक वा पथप्रदर्शक नभएको अवस्थामा पनि कुनै व्यक्ति आफ्नो बुद्धिले गर्दा सुरक्षित हुनसक्छन् । आफ्नो बुद्धिले काम नगर्नेहरू फस्न सक्छन् । उपदेशकले पानीको, खोलानदीको स्वभावलाई बदल्ने परिवर्तन गर्ने शक्ति उसमा हुँदैन अतः बुद्धको वास्तविकता पनि त्यही हो । बुद्धले पाप गर्नेहरूलाई पापबाट मुक्त गर्न वा त्यस पापको विपाक परिवर्तन गर्न वा गराउने जिम्मेवारी वा त्यस्तो शक्ति आफूसँग छ भनेर कहि कतै कहिले पनि भन्नुभएको पाइन्दैन । बरू उहाँ भन्नुहुन्छ "कुनैपनि पापकर्मको फल विपाक त्यसअनुसार उत्पन्न हुनबाट रोक्न, बचाउन सक्ने शक्ति भएका कुनै देव-देवता वा ब्रह्मा वा अन्य कुनै शक्ति छैन ।" (अ.नि. चतुक्क निपात), आफूले गर्ने कुशल वा अकुशल, राम्रो वा नराम्रो, पुण्य वा पापको फल विपाक आफैले भोग्नु पर्नेहुन्छ । विश्व र व्यक्तिबीचको सम्बन्धता प्रष्ट्याउन बाहेक विश्व र व्यक्तिबीच सम्बधिकरण गर्ने नियोजितको रूपमा उहाँ रहनुभएन । उहाँको मेहेनत विश्व र व्यक्तिबीचको सम्बन्धमा सत्य तथ्य बुझ्न र बुझाउनमा केन्द्रित रहेको छ ।



Downloaded from http://dhamma.digital

# विश्वधर्मता

विश्व आफ्नै स्वभावअनुसार विधि विधानअनुसार संचालन प्रवर्तन हुने व्यहोरा हामी सबैले देखेकै छौं । कुनै बीउ भिजेको स्थानमा राखिरहँदा विरूवा उम्रिन्छ । त्यस विरूवामा तातो पानी अथवा कुनै रसायन राख्दा त्यो मरेर जान्छ । त्यस्तै विरूवामा मल वा त्यस्तै रसायन राख्दा झन् बढेर हुर्केर आउँदछ । कुनै कुनै आहार पानी आदि हाम्रो शरीरमा जाँदा हाम्रो शरीर बढेर शक्तियुक्त हुन्छ । कुनै कुनै आहार पानी आदि शरीरभित्र जाँदा मृत्यु पनि हुनसक्छन् । कुनै कुनै रूपादि दृश्य हाम्रो आँखा अगाडि पर्दा वा देख्दा हामी प्रसन्न हुन्छौ । कुनै कुनै दृष्य देख्दा डरत्रास, कुनै दृष्य देख्दा घृणा पनि उत्पन्न हुनसक्छन् । यी सबै प्रायः हामीले प्रत्यक्षरूपमा अनुभूत गरेका तत्वहरू हुन् । यसप्रकार अन्य इन्द्रियहरूसँग पनि आलम्वनहरू गोचर हुँदा त्यससँग मिल्ने भावना उत्पन्न हुनसक्छ । धेरैजसो यो सम्बन्धमा हुने अनुभूति एक समान हुन्छ । अतः यस सम्बन्धमा विचार गर्दा विश्वमा समान क्रियावली वा क्रिया पद्धति विद्यमान रहेको छ भन्ने तथ्य प्रष्ट हुन्छ । नयाँ विज्ञानले यस क्रिया पद्धतिलाई विश्व धर्मताः भनी चिनाइएको छ भने बुद्धदेशनामा 'धम्म नियाम' वा 'धम्म' वा 'धम्मभिरता' नामले चिनाइएको देखिन्छ । 'धम्म' शब्द अन्य अर्थमा पनि प्रयोग गरेको देखिन्छ । तर पनि यसर्थमा बढी



Downloaded from http://dhamma.digital

प्रयोग भएको पाइन्छ । पाली अहटकथाहरूमा धम्म, भाव, सभावधम्म आदि प्रकारले झन् प्रष्ट्याइएको छ । यसानुसार सबै प्राणी जन्मेपछि मृत्यु हुन्छन् । अन्य पदार्थ पनि उत्पन्न भएपछि विनाश हुन्छन् । उत्पन्न हुनु परिवर्तित हुँदै रहनु र विनाश वा नष्ट हुनुलाई 'संखत लक्खण' नामले चिनाइएको छ ।

यस नयाँ युगमा विकसित भौतिक विज्ञानको नजरमा भौतिक वस्तु सम्बन्धका ज्ञानगोचर भएको देखिन्छ । तर त्यस बाहेकका हाम्रा इन्द्रियहरूमा गोचर नहुने बिषयवस्तु सम्बन्धमा बुद्धदेशनामा उल्लेख भएको पाइन्छ । आमाको दूध वा दूध पिएर शिशु हुर्किएको बारेमा वा मल राखेर रूख हुर्किने बारेमा वा विभिन्न रसायन हालेर बोट-विरूवा फुलहरू चाँडै बढ्ने फुल्ने बारेमा जीव-विज्ञान र तृण विज्ञानले सिकाउँछ । तर यसो किन हुन्छन् त ? भन्ने प्रश्नको उत्तर त्यहाँबाट आउँदैन । महिलाको अनुहारमा दाह्री-जुंगा नउम्रने र पुरूषको अनुहारमा दाह्री-जुंगा उम्रने कसरी होला भन्दा हर्मोन निष्पादनमा भएको भिन्नताले गर्दा भन्ने उत्तर आउन सक्छ । सूर्यलाई घुम्ने ग्रहहरू एउटै दिशाबाट मात्र किन घुम्छन् त ? भन्दा उत्तर नआउन सक्दछ । वसन्त ऋतुमा अधिक मात्रामा फूलहरू फुल्छन् भन्ने थाहा भएतापनि किन वसन्तमा मात्रै त्यसरी फूलहरू बढी मात्रामा फुल्छन् ? भन्दा उत्तर नआउन सक्दछ

बुद्धदेशनानुसार यस्ता प्रश्नहरूको उत्तरको रूपमा 'धम्म' अथवा विश्वधर्मता हो भन्ने दर्शाइएको पाइन्छ । यसअनुसार



Downloaded from http://dhamma.digital

प्राणीहरू पनि जन्म र मृत्युको भुमरीमा जन्मदै मृत्यु हुँदै जन्मिदै संसार सञ्चालन गर्ने तथ्य पुष्टि हुन्छ । यो प्रक्रिया अन्तर्गत विश्वधर्मता विरूद्ध वा विश्वधर्मता विधि-विधानमा बाधा वा हानी हुने किसिमले काम-कार्य गरेमा उत्पन्न हुनसक्ने विपत्तिको विषयमा ध्यान राख्नु उचित हुन्छ । तपाईलाई जिउने अधिकार छ । तर जिउनको लागि प्राथमिक आवश्यकताहरू परिपूर्ति गर्दै अर्थात् जीवन पोषण गर्दै जीवन रक्षा गर्दा सीमा अतिक्रमण गरी अन्य जीवनसँग खेल्न वा अरूको जीउन पाउने अधिकारलाई कुण्ठित पार्ने अधिकार तपाईसँग छैन । अन्य जीवनका शान्तिपूर्ण विद्यमानता नष्ट गर्ने अधिकार कसैसँग छैन ।

शान्तिपूर्ण-सुखमय तरिकाले बितिरहेको जीवनका सुखशान्ति भङ्ग गर्ने सुनियोजित तरिकाले बिगार्ने वा त्यसो गर्ने सोचाई समेत राख्नु उचित हुँदैन । आ-आफ्नो स्वार्थसिद्धिको लागि स्वःइच्छा परिपूर्तिको लागि अन्य जीवनका साधारण सुख-शान्ति वा जीउन पाउने नैर्सिगक अधिकारमा बाधा अड्चन पुऱ्याउनाले तपाईले धर्मविरूद्ध काम गरेको ठहरिन्छ । विश्वधर्मता विरूद्ध गएको मानिन्छ । विधिको विधान प्रतिकूल भएको हुन्छ ।

कसैले मेहनत गरी कमाएको धनसम्पत्ति जर्वजस्ति ठगेर, लुटेर, चोरेर, फकाएर समेत आफ्नो बनाई प्रयोग गर्नुलाई वा त्यसबाट लाभ लिनलाई तपाईसँग अधिकार छैन ।



Downloaded from http://dhamma.digital

कसैले आफ्नो उत्साह-मेहेनतले बनाएको अत्यन्त विश्वाससहितको प्रेममय जीवनमा वा प्रेमपूर्ण सुखद् दाम्पत्य जीवनमा, मिलिजुली परिवारका बीचबाट सम्बन्ध भएर पारिवारिक सदस्यमध्ये कुनै एकको मन आफूप्रति कुनै तरिका वा प्रकारले आर्कषित गरी त्यो व्यक्ति वा परिवार दूषित वा विखण्डन गर्ने तपाईसँग अधिकार छैन । झूठो बोलेर, ब्याज व्यवहार देखाएर, छलकपट गरेर अन्यलाई फसाउन, फकाउन, ठग्न र वंचा गर्न तपाईसँग अधिकार छैन । हँसिलो मुहार भएकालाई गाली, गलौज भएनभएका वा कडा शब्द प्रयोग गरी उसको वा उनको मन दुखाउन वा उसलाई पीडित गर्न तपाईसँग अधिकार छैन । विश्वासमा मैत्रीपूर्ण व्यवहारमा रहेका मित्रादिको मित्रत्वमा आँच आउने किसिमले चुक्लि आदि गर्न तपाईसँग अधिकार छैन । ती कार्यहरूबाट आफूलाई लाभ प्रयोजन लिनु अपराध हुन् ।

यस्तै सोचेर भ्रमपूर्ण कुरा फैलाउनु समाजलाई अस्तव्यस्त बनाउनु हो । त्यसबाट प्राप्त गरिनें मनोरञ्जन वा लाभले समाज पीडित हुन्छ । मानवीय जीवन वा परिवार वा समाज अस्तव्यस्त बनाउँदै विनाशतिर धकेलिने मदिरा, लागु पदार्थ उत्पादन, निष्पादन, प्रवाहन बिक्री वितरण गर्नाले तपाईले सजिलोसँग धन कमाउन सकिने हुन्छ । तापनि त्यस्ता आपराधिक कार्यबाट जीवनयापन गर्न 'धर्म' वा विश्वधर्मताले अथवा विधिको विधानले तपाईलाई अनुमति दिंदैन । किनकी त्यस्तो कार्यबाट शान्तिपूर्ण जीवनमा व्यवधान उत्पन्न हुने र



Downloaded from http://dhamma.digital

जीवन समेत विनाश हुने भएकोले हो । कुनै एक व्यक्तिले त्यस्ता विनाशकारी लागुपदार्थ उत्पादन गरेर प्रवाह गरेर व्यापार गरेर जीविका चलाउँदा वा गर्दा त्यसकारणबाट दुर्बल मानसिक अवस्था भएका वा अन्य कारण त्यसको प्रयोगमा लाग्ने विशाल संख्या आ-आफ्ना धनसम्पत्ति विनाश भई भिखारी हुने हुन्छ । परिवार अनाथ हुने हुन्छ ।

विभिन्न रोगव्याधिबाट ग्रस्त हुने हुन्छ । अनेकौ व्यवधानहरू ती जीवनहरूमा विपत्ति निम्त्याई तपाईलाई सुखी बनाउने अनुमति विश्वधर्मताले दिंदैन । यस्ता कार्य-व्यापार सजिलो धनोपार्जनका मार्गहरू भएतापनि जनताप्रति सिद्ध हुने विपत्तिको जिम्मेवारीबाट तपाई पन्छिन पाउन सक्नुहुन्न ।

विषादि वा हातहतियार निष्पादन, बिक्री वितरण गरेर पनि अधिक लाभ फाइदा लिन सजिलो हुने हुन्छ । तर त्यसको असरले समाजमा उत्पन्न हुने व्यवधान धेरै नै हुने हुन्छ । सबै ठाउँमा आफूले आफूलाई संयम, नियन्त्रण गर्नसक्ने क्षमता नभएका व्यक्तिहरू जिउने हुन्छ । परिपक्व नभएका व्यक्तिहरू जीउने हुनाले योग्य चर्यामा लागिरहनु असमर्थ हुने हुन्छ । ती व्यक्तिहरूको कमजोरीको फाइदा उठाउँदै जुवा-तासघर, वेश्यालय, भट्टी आदि संचालन गरेर मनग्य धन कमाउन सकिने सजिलो मार्ग हो । आ-आफ्ना भावनाहरू ईच्छाहरू पालन-पोषण गर्न असमर्थहरू, आफ्नो सम्पत्ति आफ्नै लागि मात्र खर्च गर्न चाहने धनाध्यहरू त्यस्तो खेलेर वा अन्य



Downloaded from http://dhamma.digital

जीवनको बली चढाएर वा अन्य जीवनसँग खेलेर वा अन्य जीवनलाई हानी नोक्सानी पुऱ्याएर धन कमाउन वा मनोरञ्जन लिन धर्मले स्थान वा अनुमति दिंदैन । यस्ता प्रकारका जीवनवृत्तिलाई मिथ्या-जीविकाको नामले बुद्धधर्ममा चिनाइएको पाइन्छ ।

धर्म र अधर्म भनेर सबैजसो आगमिकहरूले चिनाउने आ-आप्नो 'आगम Religion का शास्ता (गुरू) प्रति जिम्मेवारी पन्छाएर हो । आफ्नो शास्ता वा गुरूले गर्नलाई भनेको 'धर्म' र प्रतिक्षेप वा नगर्नलाई भनेको 'अधर्म'को रूपमा अनुगामीकहरूले लिने गरेको देखिन्छ ।

हाम्रो भविश्यका सम्बन्धमा 'जिम्मेवारी हाम्रा शास्ताहरूलाई दिई हामी पन्छिएका छौं । तर आज विद्यमान कुनैपनि धर्म वा आगम पाँचहजार वर्ष पुरानो भएको छैन । तर विश्वको अतीत शतवर्ष हजारौं करोडौंले पनि प्रमाण गर्न सकिन्न होला । त्यसो भए अनन्त दीर्घकालहरूमा विद्यमान रहेका धर्म कुन होला ? त्यसबेलासम्म रहेका मनुष्य प्राणीहरू स्वर्गमा वा नर्कमा कुन मार्ग वा माध्यमबाट गएका होलान् ? आफू जन्मनु भन्दाका हजारौं करोडौं वर्षअधिका जिम्मेवारी आजभन्दा केही हजार वर्ष अगाडि जन्मनुभएका शास्ताहरूले लिएका वा लिन्छ भन्ने तत्थ्य स्वीकार्न सकिन्छ त ?

जे भएतापनि धर्म विभाजन गर्न सकिंदैन । एक-एक जनालाई आवश्यक हुने वा पर्ने किसिमले धर्म बाँड्न सकिन्दैन ।



Downloaded from http://dhamma.digital

एकै देशका भक्तजनलाई एक प्रकारले र अर्कै देशका भक्तजनलाई अर्कै प्रकारले धर्म विद्यमान रहन सक्दैन । आ-आफ्नै धार्मिक मान्यता जेसुकै भएतापनि धर्म एउटै हुन्छ । अधर्म पनि एउटै हुन्छ । सम्पूर्ण विश्वलाई साझा हुने हुनाले यसलाई विश्वधर्मता भनी चिनाउनु युक्तिसंगत हुन्छ । आ-आफ्ना धार्मिक मूल्य मान्यता जे सुकै भएतापनि अरूको भविष्य सुखदायी वा दुःखदायी हुने ती साझा विश्वधर्मतासँग जोडिएका व्यक्तिहरूका आचरणहरूका सामन्जस्यता वा द्वन्दात्मक घटना माथि निर्भर रहन्छ ।

बगिरहेको नदी छेउ पुगेका व्यक्ति पौडी खेल्न जान्ने भई त्यस नदीमा हाम्फालेमा पौडिनसक्ने दक्षता क्षमता र पानीको वेगअनुसार उसको सुरक्षा विद्यमान रहन्छ । पौडी खेल्न नजान्ने भई खोलामा हाम्फालेमा कुनै सुरक्षा रहन्न । डुंगा खोजी यात्रा गर्न सकेमा सुरक्षित र चाडै नै गन्तव्यमा पुग्न सक्ने हुन्छ । आफ्नो गन्तव्य खोला बग्ने विरूद्ध दिशामा भएतापनि मेहेनतका साथ डुंगा चलाउँदै लगेमा गन्तव्यमा पुग्न सक्ने हुन्छ । यसरी नै जीवन यात्रारूपी डुंगा चलाउँदा पनि त्यसलाई प्रभावित विश्वधर्मतालाई जानेर यात्रा गरेमा बाधा र पीडालाई पन्छाई यात्रा गर्न सकिन्छ । अभिमत गन्तव्यमा पनि पुग्न सकिन्छ । कुनै रोग निवारण गर्ने औषधि बनाउने सम्बन्धित रसायन वा रसायनहरू मिश्रित नमूना शरीरभित्र पठाई त्यसबाट शरीरमा उत्पन्न हुने प्रतिक्रिया वा प्रतिक्रियाहरू निरीक्षण परीक्षण गरिसकेपछि प्राप्त प्रत्यक्ष साक्षीलाई आधार बनाई



Downloaded from http://dhamma.digital

भन्दा अत्युक्ति नहोला । त्यसरी नै बृक्षलता, पशु वा अन्य विधामा पनि यस्तै सिद्धान्त वा क्रमवेदको विकास भएको पाइन्छ । विविध बस्तु वा पदार्थको कारण ती ती बस्तु वा पदार्थमा क्रियात्मक हुने परिवर्तन वा प्रतिक्रिया र त्यसबाट उत्पन्न हुने प्रभाव वा फलका आधारलाई प्रत्यक्ष साक्षी बनाई त्यसानुसार निर्धारण गरिने बस्तु वा पदार्थ हामीले देखेझैं विश्वमा भैरहेका घटनाहरू र नेपथ्यमा भैरहेका घटनाहरू पनि 'अभिज्ञा' शक्ति प्राप्त गरेका व्यक्तिले देख्न हेर्न सक्दछ । सूक्ष्म वा अतिसूक्ष्म क्रिया प्रतिक्रियालाई समेत हेर्न देख्न सक्दछ । बुद्धले यसरी देखेका तत्थ्यहरू धेरै सूत्रदेशनामा उल्लेख भएका छन् । सूत्रपिटकअन्तर्गत मज्झिमनिकायको भयभैरवसूत्रमा यसरी उल्लेख भएको पाइन्छ ।

"...उहाँ म, मेरो मन समाधिस्थ भई स्वच्छ निर्मल कोमल भई क्लेशरहित स्थीर कार्यक्षम भईरहँदा च्यूतोपपात ज्ञानको निम्ति मन झुकाएँ । मनुष्य शक्ति अतिक्रमण भई स्वच्छ दिव्यचक्षुले मैले मानवहरू च्यूत हुने र फेरि उत्पन्न (जन्म) हुने तरिका प्रक्रिया र उच्च, नीच, सुवर्ण, दुवर्ण सत्वप्राणीहरू तिनीहरूका काम कर्महरूको समानताका आधारमा सुगति र दुर्गतिमा जन्मिने अवस्था मैले देखें । ती ती मनुष्य प्राणीहरू 'शरीर, वचन, मन कर्म'बाट नराम्रो गरी गलत तरिकाले काम गरी, उत्तम पूज्य व्यक्तिलाई घृणा दोषारोपण आदि दुष्चरित्रको कारण दुर्गतिमा उत्पन्न भएका छन् । ती ती मनुष्य प्राणीहरू 'शरीर मन वचन



Downloaded from http://dhamma.digital

र कर्मबाटं राम्रो गरी सही तरिकाले काम गरी, उत्तम पूज्य व्यक्तिलाई सम्मान गौरव गरी सच्चरित्रको कारण सुगतिमा उत्पन्न भएका छन् ती सबै म देख्दछु।......"

बुद्धले आफ्नो प्रत्यक्ष अनुभूति त्यसरी देख्नुभएको विशेष अवस्था धेरै छन् । त्यसरी देख्नु भएको विशेष अवस्थाका घटनाहरू विस्तरात्मक रूपले देशनामा उल्लेख गर्नुभएको देखिन्छ । कुनै दुःख पीडा भोगेका मनुष्य प्राणी देख्दा उसलाई त्यस्तो दुःख पीडा किन भोग्नुपरेको भनी आफ्नो 'अभिज्ञा' शक्तिले परीक्षा गरी हेरी त्यसका कारणाकारणहरू अन्य जनलाई बताएको अवस्था पनि छन् । विशेष धन सम्पत्ति सुखादि भोगेका मनुष्य प्राणी देख्दा पनि कसरी उसलाई त्यस्तो सुविधा प्राप्त भएको भनी आफ्नो 'अभिज्ञा' शक्तिले परीक्षा गरी हेरी त्यसका कारणाकारणहरू पनि अन्य जनलाई बताएका अवस्था पनि छन् । बुद्ध स्वयंले मात्र नभई त्यो 'अभिज्ञा' शक्ति प्राप्त गरेका उहाँका शिष्य श्रावकहरूले पनि आ-आफ्ना अतीत जन्म घटनाहरू जनसामु प्रस्तुत गरेका पाइन्छन् । ती सबै तथ्यहरूमा समान साझा प्रक्रिया वा पद्धति रहेको तथ्य स्पष्ट हुन्छ ।

ती हुन् - कुनै व्यक्तिले आफूले गरेको काम क्रियाको समान स्वभावका फल प्रतिक्रिया स्वरूप उसलाई प्राप्त भएको देखिनु हो । यी नै सिद्धान्तलाई उजगार गर्दै बुद्धले जस्तो वीज रोप्छ त्यस्तै फल भोग प्राप्त गर्छ "यादिसं वपते विजं



Downloaded from http://dhamma.digital

तादिसं हरते फलं' भनी (धम्मपदमा) देशना गर्नुभएको पाईन्छ ।

आफूले गरेको कर्म अनुसारको फल भोग्नुपर्ने तथ्य उजागार हुने कुरालाई अझ प्रष्ट रूपमा उदाहरण सहित बुद्धले देशना गरी राख्नु भएको अवस्था मज्झिम निकाय कै 'वेरञ्जक, सालेय्यक चुल्लकम्म विभङ्ग सूत्रहरूमा उल्लेख भएको पाइन्छ ।' ती देशनाअनुसार यस साझा प्रक्रियामा दुईपक्ष देखिएका छन् । एकपक्ष 'म' अर्थात आफू हो भने अर्को पक्ष 'म आफू' भन्दा बाहिरका तत्त्व हुन् । मनुष्य, प्राणी, बृक्षलता आदि । आफूले गरेको कामले आफै पवित्र हुन्छ । आफूले आफूलाई नै संयम बनाउनुपर्दछ, नियन्त्रणमा राख्नुपर्दछ । आफ्नो साथ नाथ आफू नै हो । आफुलाई माया गर्नेले आफूलाई संयममा राख्नुपर्दछ । यी सबै प्रकाश 'म आफू' भन्ने प्रथमपक्ष सम्बनधमा भनिएको हो । शेष सबै व्यक्ति, प्राणी वा बस्तु दोस्रोपक्षका रूपमा लिइएको देखिन्छ ।

अतः प्रथम पक्ष (म-आफू) ले दोस्रो पक्ष (अरू-अन्य) लाई हानी, दुःख, पीडा नहुने गरी बाँच्न ध्यान दिनु पर्ने हुन्छ । त्यसकारण दोस्रो पक्षलाई के-कसरी हानी, दुःख, पीडा हुन्छ भन्ने ज्ञान हुनु पनि जरूरी हुन्छ । बुद्धले 'अत्तानं उपमं कत्वा' आफूलाई उपमाको रूपमा लिएर भनी माप दण्ड देखाई दिनुभएको छ । यो नै सरल र उचित तरिका हो अरूसँग व्यवहार गर्दा भन्दा अत्युक्ति नहोला ।

'आफूलाई उपमाको रूपमा लिएर' भन्ने माप दण्डअनुसार



Downloaded from http://dhamma.digital

छानेर रोजेको काम-क्रियामा लाग्न सकिन्छ । त्यस मापदण्डअनुसार गर्न नहुने, लाग्न नहुने काम क्रियामा लाग्नु गर्नु नै पाप हुन् । त्यस्ता कर्ममा झुकेको मन समेत अकुशल हुन्छ । सोचेर बुझेर त्यस्ता कर्मबाट पन्छिएर बस्नु कुशल हुन्छ ।

अरूको जीवन विनाश गर्नेको वा अन्यलाई कायिक-मानसिक रूपमा हिंसा-पीडा दिनेको प्रतिफल विपाक स्वरूप उसलाई दुःख भोग्नुपर्ने बाहेक मानिस भएर फेरि जन्मिएमा छोटो आयुको हुने, विभिन्न रोग व्याधिले ग्रस्तभएर पीडा भोगेर बाँच्नु पर्ने, कुनै बेला त्यत्तिकै अरूबाट दुःख पीडा व्यवधानहरू झेल्नु पर्ने, आकस्मिक दुर्घटना भोग्नुपर्ने र राम्ररी नबढेको शरीर र शरीराङ्ग भएको मानिस भएर बाँच्नु पर्ने इत्यादि फल विपाकको रूपमा प्रथम पक्षले दोस्रो पक्षलाई हानी नोक्सानी पुऱ्याएको कारण प्रथम पक्षले भोग्नुपर्ने हुन्छ ।

गौतम बुद्ध राजगृह नगर समिपमा रहेको 'जिज्झकुट पर्वत'फेदिमा चंक्रमन गरिरहेको बेला शिष्य भिक्षु देवदत्त उक्तपर्वतको चुचुरोमा चढी त्यहाँबाट ठूलो चट्टान ढुङ्गा गौतम बुद्धको टाउकोमा खसाले । बुद्धलाई मार्न खसालेको ढुङ्गा सीधै टाउकोमा नपरी तल अर्को ढुङ्गामा ठोक्किएर उछिटिएको त्यसै ढुङ्गाको एक टुक्राले खुट्टाको औंलामा लागेर रगत बग्नेगरी चोट लाग्यो । त्यसैले ठूलो पीडा भई मलम पट्टि पनि गर्नुपऱ्यो । सम्पूर्ण जगत प्राणीप्रति महाकरूणा फैलाउनुहुने



Downloaded from http://dhamma.digital

आफूलाई समेत यस्तो किन भएको होला भनी 'अभिज्ञा' शक्तिले अतीत हेर्दैजाँदा उहाँले कारणाकारण देख्नुभयो । संसार यात्राको क्रममा पारमिताको अभ्यास गर्नुभन्दा पहिलेको एक जन्ममा, आमा बितेका कारण बुबाले अर्को आईमाई विवाह गरी सौतेनी आमाको रूपमा घरमा ल्याएपछि उन्ले आफ्नै छोराछोरीलाई मात्र धनसम्पत्ति दिलाउने प्रयास गरिरहेको अवस्थामा बुबाको प्रथम आमाको छोरा भएको आफूले सौतेनी आमाको छोरा र भाइलाई मारेको रहेछ । त्यस दुष्कर्मको फल विपाक संसार यात्राको क्रममा अनन्तसमयसम्म अनन्तजन्महरूमा भोगिसके पनि समाप्त नभई यस जन्ममा बुद्ध भएपछि पनि त्यस ढुङ्गाको चोटको रूपमा विपाक भोग्नुपरेको तत्थ्य खुलासा गर्नुभएको छ । सो खुलासा अपदान पालीको पिलोतिकापदान वर्गमा पढ्न पाइन्छ ।

त्यस्तै आफ्नो पूर्वभवहरूमा आफू माछा मार्ने ठाउँमा गई त्यस दृश्य हेरी रमाएका कारण यस जन्ममा बुद्धहुँदा समेत विपाकस्रूप बेला बेलामा टाउको दुख्ने रोगले सताएको तत्थ्य पनि देशनामा उल्लेख भएको पाइन्छ ।

गल्ती गर्नु भैं अरूको दुःख देखेर सुनेर हाँस्नु, र माउनुले पनि नराम्रो फल विपाक दिन्छ भनेर उक्त बुद्धका अतीत घटनाले उल्लेख गर्दछ । बुद्धले आफ्नो बुद्ध ज्ञानले थाहा पाई प्रकाश पारेका ती तत्थ्यहरू सत्य घटनाको रूपमा बौद्धहरूले विश्वास गरेतापनि अबौद्धहरूले वा स्वतन्त्र



Downloaded from http://dhamma.digital

चिन्तकहरूले धेरैजस्तो प्रमाणित तत्थ्य घटनाको रूपमा विश्वास गर्ने वैज्ञानिक पर्याप्त आधारमा फेलापरेका वा अनुसन्धानले सत्य सावित गरेका तत्थ्य घटनाहरू छन् । 'अभिज्ञा' लाभ नभएता पनि पूर्वभवहरूमा प्राप्त दक्षताका प्रभावले यस जन्ममा पनि विशेष क्षमता र ज्ञान भएका वा प्राप्त गरेका व्यक्तिहरू यहाँ हुनसक्छन् र छन् पनि भन्दा अत्युक्ति नहोला । २० औं शताब्दीको मूल भागमा क्यालिफोर्नियामा बास गरेका एड्गार केले त्यस्ता समूहमा परेका सम्भाव्य व्यक्ति हुन् । विभिन्न प्रकारले पीडित व्यक्तिहरू उहाँकहाँ जाँदा आफ्नो विशेष मानसिक शक्तिको माध्यमबाट तिनीहरूको पीडाका कारण बनेको पूर्वभवका घटनाहरू प्रकाश पारेका छन् ।

तीमध्ये एक घटनाअनुसार तीन छोरा छोरीका आमा भएका ३६ वर्षीय आइमाई पक्षपातको रोगी भएछ । त्यसपश्चात् उनलाई हिंड्डुल गर्ने अवस्था आएन । ह्विल चियरबाट यताउता जाने उन्लाई एड्कार केलेकहाँ लगेछ । केलेले उन्को रोग निदान, मूल हेतु कारण देखाइदिनुभयो । उनी 'नीरो' को समयमा रोममा बास गरेका उच्चकुलका महिला रहेछन् । 'नीरो'हरूले क्रिस्तीयानीहरूलाई हिंसा पीडा दिंदा उनी ती नारीहरूसँग समीप आश्रय रहेको रहेछ । अहिंसक मानिसहरू सिंहलाई थुनेको ठूलो पिंजडामा पठाएर ती मानिसहरू ती सिंहहरूसँग कुस्ती खेल्दा र सिंहले ती मानिसहरू जिउँदै खाएको दृश्य हेरेर रमाउने खुशी हुनेहरूमध्ये ती महिला पनि



Downloaded from http://dhamma.digital

रहेछन् । त्यसैको बाँकी फल विपाकको रूपमा उनी आज पक्षाघात भएर बाँच्न बाध्य भएको तत्थ्य सिल्विया क्रेन्स्टनको मेनी मेन्सन (Many Mansion) पुस्तकमा उल्लेख भएको पाइन्छ । त्यस्तै अर्को घटनाअनुसार खुट्टामा क्षयरोगको कारण खुट्टा खुम्च्याउँदै हिँड्नु पर्ने एक युवती पनि एड्गार केले कहाँ लगेछ । तरूनी भएर पनि खुट्टा खुम्च्याउँदै हिँड्नुपर्ने युवतीको रूपमा बाँच्नुपर्दा भोग्नु पर्ने पीडा कति होला ! उनी पनि रोममा 'नीरो'को राजसभामा बस्ने उच्चकुलका महिला भएर रहेको रहेछ । धार्मिक बध-हिंसा विद्यमान उक्त समयमा धनीहरूको 'रमझम' को लागि देखाइने खेलको रूपमा रहेको 'भूखा सिंहसँग समातिएका मानिसहरूको भिडन्त' अन्तर्गत एक तरूण युवती सिंहको खोरभित्र राख्दा उक्त सिंहले ती युवतीका शरीराङ्गहरूमध्ये एक भित्री अंगलाई हातले फाटिरहेको दृश्यलाई हेरेर हाँसिरमाए । अरूको दुःख पीडामा यसरी रमाएको प्रतिफलको रूपमा वर्तमान जीवनमा पनि अन्य तरूण-तरूनीहरूको हेलाको रूपमा खुट्टा पनि खुम्च्याउँदै हिड्नु पर्ने बनाइदिएको तत्थ्य केलेले उल्लेख गरेको छ ।

त्यस्तै अर्को घटनाअनुसार १६ वर्षमै मोटर दुर्घटनाबाट आफ्नो ढाड भाँचिएर बाँच्नु परेको युवकलाई पनि केले कहाँ लगेछ । किनकी गरेको कुनैपनि उपचारले उसको रोग निको पार्न सकिएन । झन् तलको पूरै भाग अप्राणिक भई ह्विल चियरमा ६ वर्ष बिताए । पछि एड्गार केलेकहाँ लग्दा उनको



Downloaded from http://dhamma.digital

अतीतले पनि त्यस्तै घटना दोहोऱ्याएको देखिन्छ । क्रिस्तुवर्ष आरम्भको समयमा रोममा एक सैनिक भएर बाँचेको त्यस युवक धार्मिक वध हिंसाले पीडितहरू देखेर खुशी हुने गरेको रहेछ । त्यस्तै सैनिकहरूले कोर्दा आदिले पीडा दिंदा रमाउने गर्दो रहेछ । त्यसैको फलविपाकस्वरूप वर्तमानमा यो अवस्थामा बाँच्नु परेको तत्थ्य केलेले प्रकाश पारेको छ ।

गौतम बुद्ध जीवमान कालमा श्रावस्ती नगरमा आएका एक व्यापारी साथीहरूसँग जेतवन विहारमा गई बुद्धको उपदेश सुनेपछि बुद्धसमक्ष भिक्षु भई (आफ्नो सम्पति सबै भाइलाई जिम्मा दिई) ध्यान अभ्यास सिकी अन्य एकान्त ठाउँमा गई ठूलो मेहेनतले ध्यान गरी अर्हत भइबसे । तर धेरै मेहेनतको कारण दुबै आँखा अन्ध भएपछि चक्रमणको कारण आँगनमा थुप्रै कीराहरू मरिराखेको दृश्य अन्य भिक्षुहरूले देखी कीरा मार्ने उक्त भिक्षु बारे बुद्धसमक्ष कुरा उठाए । बुद्धले उक्त अन्ध भिक्षुको अतीतबारे प्रकाश पार्नुभयो । अतीतको एक जन्ममा एक आँखाको वैद्य भएर बाँचेको रहेछ । एक गरीव आँखा नदेख्ने युवती उराकहाँ औषधोपचारको लागि आएछ । तिम्रो आँखा निको पारे मलाई के दिने भन्ने प्रश्नको उत्तरमा उनले मसँग दिने केही छैन म आफै तपाईको दासी बन्नेछु भनी भनेछ । त्यस वाचाको आधारमा वैद्य औषधि गरेर उनको आँखा निको पारेछ । आँखा देख्ने भएपछि वाचाअनुसार वैद्यको घरमा दासीको रूपमा बस्न नचाहेका उनी वैद्यले



Downloaded from http://dhamma.digital

सोद्धा आँखाले राम्ररी नदेख्ने भनी बताएछ । तर वैद्यले कुरा चाल पाई बदला लिने भावनाले राम्रो हुने भनी अन्धो हुने औषधि दिएछ । तीनले पनि झन् राम्ररी देख्ने लोभले उक्त औषधि लगाउँदा पूर्णरूपमा अन्धो भएछ । उक्त समयमा वैद्य भएका आजका यस भिक्षु उक्त क्रियाको फलविपाक स्वरूप आज पनि अन्धो हुनुपरेको तत्थ्य उजागर गर्नुहुँदै दुष्ट मनले वा नराम्रो भावनाले गर्ने क्रियाकर्मले फलविपाकस्वरूप पीडा दिंदै संसारभरिएको पछिपछि जाने, गोरूको पछि पछि जाने बोझयुक्त गाडाजस्तै हो भनी धम्मपदट्ठाकथा चक्खुपालथेर नत्थुमा प्रकाश पार्नुभएको छ ।

कपिलवस्तु घर भएका गौतम बुद्धका ज्ञाति अर्हत भिक्षु अनुरूद्ध पनि एक हुन् । उहाँपछि आफ्नो गाउँमा जाँद । घरका ज्ञाति वन्धुहरू सबैले उहाँलाई भेट्न आए । तर कान्छी बहिनी एकजना मात्र नदेखेर सोद्धा आमाले रोहिणी छोरीको शरीर भरि कुष्ट भएकोले लुगा समेत लगाउन नसक्ने अवस्थामा रहेकोले रोगले गर्दा उनी घरभित्रै लुकेर बसेकी छिन् भनी भनिन् । पछि भिक्षु अनुरूद्धले बुद्धसमक्ष त्यस कुरा राख्दा बुद्धले उक्त रोगका कारणाकारण अतीत घटना सुनाउनुभयो । अतीतको एक जन्ममा उनी एक राजाको महारानी भई बसेकी थिइन् । राजाको अन्तपूरमा एक रूपसम्पन्न तरूणी देखि उनीप्रतिको इर्ष्या डाहाले उनको त्यो रूपशोभा नष्ट गर्ने उपायस्वरूप विष वर्गका फलहरू झिकाई चूर्ण बनाई उनी



Downloaded from http://dhamma.digital

सुत्ने ओछ्यानमा र लगाउने लुगामा छर्किन् । उक्त विषले गर्दा ती सुन्दरीको छाला बिग्री नराम्री भइन् । त्यस्को विपाकस्वरूप यस जन्ममा पनि तिम्रो कान्छी बहिनी रोहिणी कुष्टरोग जस्तो चर्मरोगले पीडित भई बाँच्नु परेको हो भनी धम्मपदट्ठाकथाकै रोहिणाी वत्थुमा प्रकाश पार्नुभएको छ ।

भगवान बुद्ध जीवमान हुंदा नै एक समयमा एक यात्री पानी जहाज समुन्द्रबीचको एक स्थानमा अचानक रोकिएछ । आ-आफ्नो जीन्दगीका विषयमा सबैलाई शंका उत्पन्न हुनु स्वाभाविकै हो । भारतीय पुरानो विश्वासअनुसार कुनै अलक्षिण व्यक्ति त्यस नौका ( पानीजहाज) भित्र रहनुले यस्तो दुर्दशा हुने हुन्छ । त्यस पानी जहाजमा भिक्षुहरू पनि यात्रा गरिरहेका रहेछन्  तर जनसमुदायको निर्णयअनुसार उहाँहरूलाई पनि चुप लागेर बस्नुबाहेक अन्य उपाय भएनछ । त्यस अलक्षिण व्यक्ति खोजेर उसलाई समुद्रमा खसाल्नु नै समस्याको समाधानको रूपमा जनसमुदायको निर्णय भएछ । एक अलक्षिण (अभागी) कै कारण सबैको जीवन विनाश हुन दिनुहुन्न भन्ने उनीहरूको ठहराई रहेछ । तर आजको युगमा यो उचित र न्यायसंगत निर्णय भनेर स्वीकारिंदैन होला । तर त्यसबेला विद्यमान सामाजिक विश्वासअनुसार उक्त निर्णय उचित र न्यायसंगत रहेछ । अतः सबैको नभए पनि बहुमतको आधारमा उक्त अभागी व्यक्ति खोजेर समुद्रमा खसाल्न तयार भएछ । त्यसबेलाको माहौल कस्तो होला तपाई अनुमान लगाउन



Downloaded from http://dhamma.digital

सक्नुहुन्छ ? चिट्‌ठाको प्रक्रियाद्वारा त्यस अभागी व्यक्ति खोज्न सकिन्छ भन्ने आज पनि विश्वास गरिन्छ होला । त्यसानुसार चिट्‌ठा राखेछ र त्यस अगाभी चिट्‌ठा एक नव विवाहित युवतीलाई परेछ । त्यो यत्तिकै भएको होला भनी दोस्रो पटक चिट्‌ठा राखेछ । दोस्रो पटक पनि उनीलाइ नै परेछ । फेरी एक अवसर दिने उद्देशयले फेरी चिट्ठा राखेछ तर तेस्रो पटक पनि ती नव विवाहित युवतीलाई नै परेछ । उनी उक्त पानीजहाजका क्याप्टेनका श्रीमती रहे । क्याप्टेनलाई पर्नु फसाद पर्‍यो । तर जनसमुदायको निर्णयको अगाडी केही बोल्न सकेन र सहमति जनाई उक्त निर्णयअनुसार गर्न अनुमति दिनैपर्‍यो । उनीले लगाई राखेका गरगहणाहरू त्यत्तिकै नास्ती हुनदिनु हुन्न भनी उनीका सवै गरगहनाहरू फुकाल्न लगाई श्रीमानलाई जिम्मा लगाईयो । उनी समुद्रमा छटपटेको हेर्न नसक्ने भनी श्रीमान ( क्याप्टेन)ले भनेकोले एकैचोटी पानीमा डुब्ने गरी बालुवाको बोरा घाँटीमा झुण्डाएर उनीलाई समुद्रमा खसालिदिएछ । अचम्म... । त्यसपछि उक्त पानीजहाज कुनै बाधा बिना नै सकुशल गन्तव्यमा पुगेछ । उक्त यात्री पानीजहाजमा यात्रा गरेका ती भिक्षुहरूले यस रोचक तर दुःखदायी बृतान्त भगवान बुद्ध समक्ष विस्तार गरेछ । र त्यसो के कारणले भएको हो भनी सोध्नु भयो ।

भगवान बुद्धले आफ्नो 'अभिज्ञा शक्ति' ले अतीतलाई आवर्जना गरी त्यसो हुनुको कारण उनकै पुरानो एक गल्ती रहेछ भन्ने बताए । बुद्धको त्यस विवरणअनुसार ती आइमाई (



Downloaded from http://dhamma.digital

नव विवाहिता युवती) पूर्व एक जन्ममा एक किसानको श्रीमती भई जीवन विताएको रहेछ । उनकै (त्यो भन्दा पनि) एक अतीत जन्मका श्रीमान् भएका व्यक्ति एक कुकुर भई जन्मेर त्यसै घरमा बसेको रहेछ । पूर्वजन्मको मायाले गर्दा उक्त कुकुर सधै उन्को अधिपछि लागिरहने नै भए छ । त्यसकारणले अरूले उनलाई जिस्क्याउन समेत थाले । उनी पनि लज्जित भएछ । पछि उक्त कुकुर आफुलाई झन्झट भन्ने ठानेर उबाट मुक्त हुने विचार गरेछ । एक दिन किसानलाई खाजा लगेर फर्कने क्रममा बीच बाटोमा आफूसँग भएको घैटोमा बालुवा भरी त्यो कुकुरको घाँटीमा बाँधेर नजिक भएको एक पानीको खाल्डोमा खसालिदिएछ । त्यो कुकुर पानीमा डुबेर मरेछ । पानीजहाजमा जाँदाजाँदै बीचमा ती आइमाईलाई भोग्नुपरेको विपाक आफुले गरेको त्यसै गल्तीको फल विपाक हो ।

भगवान बुद्धका अग्रश्रावक द्वयमध्ये बुद्धको देव्रे हातको रूपमा लिइने अर्हत् भिक्षु मौद्गल्यायन महास्थविर बुद्धधर्म जनसमुदायमा जनप्रिय लोकप्रिय बनाउन धेरै योगदान दिनु भएको ऋृद्धिबलमा अग्रस्थान प्राप्त गरेको ब्राह्मण भन्ते हुन् । त्यसकारण नै अन्य लब्धिकहरूको बैर (विरोध) मा परेका हुन् । अतः अपराधीहरूलाई पैसा खुवाई ती अपराधीहरू मार्फत् उहांको धात गर्न पछि परेनन् । ऋद्धिसम्पन्न त्यस्तो श्रेष्ठ व्यक्ति समेत अरूको हिंसाबाट किन मुक्त हुन सकेन र त्यस्तो दुःखदायी मरण भोग्नुपरेको भनी बुद्धसमक्ष जिज्ञासा



Downloaded from http://dhamma.digital

राख्दा बुद्धले त्यसको कारण पनि दीर्घ अतीतको एक जन्ममा उहाँले गर्नुभएको गल्तीको फल विपाक हो भनी खुलासा गर्नु भयो ।

अतीतमा एक गृहपतिको रूपमा बाँचेका उहाँ आफ्ना मातापितासंग बास गरेको रहेछ ।बीचमा त्यस गृहपति भार्या र उसको बृद्ध आमा बुवाको बीचमा झगडा भएछ । सासु (ससुरा) बुहारीको झगडा (कलह) आज पनि सुलभ घटना हुन् । बृद्ध ससुरालाई पनि आफ्ना पत्नीको पइन नलिई भएन र एक पुरूष ( छोरा)लाई पनि आफ्नो पारिवारिक जीवनमा भोग्नु पर्ने यो भन्दा अप्रसन्न अन्य घटना हुँदैन होला । एकातिर आफुलाई हुर्काएका आमाबुवालाई बेवास्ता गर्नु मुस्किल हुन्छ । अर्कोतिर आफ्नो पत्नीको मलिनो अनुहार हेरेर बस्न पनि गाऱ्हो हुन्छ । धेरैजसो अवस्थामा यहाँ छोराहरू धर्मसंकटमा पर्ने गर्दछन् । धेरै उपायपश्चात् अन्तमा आफ्नै आमा बुवा घातन गराउनमा ती बुहारी सक्षम हुन्छिन् । त्यो बेला हुदाँसम्म ती बृद्ध बृद्धाका आँखा धेरै कमजोर भइ प्रायः नदेख्ने अवस्थामा पुगी सकेकोले उनीहरूको उपाय कार्यान्वयन गर्न झन् सजिलो भएछ । जे जसरी होस् त्यस अवस्थामा उत्पन्न समस्याबाट उम्किन सफल भएछ । तर त्यसपछि कतिपटक उक्त कर्मले गर्दा उनीहरूले दुःख पीडा भोग्नुपर्ने भन्ने बारेमा केही उल्लेख नभएता पनि यस जन्ममा भने धेरै नै पीडा खप्नु परेको रहेछ । आ-आफ्नो स्वतन्त्रता स्वच्छन्दताको लागि सजिलोको



Downloaded from http://dhamma.digital

लागि दु:ख गरी हुर्काएका आफ्ना आमा बुवालाई मरण दण्ड दिनु यो कत्तिको उचित ?

मानिसहरूलाई सिद्ध भएका यस्ता घटनाहरू र त्यससित सम्वन्धित कारणाकारणहरू सम्वन्धमा परिक्षाकारी हुंदा विश्वधर्मताको बारेमा थोरै भएपनि ज्ञान हासिल गर्न सकिन्छ । रवरको बलले पर्खालमा हान्दा जसले जहाँबाट हानेको हो उतैतिर उसैकहाँ फर्केर आउने तरिका हामीले देखेका छौ । यसप्रकार आफूले अरूलाई गरेका ती कर्महरूका समान फलहरू पनि फेरी आफू कहाँ आउनु विश्वधर्मताको लक्षण हो । कसैलाई राम्रो वा नराम्रो फलस्वरूप पछि प्राप्त हुने सो सायद त्यही व्यक्तिबाट नहुन सक्छ । यसै जन्ममा भएपनि हामीले कसैलाई उपकार गरेको भएपनि उसबाट प्रत्यूपकार कहिले काहि मात्र प्राप्त हुन्छ होला । सायद प्राप्त नहुन पनि सक्दछ । यस जन्ममा नै हामीले उपकार गरी (सहयोग रेरर) विकसित भएका, बनेका व्यक्तिहरू चार प्रकार हुन सक्दछन् ।

१. आफू (अरूको सहयोग उपकारले) बनेपछि सहयोगउपकार गरेका व्यक्तिप्रति चोसो नराख्ने व्यक्तिहरू:- आफूलाई गरेको उपकार सम्भिन्छ तर प्रत्यूपकार गर्न चासो राख्दैन । आफ्नो विकास अभिबृद्धिको लागि नै मेहेनत गरिरहन्छ । आफूले जोडेका सम्पत्तिको आफै मात्र उपयोग गर्न नै लागि परिरहन्छ ।

२. तपाईबाट प्राप्त भएको उपकारलाई तपाइबाट पाएको



Downloaded from http://dhamma.digital

सम्पत्तिको रूपमा नभई आफ्नै मेहेनत र अधिकार स्वरूप प्राप्त गरेको सम्पत्ति झै ठान्ने व्यक्तिहरूः- तपाईले जति करूणा र मैत्रीयुक्तभई उपकार सहयोग गरेतापनि उनीहरू त्यसलाई आफ्नो दक्षता क्षमताले गर्दा प्राप्त गरेको बा आफ्नो भाग्यले गर्दा प्राप्त भएको भनी सम्भिन्छन् । त्यसरी मनमा लिने वा सम्भिने व्यक्तिले प्रत्युपकार गर्न सक्दैन । त्यसप्रति मतलब नै गर्दैन ।

३. तपाईको सहयोग- उपकारले गर्दा अभिबृद्धि भएका व्यक्तिहरू तपाइको सहयोग उपकारले तपाईभन्दा धनसम्पत्ति र मान प्रतिष्ठाले माथि पुगेर पनि ती कुरा- तत्वहरू तपाइको कारणले प्राप्त भएको भनी अरूले थाहा पाउला भनी लाजले त्यसलाई लुकाउन खोज्छ । उनीहरू ती सबै आफ्नो प्रयास र मेहेनतले मात्र प्राप्त गरेको भनी समाजमा देखाउन चाहन्छ । त्यसकारण नै सहयोग- उपकार गर्ने व्यक्ति त्यस समाजमा नै नरहे वेश हुन्छ भन्ने सोच्दछन् । उपकार गरेको व्यक्तिको शीघ्र मृत्यु नै उनीहरूलाई सहज हुन्छ । किनकी त्यो रहस्य ( तपाइको उपकारले गर्दा उनीहरू यो स्थानमा आएको तथ्य) तपाई बाचुन्जेल आफ्नो शीर पूर्णरूपमा माथि उठाई बस्न उसलाई अप्ठ्यारो महसुश हुने हुन्छ ।

४. मलाई उपकार गरेको व्यक्तिलाई मैले पनि प्रत्यूपकार गर्नुपर्दछ भन्ने व्यक्तिहरूः- आफूलाई गरेको कुनै पनि



Downloaded from http://dhamma.digital

सहयोग र उपकारलाई सम्झेर त्यस उपकारको प्रत्यूपकारको रूपमा आफ्‌ना इच्छा आकांक्षालाई समेत पन्छाएर उनीहरूलाई पनि सहयोग र उपकार गर्ने हुन्छ । मानसम्मान गर्ने हुन्छ । परेको कुनै बेला आफुले पनि सहयोग उपकार गर्ने हुन्छ । यी चार प्रकारका व्यक्तिहरूमध्ये अन्तिम व्यक्ति समाजमा दुर्लभ नै हुन्छ ।

माथि उल्लेखित मानव स्वभावलाई बुझ्दा तपाइले कसैलाई कुनै उपकार गरेको भए उसबाटै त्यसको प्रत्यूपकार प्राप्त हुन्छ भनेर आशाख गर्न सकिदैन । तर त्यस व्यक्तिको सट्टामा अन्य कसैले भएपनि तपाईलाई तपाईले गरेको उपकारका समान सहयोग गर्न वा प्राप्त हुने हुन्छ । अतः तपाईले गरेको सहयोग वा उपकार अरूले थाहा पाउने गरी गरिराख्नु पर्दैन । अथवा अरूलाई तपाईले गरेको उपकार सहयोग सम्वन्धमा भनि राख्नुपदैन । त्यस तथ्य स्वयंक्रियरूपमा अन्यले थाहा पाउने हुन्छ । स्वतः सौभाविक रूपले अरूलाई महशुस हुने हुन्छ । यो विश्वधर्मताको विश्मपयजनक लक्षण हो भन्दा अत्यूक्ति नहोला । यो स्वचालित विश्वको रूपमा उल्लेख गर्न सकिन्छ ।

पुरातनमा विकिरण र तरंगका बारेमा जानकारी नहुँदाको समयावधिमा पनि त्यसको क्रियाकारीत्व मानिसहरूलाई अनुभूत भएको थियो । त्यस बेला यसलाई आश्चर्य, अद्‌भूत तत्वको रूपमा बुझिलिएका होलान् । किनकी यस्ता परिस्थितिलाई विस्तार वा व्याख्या गर्न उपकरण त्यो बेला थिएन । त्यसकारण



Downloaded from http://dhamma.digital

त्यसरता गतिविधलाई 'देव शक्ति' को रूपमा मान्यता पाए । विश्वभरि फैलिएको देवता वा लोकेश्वर भन्ने त्यहींबाट प्रभव भएको हुन सक्दछ । ईश्वरको रूप आठ प्रकारका हुन्छन् भनी उहाँलाई 'अष्टमुर्ति' भन्ने नाम पनि भाविता गरिएको देखिन्छ । ती आठ प्रकारका रूपहरू हुन्- सूर्य, चन्द्र, पृथ्वी, आपो,तेजो, वायु, आकास, यागकार । त्यसबेला थाहा पाएका लोक अन्तर्गत हुने गरी ईश्वर संकल्प विकसित गरेको देखिन्छ । आज आवाज (शब्द) को वेग पत्ता लगाएको छ । आलोक ( प्रकाश) को वेग पनि पत्ता लगाएको छ । विद्युत तरंग र अझै वेगले जाने वस्तुहरू छन् भन्ने अनुमान लगाएका छन् ।

मानिसहरूले सोच्ने कल्पनाअनुसार परिवर्तन हुँदै उनीहरूको शरीरबाट शक्ति विशेष निस्कने तथ्य यसबेलासम्ममा पत्ता लगाएका छन् । खिचेको र खिच्ने तस्विर (फोटो) को माध्यमले ती तथ्यहरू पत्ता लगाएका हुन् । एक जना मानिसले सोच्ने कल्पनाअनुसार परिवर्तन हुने ती रश्मि तरगं विविध वर्णहरूले युक्त हुन्छ । मानिस कामको धआदि चिन्तनाहरू ( विचारहरू) बाट उत्तेजित भइरहदाँको अवस्थामा वा मानिस प्रसन्न भइरहुँदाको अवस्था ती तस्विरहरूबाट पत्ता लगाइएका छन् । त्यस सम्वन्धमा लेख्ने केलिर्फोनिया विश्वविद्यालयका बैद्य मनोबैज्ञानिक तेल्व मोस् एडमनको पत्र र उसले इन्युसिन् र किर्लियन्संग तयार पारेको सोध पत्र अनुसार पनि मानिसको शरीरमा हुने मानसिक परिवर्तनसंगै परिवर्तित वर्णहरू बारेमा उल्लेख छ ।



Downloaded from http://dhamma.digital

मानिसको चिन्तनअनुसार परिवर्तन हुँदै शरीरबाट उत्पन्न विविध बर्णसहितका ती शक्ति तरंगहरू बाहिरी अकाशमा कति टाढासम्म फैलिन्छ त ? कत्तिको वेगले यात्रा गर्दछ त ? ती ती शक्तितरगं बाहिरी अवकाशमा अन्य त्यस प्रकारकै शक्तितरंगसंग संमिश्रण भएपछि कस्ता प्रतिफल उत्पन्न गराउंदछ ? भन्ने विषयमा विज्ञान उपकरणहरूलाई पत्ता लगाउन अझ समय लाग्छ नै होला । तर मानसिक अभिबृद्धिले आध्यात्मिक शक्तिको रूपमा चिनिने अभिज्ञा शक्तिद्वारा आकाशमा सम्मिश्रित शक्तिद्वरा ती ती शक्ति तरंगहरूले त्यसअनुसार प्रतिक्रियाहरू उत्पन्न गर्दछन् भन्ने तथ्य उजागर गर्दछ भन्ने कुरा त्यसप्रकारका अभिज्ञा शक्ति प्राप्त उत्तमहरूले गरेको प्रकाशबट थाहा हुन्छ । कुनै पनि व्यक्तिले आफ्नो मनमा जनित गर्ने कुनै परिकल्पना, सोचाई वा चिन्तन, मनका कुरा उसको शरीरबाट तरंगित भई बाहिरी आकाशमा सम्प्रेषण हुन्छ भने अन्य व्यक्तिहरूको त्यस्तै तरेगसंग आकाशमा घट्टन भई जोडिएर संमिश्रण भई नयाँ तरंगको सृजना पनि हुनसक्दछ । आजसम्मका युरोप र अमेरीकामा E.S.P. (Extra Sensory Perception) नामले चिनाउने परिक्षणहरूबाट सहमतिमा आएको एक तत्थय भने कुनै एक स्थानमा द्धटिने कुनै एक घटना उक्त स्थानभन्दा हजारौ माइलपर (टाढा) को अन्य स्थानमा त्यत्तिकै बेला नै अर्को व्यक्तिलाई अनुभूत (महशुस) हुने हुन्छ भन्ने हो । आजसम्ममा पत्ता लगाइएका इतिहास भरिका विश्वका विभिन्न देशहरूमा



Downloaded from http://dhamma.digital

भेट्टाइएका ऋषिहरू श्रमणाहरू, भविष्यबक्ताहरू, ज्योतिषीशास्त्रीहरू, निमित्त पाठकहरू आदि नामले चिनिने व्यक्तिहरू नजिक हुन प्रयत्नरत भएको यही विश्व संचारसंग नै हो सार्थक तवरले नजिक पुग्न सकेकाहरूले सत्य तथ्य प्रकट गरेका छन् ।

वैज्ञानिकहरूको सूक्ष्म तार्किक विमर्शण-विश्लेषण नभएतापनि पुरातनदेखि मानवहरूले यस विश्व संचार सन्निवेदन (विश्वधर्म)लाई विश्वास गरेको देखिन्छ । कुनै बेला कसैलाई "हाछ्यू" आउँदा वा जांदा 'कसैले सम्झ्यो' कसैले नाम लियो वा याद गऱ्यो आदि किसिमका अनुभूतिहरू वा परिकल्पनाहरू साधारण मानिसहरूमा समेत भएको तथ्य वर्तमान समयमा पनि सुन्नमा पाइन्छ । मानिसहरूमा भयानक परिकल्पनाहरू अधिक रूपमा मनमा रहँदाको समयमा पानी (वर्षा) नपर्ने र बृक्षलता आदिमा फूलहरूका मात्रामा मात्रै फुल्ने वा नफुल्ने भन्ने विश्वास पनि रहेको छ । मानिसहरूको बिचमा एकापसमा एकापसप्रति करूणा र मैत्रीचित्त फैलाई बसेको बेलामा अथवा एकापसप्रति करूणा र मैत्रिपूर्वक रहेको बेला विश्व हराभरा हुने धारणा पनि पहिलेदखि रहेको पाइन्छ । यी तथ्यहरू अन्वेषण वा पर्येषणागाार ( पर्येषणस्थल) मा लगेर परीक्षा गर्नसक्ने अवस्था छैन । तर मानिसहरूमा अखण्डरूपमा विद्यमान ती विश्वासहरूमा केही सत्यता भएर नै आजसम्म प्रचलनमा आएको पाइन्छ । मानिसलाई विविध रोगव्याधि उत्पन्न हुनुमा पनि मानिसहरूकै नराम्रा चित्तावलि



Downloaded from http://dhamma.digital

वा परिकल्पना हेतु हुनसक्दछ । धरती भूमि भित्रका खनिजतेल, ग्यास र अन्य रसायनिक द्रव्यबाहिर ल्याई भाविता गर्ने कारणले पनि आकासमा ओजयोन लेयर (Ozoner Layer) मा प्वाल पर्ने भई पृथ्वीमा झर्ने अल्ट्रावयृलट रश्मीका कारणले पनि हाम्रा वातावरण दूषित हुन पुग्दछ भन्नेमा सत्यता छ । तर त्योभन्दा पनि धेरै गुणा बढी मानिसका मनहरूबाट विकिरण (फैलिने) नराम्रा (भयानक) चित्त धारा (रश्मी) हरूले हाम्रा वातावरण वा परिसरमा, समाजमा हानी नोक्सानी हुन्छ भन्ने तथ्यलाई पनि मानिसले बिर्सनु हुँदैन ।

युद्ध तथा मनुष्य धातन इतिहासमा नभएको काल परिच्छेद छैन होला । तर हाम्रो इतिहासमा ठूला परिमाणमा मनुष्य घातन शुरू भएको वीसौ शताब्दीको दोस्रो दशकदेखि होला । ५ वर्षे प्रथम विश्व युद्धबाट धेरै मनुष्य पतन भएको लगतै रसियामा कम्युनिष्ट विप्लवबाट थप लाखौ मानिसहरूको घातन भयो । त्यसपछि उत्पन्न फ्रान्स विप्लवबाट घातन भएका मानिसहरूको बेदना तथा प्रतिशोधका भावना असीमित थियो होला । त्यसपछि मुसलोनिको विसीयानु घातन, हिट्लरको युदेव संहार तथा दोस्रो विश्व युद्ध मनुष्यघातनका उच्च अवस्था हुन् । हिरोसिमा तथा नागासाकी टापूहरूमा एकैदिनमा दुई लाखभन्दा बढीको मनुष्यघातन भयानक छ । त्यस पश्चात् पनि चीन विप्लव, भावतमा हिन्दु-मुस्लिम द्वन्द्व, पोलकोटको कम्बोज संहार, नेपालकै जनयुद्ध तथा राजपरिवारसहितका घातन आदि किसिमले यो



Downloaded from http://dhamma.digital

अवस्थासम्ममा बृद्धि हुँदै गएका मनुष्य घातन र ती विभिन्न तरिकाले घातन हुंदा मानिसहरूले अन्तिम सास द्वेष,वैर वा प्रतिशोधपूर्वक नै छोडे होला । उनीहरू मृत्युहुदा उनीहरूको मन (चित्त) बाट उत्पन्न दूषित (विष युक्त) चेतना धारा ( तरंगहरू) अवकासमा जति जति समिश्रण हूदै गएको छ र हूदै आएको छ तयतिनै पहिले नभएका रोग व्याधिहरू , भाइरसहरू, प्राकृतिक प्रकोपहरू बद्दै गएको र बद्दै आएको देखिन्छ । ओजोन लेयर (Ozone Layer) घट्दै जानुमा रसायनिक द्रव्यका साथै ती दूषित चेतना धाराहरू पनि कारक बनेको छैन भनेर कस्ले भन्न सक्दछ र ?

यसप्रकार द्रव्यात्मक रूपमा देख्न नसक्ने यी एकात्मता विश्वभरी नै विद्यमान भइरहने लक्षणयुक्त देखिन्छ । हामीले सोचेर बुझेर गर्ने प्रचार-प्रसारभन्दा पनि यी विश्वधर्मता हाम्रा प्रत्येक क्रियाकार्यमा पाउने हुन्छ । अतः तपाईले गर्नुहुने असल राम्रो काम कर्म क्रियाहरूको बारेमा अरूलाई थाहा पाउन दिन तपाईले मेहेनत वा प्रयत्न गर्नुपर्दैन । त्यस्तै तपाइले गर्ने कुनै कार्य लुकाउनलाई तपाईले गर्ने प्रयत्न पनि व्यर्थ हुनजान्छ । जति लुकाएर नराम्रो काम गरेतापनि अचम्म तरिकाले ती गुप्त तथ्य प्रकट भएका अवस्था हामीसामू छ । पाप गर्ने व्यक्तिले ती पापकर्म लुकाउन सक्दैन भन्ने सामूहिक मान्यता सबै धर्ममा पाइन्छ ।



Downloaded from http://dhamma.digital

कसैले कुनै बेलामा कुनै किसिमको गल्ती वा नराम्रो काम आफ्नो वरपरको मानिसहरूले थाहा नपाउने , नदेख्ने वा नसुन्ने गरिकन सिद्ध गर्न सक्दछ होला । तर त्यस प्रयत्न र उपाय आँखा र कानको लागि मात्र सीमित हुन्छ । त्यस तथ्यलाई अन्यजनबाट जति लुकाए तापनि ती जनमा त्यस गल्ती नराम्रो काम गरेको व्यक्तिप्रति मनमा अप्रसन्न वा अप्रिय वा घृणा स्वभाव जनित हुन थाल्दछ । आफूले गल्ती वा नराम्रो काम गर्दै आफू राम्रो र असल व्यक्ति भनी जति प्रचार गर्दै हिडे पनि अन्य जनमानसको मनमा उनीहरूले थाहा पाउने गरी नै त्यस व्यक्तिप्रति अप्रिय भाव जनित भै रहेको हुन्छ । किनकी त्यस्तो गल्ती वा नराम्रो काम प्रथम पक्षले दोस्रो पक्षलाई गरेको हुन्छ । आफू प्रथम पक्ष भने बाॖकी विश्व सबै दोस्रो पक्ष हुन्छ । त्यो दोस्रो पक्षको जुन ठाउँमा चोट पुर्याएता पनि सबै ठाउँमा दुख्ने हुन्छ । त्यसकारण यो जुनीमा वा अन्य जुनीमा दोस्रो पक्षको प्रतिक्रियाबाट पहिलो पक्ष प्रभावित हुनुपर्ने हुन्छ । सूर्य, चन्द्र, हावा, आगो, आकाश, धरती र जल, आफ्नो मन शमारले सबैको सबै प्रकारका ( कर्म) क्रियाकारित्व देख्छ भन्ने जनव्यवहारमा सुन्नमा आएको कारण पनि यही तथ्थानुसार होला । जति गुप्त तरिकाले रहस्यपूवर्क कुनैपनि काम जहाँ बसेर गरेको भएता नि आवश्यक ठाउँमा त्यो कुराको आभास र अनुभूति प्राप्त हुने हुन्छ । सीमित समय अथवा काल



Downloaded from http://dhamma.digital

परिच्छेद ( अवधि) राख्न सकिने भएतापनि निश्चित समयावधि पछि स्वतः त्यस कार्यको अनावरण भएर जान्छ ।

सयौं हजारौं वर्ष पहिले तपाईले गरेका गलतक्रियाका प्रतिफल आज प्राप्त हुन सक्दछ । तपाईले त्यसबेला गरेका गल्तीको पीडा भोगेका व्यक्तिहरू सायद आज जीवित छैन होला । तपाईले त्यो बेला गरेको गल्तीको बारेमा जानेका थाहा पाएका वा सुनेका व्यक्तिहरू पनि सायद आज छैन होला । तर दोस्रो पक्षका अन्य व्यक्तिहरूबाट त्यस गल्तीका समान प्रतिक्रिया आज तपाईलाई प्राप्त हुनसक्छ । एक उदाहरणको रूपमा बुझ्नुपर्दा एक महिलाले एक अहिंसक कुकुरको घाँटीमा बालुवाको बोरा (ढुंगा) झुन्ड्याएर पानीमा डुबाएको तथ्य आज कसैले थापा पाइराखेको छैन होला । तर त्यसको धेरै समयपछि उनीको घाटीमा पनि ढुंगा झुण्डाएर समुद्रमा डुवाउने व्यक्तिहरू अरूहरू नै आए । त्यस्तै पूर्व बैद्यले गरीव महिलाको आँखा अन्धो पारिदिएको कसैले थाहा नपाउने किसिमले हो । त्यो तथ्य आफूलाई मात्र थाहा छ भनी त्यस बैद्यले त्यस अवस्थामा सोचेको होला । तर दीर्घकालपछि त्यस गल्तीको विपाक आफू पनि अन्धो हुनुपर्दाको अवस्थामा थाहा भयो ।

गौतम बुद्ध जीवमान कालमा नै जीवित इसिदासी नामक भिक्षुणीले अर्हत्वसहित अभिज्ञा पनि प्राप्त गरेका रहेछन् । आफ्नो अभिज्ञा शक्तिले आफ्नो जीवनीमा प्रकाश गरेका रहेछन् । सो कथानुसार उनका पिता एक धनाद्य व्यापारी



Downloaded from http://dhamma.digital

थियो । त्यस धनी व्यापारीको एक्लो सन्तानको रूपमा एक छोरी उहाँ नै थिई । त्यस व्यापारीको सबै जायजेथाका अंशियार पनि उहाँ नै थिईन् । उनी तरूणी भएपछि सम्पत्तिवान एक तरूणसंग विवाह गरी दिएका थिए । तर विवाह भएको केही महिना पश्चात् नै विना कुनै कारण त्यस व्यापारी युवालाई आफ्नो नयां दुलही मन परेन । अतः बुबाकहा़ छोरीलाई फिर्ता जिम्मा लगाई गएछ । आँखाभरी आन्सु लिएर घरमा बसेकी छोरी बुबाको लागि भारी समान हुनथाल्यो । आफ्नो बुबाको भार हुदै घरमा बस्नु पनि गुणसम्पन्न छोरीलाई दुःख हुनु स्वाभाविक हो । अतः केही समयपश्चात् बुबाले मध्यम वर्गिय मध्यम बर्गीयका खोजी पुनः विवह गरिदिएछन् । उनी जति राम्री र गुणसम्पन्न भएतापनि केही अन्तरालमा नै उक्त दोस्रो पतिलाई पनि उनी मन परेन । तिमीसंग बस्न मलाई मन छैन भनेर दोस्रोले पनि आफ्नो श्रीमति सुसुराकहाँ गई जिम्मा लगाई गएछन् ।

धनी र गरीब बीचको भिन्नता धन हो । धन भएमा श्रेष्ठी हुन्छ । त्यही व्यक्ति धन नभएमा भिखारी हुन्छ । यही धारणामा रहेका त्यस श्रेष्ठी बुबाले बाटोमा मागी खाने एक युवकलाई घरमा ल्याई नुवाइ-धुवाई राम्रो लुगा लगाउन दिई घरको सम्पत्तिको दोस्रो मालिकको रूपमा राखेर आफ्नो छोरीलाई उसूग विवाह गरिदिएछन् । तर अपशोच उक्त युवकलाई पनि केही समय पश्चात् उनीसंग बैवाहिक जीवन विताउन मन



Downloaded from http://dhamma.digital

लागेनछ । एक दिन आफ्नो पुरानै लुगा, माग्ने भाँडो लिएर उक्त महलबाट प्राप्त सबै लुगा, सम्पत्ति र छोरी ससुरालाई नै सुम्पी त्यस युवक भिखारीको रूपमै बाहिर गएछ । कस्तो विडम्वना !क्ष तेस्रो पतिले पनि छोडेर गएपछि उनको के हालत् भयो होला ? एक गरीबले समेत आफुलाई तिरस्कार गर्नाको कारण थाहा नपाएकी उनी अन्तमा आत्महत्या गर्ने निष्कर्षमा पुगिन् । तर अचानक त्यस अगाडि एकदिन एक भिक्षुणीसंगको भेट पछि उनी पनि भिक्षुणी भईन् ।

पूर्व एक जन्ममा उनी धेरै रूपश्री सम्पन्न थिइन् । त्यही रूपशोभाको बलमा अर्काकी श्रीमानलाई जालमा फसाएर उसूग घरजम गरिन् । आफ्नो रूपशोभाको कारण अर्को स्त्रीको श्रीमान्लाई जर्वजस्ति आफ्नो बनाएको गल्तीको विपाकस्वरूप वर्तामान जीवनमा आफूजति राम्री र ज्ञानी भएतापनि एक भिखारीलाई समेत उनले पतिको रूपमा राख्न सकेन ।
सायद सयौ हजारौ वर्षपहिले उनले गरेको अनुचित कार्य देखेका, सुनेका अहिले छैनन् । उनको गल्तिको कारण अनाथ भएका उक्त स्त्रीले गरेको पनि केही छैन । तर पनि त्यसको विपाक प्राप्त भयो । किनकी हिजोको विश्व आज पनि छ भोलि पनि रहनेछ । त्यसभित्र विद्यमान सन्निवेदन संचारको क्रियाकारित्व संचालनअनुरूप धेरै समयपछि पनि कुनै स्थानबाट त्यस पूर्वक्रियाको प्रतिक्रियास्वरूप प्रतिफल उत्पन्न भएको हो । उनले पूर्व जन्ममा आफूलाई प्राप्त सौन्दर्यलाई हतियार



Downloaded from http://dhamma.digital

बनाई सौन्दर्यहीन स्त्रीका स्वामीपुरूष अपहरण गर्न प्रयोग गरेको मात्र हो । आफ्नो योग्यता वा दक्षता अन्य व्यक्तिको हानी नोक्सानीको लागि प्रयोग गरी उक्त स्त्रीलाई पतन गराएको कारण उनको वर्तमान जीवनको सो योग्यता र दक्षता उक्त सौन्दर्य नै उनको दु:ख पीडा र सबै पुरूषले प्रतिक्षेप गर्ने हतियारकै रूपमा प्रतिकुल किसिमले प्रयोग भई पीडित तुल्याइयो । त्यसकारण आफ्नो योग्यता वा दक्षता, अन्यको दु:ख पीडा वा हानी नोक्सानीको निम्ति प्रयोग गर्दा सो योग्यता वा दक्षता नै प्रतिकुल भई स्वः पीडा र आत्मग्लानिको कारक बन्ने यस कथाले प्रष्ट्याउँछ ।



Downloaded from http://dhamma.digital

# संसार

भगवान् बुद्धको कथनअनुसार "मनोमया" अर्थात् मनोमय छ संसार । आ-आफ्नो मन (चित्त) ले जसरी देख्दछ त्यस्तै हुन्छ उनीहरूको संसार । त्यसकारण नै फूलको आखामा फूलै संसार भन्ने गीतले पनि त्यस्तै भावना दिएको छ । अतः कसैले "चश्मा" को रूपमा प्रस्तुत गरेको छ । जस्तो चस्मा लगाएर हेर्छन् त्यस्तै प्रकारले संसार देखिन्छ । अर्थकथाचार्य भिक्षु बुद्धघोष स्थविरले विसुद्धिमार्गमा स्कन्ध धातु र आयतनको अविच्छिन्न विद्यमानता र निरन्तरतालाई 'संसार' भनेका छ्न । तपाई संसारमा प्रविष्ट अर्थात् तपाईको सांसारिक यात्राको शुभारम्भ कहाूबाट कहिले कसरी भयो भन्ने तथ्य तपाइले देख्न सक्नुहुन्न । त्यसैले संसार भनेको हो ? एक अभिज्ञा शक्तिलाभीले आफ्नो उक्त अभिज्ञाशक्तिद्वारा आफ्नो पूर्व वर्तमान जीवनकाल अवधिभरी हेर्दै पछ्याउँदै गएतापनि उसले मूलारम्भ अवस्थालाई देख्न सकिने हुदैन भनी स्वयं बुद्धको कथनअनुसार भिक्षु बुद्धघोषले उक्त व्याख्या गरेका हुन् । अनन्त दीर्घकाल स्कन्ध धातु र आयतन धारण गर्दै छोड्दै फेरी धारण गर्दै छाड्दै पुनः धारण गर्दै छोड्दै वर्तमानसम्म आइपुगेको छ भने संसार चक्रबाट मुक्त नभएसम्म भविष्यमा पनि अनगिन्ति रूपमा संसारचक्रमा घुमिरहनेछ । मानव जीवनको विषयमा बुद्धले धेरै सूत्रहरूमा प्रकाश पारेका छन् । सूत्रपिटक, मज्झिमनिकाय,



Downloaded from http://dhamma.digital

मूलपण्णासक ४ वर्ग, महातण्हासंखय सूत्रमा त्यस सम्वन्धमा यसरी उल्लेख भएको पाइन्छ । हे भिक्षु हो ! तीन संयुक्त कारणले गर्दा अर्थात तीनवटा अवस्थाहरूको संयोगले मात्र गर्भधारण हुने हुन्छ । यदि आमा र बुबाको ( श्रीमान-श्रीमती) सहवास भएता पनि आमा शारिरीक रूपमा योग्य (ऋतुमति) नरेहेको अवस्थामा वा योग्य रहेता पनि गन्धर्वको उपस्थिति नरहेका अवस्थामा गर्भधारण नहुने हुन्छ । अतः आमा र बुबाको सहवास, आमा (ऋतुमति) योग्य रहेको र सो बेला गन्धर्वको उपस्थिति भन्ने तीनै कारणहरूको संयोग भएमा मात्र गर्भधारण हुन्छ ।

माथि उल्लेखित तीन कारणहरू मध्ये दुइ कारणहरू सही हुन् त तेस्रो कारण हुनसक्छ भन्ने बैज्ञानिक खोजले युक्तियुक्त तुल्याएको देखिन्छ । कुनै एक बालिका (स्त्री) आमाको कोखबाट निस्कने (जन्मने) अवस्था हुंदासम्म उनको डिम्बकोष (Overy) हरूमा उत्पन्न भईरहने (४००००० ) चार लाख जति डिम्व (अण्डा) उनीहरूले उनको महिनावारी शुरू भएको अवस्था देखि प्रत्येक २८ दिनमा एक पटक एउटा डिम्व (अण्डा) पाकेर डिम्वनली दुइमध्ये एकबाट झर्ने हुन्छ । महिनावारी हुने दुईहप्ता अगाडि नलिमा खस्ने उक्त अण्डा नजिक पुग्न संसर्गबाट त्यहाँ पसेका पुरूष पराग (Sperm) शुक्रकीट सयौं संख्यामा प्रतिस्पर्धा गर्ने हुन्छ । तीमध्ये एक जना मात्र अण्डाको नजिक भई अण्डाभित्र पसी जीव शैल बनाउने हुन्छ । अझै अण्डाकै रूपमा रहने त्यो डिम्व गर्भाशयभित्र पस्न दुईदिनदेखि चारदिनसम्म



Downloaded from http://dhamma.digital

लगाउने हुन्छ । मातृगर्भमा प्रविष्ट गरेको डिम्व (Embryo) पुरूष पराग संचेतन भएको अवस्थादेखि ६ दिन सम्ममा गर्भमा टाूसिन्छ । त्यहाँदेखि क्रमशः आमाको शरीरबाट पोषण प्राप्त गर्न शुरू हुने हुन्छ भनी सन् १९८२ मा प्रकाशित स्टफनको Biology भन्ने पुस्तकमा उल्लेख भएको पाइन्छ ।

माथि उल्लेखित क्रियावलीमा अण्डा पाकेर डिम्बनलीमा झरेर बस्ने अवस्थालाई 'महातण्हासंखय सुत्रानुसार' आमा ऋतुमति ( शारीरिक रूपमा योग्य) रहेको अवस्थाको रूपमा लिइन्छ । साथै पुरूष पराग ( शुक्रकीट) मध्ये एकले अण्डालाई संचेतन गर्नु आमा र बुबाको सहवासको अवस्थाको रूपमा लिइन्छ । अनि मात्र गन्धर्व त्यहाँ उपस्थित हुनसक्ने हुन्छ । अर्थात त्यहाँ प्रविष्ट भई रहन सक्ने हुन्छ । गन्धर्व भन्ने शक्ति विशेष (प्राण?) Embryo भएकोले अण्डाको अवस्थादेखि भ्रण Frtus अवस्था सम्म पनि उक्त गन्धर्व त्यहाँ प्रवेश गर्न सक्ने हुन्छ । आजसम्म गरिएका अनुसन्धानहरू मध्येमा आफ्नो पूर्व जाति (जन्म) आवर्जना (सम्झना) गरेका केही व्यक्तिहरूले दिएका तथ्यहरू सत्य भएता पनि व्यक्तिहरूको मृत्यु (मरण) ती बच्चाहरू जन्मिनुभन्दा केही दिन वा केही महिना अगाडि हो । यो तथ्यबाट पनि गन्धर्व भन्ने शक्ति त्यो बेलासम्म वर्धित गर्भमा प्रविष्ट भएको देखिन्छ । गन्धर्व (प्राण शक्ति) को आगमन बैज्ञानिक खोजबाट हालसम्म पत्ता लगाउन नसकेता पनि त्यस तथ्य पत्ता लगाउने सम्भावना रहेको देखिन्छ ।



Downloaded from http://dhamma.digital

यो शक्ति विशेष गन्धव्ब अर्थात गन्धर्व भन्ने शब्दमाथि बौद्ध आचार्यहरू बीचमा ठूलो मतभेद रहेको देखिन्छ । धेरै सूत्रहरूमा गन्धब्व सम्भबेसी शब्दले त्यस शक्ति विशेषलाई चिनाएको देखिन्छ । सर्वास्तिवादीहरूले त्यसलाई 'अन्तराभव' भनी चिनाएको पाइन्छ । अर्को स्थानमा जाने वा जन्मलिने ठाउँ खोज्ने वा दुई जातिय जिन्दगीबीच रहने प्राणी भन्ने अर्थ दिने त्यस वचनद्वय भाविता गरेता पनि शब्दबाट उपादान स्कन्ध संयुक्ति नै गम्य हुनुपर्दछ । संसारमा यात्रा गर्ने सत्वप्राणी आमाको कोखमा रहेको जीवनसंग (बच्चासंग) सम्वन्ध हुनु भनेको हामीले देखे जस्तो कुनै मानव वा जीव-जनावर नभई एकसाथ संयोजन भएका पांच उपादानस्कन्धहरू नै हुन् । त्यो एक प्रकारको शक्ति विशेष नै हो ।

आमाको कोख (गर्भ) मा रहेको सूक्ष्म कलाप बीज जिवात्मक द्रव्य हो । त्यसमा उपादान संयुक्तिरूपि शक्ति विशेष प्रवश गरेपछि प्राणीको रूपमा विकसित हुदैं जाने हुन्छ । उदाहरणको रूपमा नयाँ छपाई यन्त्र (मसिन) लाई लिनसकिन्छ । यन्त्र बनाउनेहरूले आवश्यक यान्त्रिक पार्टपूर्जाहरू निश्चित योग्यरूपमा जडान गरेका छन् । त्यहाँ कागज पठाउने, अक्षर छाप्ने, आवश्यक ठाउँमा मसी पठाउने, छापिएको कागज काट्ने आदि विविध कार्यहरू सिद्ध गर्ने विभिन्न भागहरू समूहगत रूपमा त्यस मेसिन यन्त्रमा रहेको हुन्छ । तर पनि अझै त्रिलयान्वित हुदैन । त्यसलाई विद्युत शक्ति (बिजुलि)



Downloaded from http://dhamma.digital

प्रवेश गराएपछि मात्र आ-आफ्नो भागमा परेका कामहरू सो अनुसार गर्न क्रिया शील हुन्छन् । यस अवधि बीचमा यदि फेरी त्यस विद्युत शक्तिलाई त्यस यन्त्रमा प्रवेश हुनबाट रोक्नासाथ ती सबै कार्यहरू स्वतः रोकिन्छन् । बिजुलिरूपी शक्ति विशेष त्यहाँ रहुन्जेल क्रियाकारी हुने र जिजुलीरूपी शक्ति नहुनासाथ स्वत निष्क्रिय भएर जान्छ । त्यसरी नै आमा बूबा (स्त्री,पुरूष) रूपी यान्त्रिक शीलि्पिहरूले निर्माण गरेका कलाप बीजरूपी यन्त्रमा गन्धर्व अर्थात उपादान संयुक्ति (विद्युत शक्ति) प्राप्त (प्रवेश) गरेपछि क्रियाविन्त हुने वा वर्धन हुने हुन्छ भने कुनै समयमा त्यस उपादान संयुक्ति (गन्धर्व) रूपी विद्युत शक्ति त्यहाँबाट बाहिरिए पछि हामीले चिन्ने व्यवहार गर्ने व्यक्ति मानव, जनावररूपी रोटरी यन्त्र निष्क्रिय हुन्छ र हामीले फलानाको मृत्यु भयो भनी त्यसलाई भन्छौ । त्यो मात्र एक सम्मुति हो । यस सम्मुति मृत्युपछि तत्काल अर्को जन्म लिन्छ भन्नेहरू पनि छन् । त्यस्तै ४५ दिनभित्र अर्को जन्म लिन्छ भन्नेहरू पनि नभएका होइनन् । ती सबै कथन बुद्ध देशनाअनुसार उपादानस्कन्ध संयुक्ति भनने अति सूक्ष्म शक्ति विशेषको सम्वन्धमा ध्यान नदिएका कारण उत्पन्न परिकल्पनाहरू मात्र हुन् भन्न सकिन्छ ।

आज नयाँ वैज्ञानिक खोजबाट प्रकट भएको अति सूक्ष्म तरंगहरू सम्वन्धमा भन्नुपर्दा मानव चित्तधाराअनुसार (मानिसले मनले सोचेअनुसार) शरीरबाट बाहिर विकिरण हुने चेतना तरंगहरू समेतको फोटो (तस्वीर) खिच्न सक्ने क्षमता भइसकेको



Downloaded from http://dhamma.digital

हुन्छ । अतः मानिसको पूर्वजाति (जन्म) का विषयमा जान्न उत्सुक भएका बुद्धिमानीहरूले आज तीन प्रकारका तरिका उपयोग गरेका देखिन्छन् ।

१. पूर्वजाति आवर्जन गर्न (सम्झन) सक्ने स-साना बाल बालिकाहरूबाट समाचार संकलन गर्नु । पूर्वजाति सम्झन सक्ने बाल-बालिका अति नै दुर्लभ हुन्छ । यो उपक्रम साथर्क तरिकाले भाविता गरेका व्यक्तिको रूपमा महाचार्य इयन् स्टीवन्सन्लाई लिन सकिन्छ ।

२. आफू मोहित भई अन्यको अतीत प्रकाश पार्नु । क्यालिफोर्नियावासी एड्गारकेसीलेर्या उपक्रमबाट धेरै कुराहरू प्रकट गर्न सक्षम भएका छन् ।

३. अन्य व्यक्तिलाई मोहित गरी उसको वा उनको सम्झना अतीतमा पठाई समाचार संकलन गर्नु । यो उपक्रम विश्वमा धेरै ठाउँमा भाविता भएका छन् ।

तेस्रो उपक्रमको माध्यमबाट प्राप्त तथ्याकअनुसार सार्थक कहलिएको एक फिन्लेण्डका बालिकाको विवरण रोचक रहेको छ । उनलाई मोहित गर्दा २००० वर्षसम्मको अतीतमा जान सफल भएकी छिन् । ती २० शताव्दिभित्र उनी १४ पटक मात्र मनुष्यभाव प्राप्त गर्न सफल भएकी छिन् । ती प्राप्त मनुष्यभावहरूको अन्तर पनि कहीं कहि सयौ वर्षको फरक छ । त्यसबीचको समयमा कहाू थियो कुन अवस्थामा थियो भन्ने कुरामा उनी मौन अर्थात अज्ञान छन् । त्यसो भए बीचको



Downloaded from http://dhamma.digital

समय देवी-देवताको रूपमा भूत-प्रेतको रूपमा जन्तु- जनावरको रूपमा थाहा पाउन नसकिने अन्य आत्मभावमा वा त्यस उपादान संयुक्ति शक्ति विशेष आकासमा तरंगित भईरहेको अवस्थामा भन्ने कुरा प्रष्ट नभएता पनि बुद्धशिक्षा अनुसार सम्भावना भएका तत्थ्य हुन् ।

स्त्री डिम्ब र पुरूष शुक्रकीट आमाको गर्भाशयमा वा अन्य कृतिम नलीमा संगम गराई जीव निष्पादन गर्न सकिन्छ भन्ने तथ्य 'टेष्ट ट्युब बेबी' आदिले देखाइसकेको छ । त्यस जीवमा बाहिरबाट संसारयात्रा गर्ने गन्धर्व अर्थात् पंच उपादान संयुक्ति गएर मिसिने हुन्छ । कृतिम नलीमा उत्पन्न जीव भएतापनि कुनै स्त्रीको गर्भाशयमा स्थापित गरिएपछि मात्र त्यो गन्धर्व बाहिरबाट त्यसमा समावेश हुने तथ्य भने प्रष्ट हुन्छ । त्यसरी एक आमा (स्त्री) को गर्भमा स्थापित भएको गन्धर्वसहितको 'कलाप रूप' सत्व प्राणी मनुष्यको रूपमा बर्धन हुन योग्यता प्राप्त गरी बस्ने हुन्छ । किनकी आमा बुबा (स्त्री, पुरूष) बाट उत्पन्न जीवमा प्राण समाविष्ट भईबसेको छ । आमाको शरीमा टाँसिएर उक्त शरीरबाट शोषित पोषणले गर्दा क्रमशः बृद्धि हूदै जाने हुन्छ । आराम्भ त्यो सूक्ष्म मासुको डल्लो झैं हुन्छ । त्यसमा आश्रित प्राणी शायद विभिन्न ज्ञान, योग्यता प्राप्त गरेका पनि हुन सक्दछ ।

मोहित गरी (Hyonosis) एक एक व्यक्तिहरूको सम्झना अतीतमा लगेर अनुसन्धान गरेका मनोवैज्ञानिकहरूले



Downloaded from http://dhamma.digital

यस 'कलाप रूप' अवस्था सम्वन्धमा ती व्यक्तिहरूबाट प्राप्त गरेका विविध तथ्यहरू उहाूहरूले लेखेर प्रकाशित गरेका कृतिहरूमा पढ्न पाइन्छन् । त्यसमध्ये महाचार्य हेलन वेम्बोले लेख्नु भएको ेषभ दभायचभ ेषभ नामक कृतिमा पनि २४०० जनालाई परीक्षण गरेर प्राप्त समाचारहरूमध्ये योग्य ७५० जनाको प्रष्ट कथनहरू मात्र समावेश गरेकी छिन् । ती मध्ये पनि यहाू एक दुई वटा मात्र उल्लेख गरिएको छ ।

१) 'म गर्भाशयमा प्रविष्ट भएको नवौं महिनाको अन्तिम समयमा मात्र हो । उनी श्रीमानसंग आर्थिक कमजोरीका विषयमा कुरा गर्दै थिइन् । म त्यसबेलासम्म कहां बसेको थिए भन्ने निश्चित छैन । त्यो गर्भाशयमा प्रवेश गरेर यो जीवन बिताउन मलाई दवाब दिइरहेको जस्तो मलाई लाग्यो ।'

२) 'म पूर्णरूपमा गर्भाशयमा प्रवेश गरी बसेको थिइन । म पूर्णरूपमा भित्र जानु भन्दा अगाडी त्यस गर्भाशयबाट कहिले भित्र र कहिले बाहिर गर्न सक्ने क्षमता ममा थियो । म सम्पूर्ण रूपमा भित्र प्रवेश गरेको जन्मन नजिक हुदै मात्र हो । त्यो बेलामा आमाको कल्पना र डाक्टर, नर्स र मेडिकलहरूको बारेमा मलाई थाहा थियो ।'

३) 'म कलाप रूपको शुरूमै त्यसभित्र प्रविष्ट भई बसें । तर नचलिकन नै बसें । फेरी त्यसभित्र पसेको जन्मिनुभन्दा पहिले मात्र हुँ ।'



Downloaded from http://dhamma.digital

४) 'कोखबाट बाहिर निस्कने अवस्थामा म प्रसुति खाटको माथि आकासमा घुमिरहे झैं लाग्यो । म धागोले आमासंग सम्वन्ध भईबसेको थिएँ ।'

५) 'म कलाप रूपमा तीन महिनापछि मात्र प्रविष्ट भएको हु तर म निरन्तर रूपमा त्यसमा बसेको थिइन । आमाको र बुबाको आकृति सम्वन्धमा मेरो उत्सुकता थियो । आमा मलाई जिउन दिनु भनी मैले आमालाइ भने ।'

६) 'मेरो आमा क्रोधले र भय-त्रासयुक्त भईबसेको थियो । मबाट स्वतन्त्र हुन आमालाई चाहिएको थियो र मलाई जिउन दिनु भनी मैले आमालाई भनें ।

गन्धर्व भन्ने तेस्रो र निर्णयक भूमिका गर्भ रहेको अवस्थादेखि बच्चा जन्मिदासम्म कुनैपनि बेला त्यसमा सम्बन्ध हुन सक्दछ भन्ने हो । यद्यपि तेस्रो कारण गर्म रहेपछि कुनैपनि बेला कुनै पनि पुत्रले अंशमात्रले भएपनि सम्वन्ध भई बसेको हुन्छ भन्ने तथ्थपनि प्रष्ट हुन्छ । त्यसो भए जबसम्म तेस्रो कारण गर्भसंग सम्वन्धित हूदैन तबसम्म आमाको कोखमा हुर्केको (बच्चा) को कुनै अस्तित्व हूदैन । त्यो मात्र जीवात्मक द्रव्यको रूपमा हुर्केको हुन्छ । प्राणात्पक जीवको रूपमा हुर्केको हूदैन ।

धम्मपदट्ठी कथाको आनन्दसेट्ठी बस्तुमा बुद्धले आनन्द श्रेष्ठीको घरमा कसैले नदेख्ने गरी भित्र धुसेको एक भिखारी युवकलाई उस्को अतीत सम्झन लगाई त्यस माध्यमबाट उसले सन्तानले थाहा नपाउने गरी लुकाइराखेको धन राखेको स्थान



Downloaded from http://dhamma.digital

प्रकाश गर्न (उल्लेख गर्न) लगाई जनसमूहको माझमा नै उक्त धन भिक्न लगाएको व्यहोरा प्रस्तुत गरिएको छ । यस अनुसार कुनै व्यक्तिलाई मोहित गरी पूर्वजन्मका तथ्थहरू प्राप्त गर्नु बुद्धशिक्षाअनुसार बिरूद्ध छैन भन्ने "Life be love Life" कृतिमा महाचार्य हेलेन बेम्बोले प्राप्त गरेका उक्त वक्तव्यमध्ये अर्को महत्वपूर्णे वक्तव्य पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । मेरी आमा पूर्व एक जन्ममा पनि मेरी आमा नै भएकी थिई । एक अर्को पूर्बजन्ममा मेरी सन्तान भएर बसेको थियो । पहिले मेरो सन्तान भएर जन्मेकाहरू फेरी मेरै सन्तान भएर जन्मन इच्छा गरेको थियो । मैले उनीहरूलाई मनुष्यभावहरूमा पूर्बमनुष्य जन्म दुइवटा वीचको समयमा पनि चिनेको थिएँ । यो सुत्तपिटकको संयुक्तनिकाय अर्न्तगत अनमतग्ग संयुक्तमा उल्लेख भएअनुसार अबौद्धहरूले उल्लेख गरिने साक्षीको रूपमा लिन सकिन्छ । यो तथ्थहरूवाट अर्को महत्वपूर्ण तथ्थ पनि प्रष्टिन आउँदछ । गर्भिणी भई बसेको शुरूदेखि अन्तसम्मको अवधिभित्र उक्त गर्भिणी आमा (स्त्री) ले गरेका मात्र होइन सोचेका कुराहरू पनि जन्मने बच्चाले थाहापाई राखेको हुन्छ भन्ने तथ्थ हो ।

विभिन्न देशहरूमा विभिन्न तहका व्यक्तित्वहरूलाई रोहित गरी प्राप्त गरेका तथ्थहरू मध्ये अंश मात्र यहाँ उल्लेख गरिएका हुँन् भने त्यसले जन्म चक्र अर्थात् संसारको विषयमा केही ज्ञान दिनेछ भन्ने आभाष हुन्छ । फेरी जन्मने तथ्थ विश्वास नगर्नेले ती वक्तव्यहरू मिथ्था भएको भनी देखाउन



Downloaded from http://dhamma.digital

अनेकौ तर्करू अधि सार्दछन । तर त्यसमा अन्तरनिहित सत्यता भनेको सबैले आफू धेरै पूर्वजातिहरू (जन्म) हरू पछ्याउँदै यस वर्तमान जाति (जन्म) प्राप्त गरिरहेको तथ्थ हो । पूर्वजाति (जन्म) हरूबाट वर्तमानसम्म अविछिन्न रूपमा प्रवाहित अनन्यता यस जन्ममा यह्‌ा भएको सम्पत्तिको प्रयोजन गर्दै आ-आफ्नो वर्तमान जीवन बिताउदै अगाडी बढिरहेको हुन्छ ।

पूर्वजातिहरूमा प्राप्त अनुभव, ज्ञान, शिल्पकला, मित्रत्व, शत्रुत्व ज्ञातिबन्धुत्व आदि पूर्वजातिहरूबाट यस जातिमा पनि ल्याएको व्यहोरा ती तथ्यहरूबाट गम्य हुन्छ । तर ती कुराहरू कसले ल्याएको त ? भन्ने प्रश्नमा पश्चिमी आगम धर्मानुसार सोच्न अभ्यस्त विचारकहरूले "पुद्‌गल अनन्यता" हो भन्ने उत्तर दिन्छन । त्यसको लागि "Soul" वा Entity भन्ने शब्द प्रयोग गरिएता पनि बैदिक "आत्मा" स्वकारिएको भन्ने होइन । बुद्धशिक्षाअनुसार उत्तर दिनु पर्दा उपादानस्कन्ध संयुक्ति भनी भन्न सकिन्छ । होइन भने गन्धर्व भनी भन्न सकिन्छ । तर गन्धर्व भन्नाले उपादानस्कन्ध संयुक्ति मात्र नभई त्यसको वरिपरी सम्वन्ध भई बसेका अन्य सूक्ष्म पदार्थहरू पनि पर्दछन् । संसार यात्रामा जाने उपादानस्कन्ध संयुक्ति नामले चिनिने शक्ति यसको वरिपरी उक्त संयुक्तिसंग सम्वन्धित भइरहन सक्ने अन्य सूक्ष्म पदार्थहरू पनि संगसंगै यात्रा गर्ने हुन्छ । कुनै शक्तिको रूपमा त कुनै द्रव्य पदार्थको रूपमा प्रवाह हुने हुन्छ । ती तथ्थहरू छुट्टाउन वा छुट्टाई भिन्दाभिन्नै विश्लेशण गर्ने हाम्रो



Downloaded from http://dhamma.digital

इन्द्रिय वा विद्यमान ज्ञान समर्थ भएको छैन । इन्द्रियले नभेटेका नदेखेको अनैकौ सूक्ष्म पदार्थ वा शक्तिहरू वैज्ञानिक उपकरणहरूले भेट्टाएका छन् देखेका छन् । अतः भविष्यमा ती सूक्ष्म पदार्थ वा शक्ति पनि भेट्टाउन सकुन् । यसरी उपादानस्कन्ध संयुक्ति वरिपरि रहेको पदार्थहरू विभिन्न जीवनहरूमा विभिन्न किसिमले विद्यमान रहेको हुन्छ । कुनै द्रव्य बाक्लो हुन्छ । कुनै द्रव्य पातलो हुन्छ । उपादानस्कन्ध संयुक्ती मात्र एक्लाएर लिने हो भने त्यो अन्य सूक्ष्म शक्तिभन्दा पनि अति सूक्ष्म शक्ति मात्र हो । यसमा चिन्नसक्ने रूप वा आकृति हुदैन । रङ्ग वा लिङ्गभेद हुदैन । अतः उपादानस्कन्ध संयुक्ति मात्र छुट्टिएर रहने अवस्था भनेको अरूपावचर ब्रह्मलोकमा जन्मने गन्धर्वको अवस्थालाई हो भन्ने सोच्न सकिन्छ ।

तर त्यहाँभन्दा तलको सबै प्रकारका लोकमा आउने गन्धर्वमा उपादानस्कन्ध संयुक्तिलाई घेरिएका अन्य सूक्ष्म पदार्थहरू पनि सम्मिलित हुन्छ । ती पदार्थहरूमा पहिले (पूर्व) धारण गरेका शरीरको समान सूक्ष्म शरिरका पनि आश्रित भएर रहेको हुन्छ । त्यसकारण कुनै बच्चामा आमा बुबाको आकृति समान आकृति हुनेहुन्छ भने कसैमा भिन्न रूपाकृति हुनेहुन्छ ।

भूतहरू -क्ष रहने स्थानहरूमा अँध्यारोमा फोटोखिच्न सक्ने इलेक्ट्रोनिक स्वचालित क्यामराले ती अँध्यारो स्थानहरूमा, घरहरूमा बास गरी मृत्यु भएकाहरूको नै रूपाकृति समान तस्वीर खिचिएका छन् । अनुहार तथा शरीराङ्ग कारेको अनुहार



Downloaded from http://dhamma.digital

तथा शरीराङ्ग जंग समानता छ । यसबाट प्रकट हुने तथ्थ भनेको मृत्यु हूदा मृतकको शरीरबाट निस्कने शक्तिमा त्यो मृत शरीरको बढी धनत्व भएको द्रव्य शक्ति निहित हुन्छ भन्ने हो । त्यसरी निस्कने शक्ति घनत्वले भारी हुने भएकोले पृथ्वी आश्रित भएर नै बस्नु पर्ने हुन्छ । त्यसमध्ये कोहि त आफू मरेको भन्ने ज्ञान नभएर पहिले परिरहेका कार्यहरूमा निरत हुन्छन् । त्यसको अन्तरमा मानसिक रूपले दुर्वल मनुष्यहरूको चुम्वकीय किरण चत्र धारामा (Magnatic Aura) उक्त शक्ति टाँसिदा मिसिन जान सक्दछ । त्यस्तो भएमा उक्त किरणसंगै स्नायु पद्धतिमा र स्नायु केन्द्रस्थानमा, दिमागमा प्रवेश गर्दछ । हामीले "भूतावेश" तथा "देवारूढ" अथवा बोक्सी लागेको भन्ने यस्तै अवस्थालाई होला । कसैले आफ्नो शक्ति प्रयोग गरी ती पृथ्वीमा रहने मृत शक्तिलाई आफ्नो नियन्त्रणमा लिई चाहेअनुसार प्रयोग गर्नु हुन्छ । तीमध्ये कसैले राम्रो कार्यमा त कसैले नराम्रो कार्यमा प्रयोग गर्ने हुन्छ । तर जसरी जुन शक्ति प्रयोग गरेता पनि उक्त शक्तिले गर्ने "डिमाण्ड" प्रयोग कर्ताले पूरा नगर्ने अवस्थामा प्रयोगकर्तालाई हानी नोक्सानी पुर्याउन सक्ने हुन्छ । किनकी उक्त शक्तिलाई त वर्तमान कुनै पनि शरीरमार्फत आफू क्रियान्वित भई बस्नु परेको हुन्छ । त्यसरी कसैले नियन्त्रणमा नलिए कमजोर मानसिकता भएका व्यक्तिहरूमा प्रवेश गरी आ-आफ्नो चाहनाअनुसार ती व्यक्तिहरूलाई संचालित गर्ने हुन्छ । त्यसले वर्तमान व्यक्तिहरूका जीवन प्रभावित हुन सक्दछ ।



Downloaded from http://dhamma.digital

क्यालिफोर्नियाको Dr. Kar D. Wickland M.D. नामको विशेषज्ञ डाक्टरले यस्तै "भूतहरू" को सम्वन्धमा गरेको अनुसन्धानको बारेमा 30 Years amongs the Dead भन्ने शोधपत्रमा यसरी उल्लेख गर्दछ - "मृत्युको कारण पृथ्वीमा बसेर गरिआएको कार्य गर्न नसक्ने हूदा अन्य जीवित मनुष्यहरूको शरीरबाट उत्पन्न हुने चुम्वकीय किरणहरूले उनीहरूलाई आकर्षित गर्दछन् । थाहा हुने वा नहुने गरी चाहेर वा नचाहेर मृतकहरू जीवितहरूको चुम्वकीय रश्मिजालमा (Magnetic Aura) मिसिन पुग्दछ । त्यसरी मिसिएपछि उनीहरूलाई (मृतकहरूलाई) आफ्नो इच्छा कार्यान्वयन गर्ने उपाय प्राप्त हुन्छ । त्यो जीवहरू मार्फत आफूले चाहेको कार्य गर्न लगाउँदछ । उनीहरूले ( मृतकले) नियन्त्रणमा राख्न सक्ने कमजोर मानसिकता भएका जीवित व्यक्ति कायिक मानसिक पिडा भोग्ने हुन्छ ।"

तीन चारवटा सिसाको ग्लासहरूमा सफा पानी भरेर हेरेमा हामी सफा पानी देख्न सक्छौ । तीमध्ये एक पानीको ग्लासमा चिनि राखेर घोलिहेरेमा देखाइमा फरक हुदैन तर स्वादमा भिन्नता हुन्छ । अर्को पानीको ग्लासमा रातो खानहुन रङ्ग घोलिहेरेमा देखाइमा फरक हुन्छ तर स्वादमा भिन्नता हुँदैन । त्यस्तै अर्को पानीको ग्लासमा "यागु" मिसाएर हेर्दा रङ्गमा भिन्नता नदेखिएता पनि पानीको घनत्व बढेर बाक्लो देख्छौ । यथापि सबैमा सफा पानी रहेको हुन्छ । यसरी नै उपादानस्कन्ध संयुक्ति पनि सबै जीवमा-गन्धर्वमा विद्यमान



Downloaded from http://dhamma.digital

हुन्छ । भूतात्मा, देवात्मा, ब्रह्मेमामा आदिमा पनि ती भवहरूमा प्रवेश हुने वा गर्ने भिन्न भिन्न तहका गन्धर्वहरूमा पनि उपादानस्कन्ध संयुक्ति अन्तरनिहित हुन्छ ।

यसरी हाम्रो संसारयात्रा भनेको हामीमा अन्तरनिहित ती उपादानस्कन्ध संयुक्तिका संसारयात्र नै हुन् । संसार भनेको हाम्रै उपादानस्कन्ध संयुक्ति नै हुन् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# शरीर भित्र अर्को शरीर

बिसौ सताब्दिको दोस्रो भागतिर धेरै प्रचार तथा प्रवर्धन भएको अपर मनोबिज्ञान को अध्ययन तथा अनुसन्धानमध्ये O.B.E. नामले चिनिले व्यक्ति आफ्नो शरिरबाट बाहिरिएर समय विताउने (out of body experience) पनि एक हो । सम्वन्धमा धेरै पुस्तकहरू प्रकाशित भैसकेका छन् । ती ग्रन्थानुसार हामीले धारण गरिरहेको शरिरभित्र यसै शरीर प्रमाणको शुक्ष्म शरिर विद्यमान रहन्छ । हाम्रो शरीरमा भएका सबै अङ्गहरू त्यस शुक्ष्म शरिरमा पनि हुन्छ । ती अंगहरू कतिको शुक्ष्म हुन्छ त भन्दा हाम्रो आँखाले देख्न नसकिने तर रेसा किरण जस्तै (ट्रान्सपेरन्सि) पारदर्शी हुन्छ । बाहिरी स्थुल शारिरबाट बाहिर निस्केपछि दूर यात्रा अथवा टाढासम्म जान घुम्न सक्ने क्षमता त्यस शुक्ष्म शरीरसंग हुन्छ । त्यस शरिरको गति अत्यधिक हुन्छ । हाम्रो कल्पना भन्दा बाहिर छ । पृथ्वी घुम्नलाई एक सेकेण्ड पनि लाग्दैन पर्वत, पर्खाल आदिबाट पनि छिरेर बाहिर भित्र गर्न, जान आउन सक्दछ । जति टाढा गएता पनि हाम्रो स्थुल शरिरसँग सम्वन्धता कायम गरिराख्ने एक प्रकारको रेसा किरण झैं चाँदिरगको धागो पनि हुन्छ । त्यस धागो कुनै न कुनै कारण चुंडेको खण्डमा त्यरा शुक्ष्म शरिर, स्थुल शरिरभित्र जान सक्दैन ।



Downloaded from http://dhamma.digital

यसरी कुनै कुनै बेला हाम्रो स्थुल शरिरवाट त्यस शुक्ष्म शरिर बाहिरिएर घुमिरहेको अवस्थामा कुनै अन्य बलबेग अर्थात अर्थात कुनै शक्तिसम्पन्न भूतात्मा वा अन्य कुनै अदृष्य प्राणीबाट त्यससम्वन्धिकरण धागोलाई चुडाइएको अवस्थामा वा ती प्राणीहरूले देख्न सक्ने त्स सम्वन्धिकरण धागोलाई काट्न वा स्थुल र शुक्ष्म शरिर बीचको सम्वन्धता टोड्ने अवस्थामा त्यस व्यक्ति मृत्यु भएको भनी हामी सम्झौन्छौ ।र, त्यस व्यक्ति अन्यत्र जन्म लिने कुरा गर्छौ । कसै-कसैले निद्रामा त्यसरी शुक्ष्म शरिर बाहिरीएर धुमिरहेको अवस्थामा कुनै कारणबश सम्वन्ध विच्छेद भएमा हामी त्यसलाई "त्यो राति सुतेको थियो , विहान हुंदा मरेको पायौं" भनी बुझ्छौ ।

यसरी शरीरबाट बाहिरीएर घुम्ने कार्य सबै जसोले गर्ने कार्य हो मस्तनिद्रामा वा गाढा निद्रामा यसो गर्ने गर्दछन् । यसरी घुमफिर गर्दाको विवरण पछिल्लो दिनमा सपनाको रूपमा हामी अरूलाई सुनाउँछौ । तर सपना देख्नु र शुक्ष्म शरिर बाहिरीएर घटित् कार्य एउटै होइन । तर साधारणतया ती दुवै एकै प्रकारका हुने हुनाले र त्यस सम्वन्धमा ज्ञान नभएका कारण त्यसलाई पनि सपना कै रूपमा लिने गर्दछौ । सपना (स्वप्न) सम्वन्धमा भए गरेका अनुसन्धान, पर्यवेषन र परिमार्जन प्रर्वधनका विस्तार धेरै लामो छ । फ्रान्सको सपना पुस्तकालयमा संग्रहित सपनाहरू मध्ये अनुसन्धान र पर्यवेक्षण गरिएका सपनाहरू पनि पाइन्छन् । ती मध्ये एक घटना यस प्रकार रहेको छ ।



Downloaded from http://dhamma.digital

एक ब्रिटिस् सेना क्याप्टेन वर्टन ह्दयघात भई अस्पतालमा रहंदा उसले अनुभूत गरेको घटना अनुसार म, मेरा खाटोको मुन्तिरबाट उठेर खाटमा परिरहेको मेरो शरिरलाई र त्यहिं उभिरहेको डाक्टरलाई पनि हेरी बसें । केही क्षणमा म खाटको माथि चढेर कोठाको माथि खाली ठाउँमा मेरो शरिरको माथि उडिरहें । केही समय पछि फेरी म, मेरै शरिरमा आएर पल्टिए, त्यस अवस्थामा डाक्टरले "फेरी प्राण आयो" भनी भनेको शब्द मैले सुनें । त्यस अन्तरालमा डाक्टरले म मरिमसेको भनी सम्भिएको रहेछ । यस व्याख्या मान्छे यसै जन्ममा एक क्षण मरेर फेरी बाँचेको वा जन्म लिएको तथ्य उजगार हुन्छ ।
केप्टबुन बिश्वबिद्यालयमा गणित महाचार्य जे. एच् एम् वयिट्मनले आफ्नो त्यस्तो प्रकारको अनुभूति सम्वन्धमा 'द मिस्टिकल लाइफ' नामक पुस्तक लेखेको छ । अमेरिकाको ब्रिजपार्ट नगरबासी विल्मट नौसैनिक रहेछ । एकदिन आट्लान्टिक सागरमा यात्रा गर्दा खेरी एक दिन राति उसको श्रीमती घरमा बसेर श्रीमानलाई सम्भन्दै व्याकुल अवस्थामा रहेछ । तयसदिन धेरै हुरीबतास चलेकोले केहि हुन्छकी भन्ने डरले , उनी सपनामा आकासबाट उडि उडिई नौकामा ओर्लेर श्रीमान् बसेको कोठामा आई श्रीमानको मुहार चुम्बन गरेछ । त्यसैदिन राति त्यसै समयमा नौकामा सुतिरहेको श्रीमान्ले पनि आफ्नी श्रीमती कोठामा आई उसको मुहारमा चुम्बन गरी गएको सपनामा देखेको रहेछ ।



Downloaded from http://dhamma.digital

उनले पनि सपनामा उनको श्रीमान सुतिरहेको कोठामा उसको माथिको खाटमा अर्को व्यक्ति सुतिरहेको पनि सपनामा देखेको रहेछ । यो सत्य घटना उन्ले सपनामा झै देखेता पनि अनुसन्धानको क्रममा उन्को स्थुल शरिरबाट शुक्ष्म शरीर बाहिरीएको तथ्य खुल्न आएको छ ।

यस सम्बन्धमा पर्यबेक्षण गर्ने बैज्ञानिकहरूले त्यस शुल्म शरिरको फोटो खिच्ने प्रयाश गर्दागर्दै, धेरै प्रयाश पछि डि. रोमर्स र डर्विल फ्रन्सेलिपर्यवेक्षकहरूले दुई पटक स्थूल शरिरबाट बाहिरीएर रहेको शुक्ष्म शरिरको फोटो खिच्न सफल भएको रहेछ । एउटामा हुस्सुले बनेको रूप-आकृति झै देखिएको रहेछ । यस्ता अनुभूति तपाईहरूलाई पनि भएको हुनसक्छ । तर त्यसलाई लेखिराख्न वा त्यस सम्वन्धमा अन्वेषण गर्ने वास्ता नहुन सक्छ ।

सन १९८२ मा एक श्रीलंकाली भिक्षु लण्डनको 'बुर्टसहिल्स' नामक प्रदेशमा रहँदा एकदिन पेट दुखेर लंकैबाट ल्याएको आयुर्बेदिक औषधि साँझ आठ बजेतिर तताउँदै बस्नु भएको थियो । नतातुञ्जेल मेचमा बसेर एक किताव पढ्दै हुनुहंदो रहेछ । एक हप्तापछि श्रीलंकाबाट वहांकै विहारमा बस्ने अर्को भिक्षुको चिट्ठी प्राप्त भएको रहेछ । त्यस चिट्ठिमा आफुले देखेको सपनाको बारेमा लेखिएको रहेछ । त्यस बखत श्रीलंकामा बस्ने त्यस भिक्षुले लण्डनमा बस्ने उक्त भिक्षु विरामी परेर औषधि तताउँदै मेचमा बसेर किताब पढिरहेको सपना देखेको रहेछ भने त्यहाँ भएका सामानहरूको पनि उल्लेख



Downloaded from http://dhamma.digital

गरेको रहेछ । यस कुराको अन्वेशण गर्दा समय दिन र सपना देखेको कुराहरू सबै मिलेको छ । जसले सपना देखेको हो उ लण्डन कहिल्यै आएको थिएन तर कसरी ती कुराहरू सही तरिकाले देख्यो । त्यो पनि यति टाढाको करिव ९,१० हजार कि.मि. टाढा स्थानमा रहेको कोषको आकृति, बस्तु र वहां विरामी औषधि तताई किताव पढिवसेको तरिका त्यहि अवस्थामा र त्यहि रूपमा कसरी देख्न सक्यो त यदि त्यो मात्र सपना भएको भए ? यसले पनि शरिरबाट अलग्गिएर जान सक्ने अर्को एक शुक्ष्म शरीर भएको पुष्टि हुन्छ ।

आमाको गर्भमा रहने अवधिमा अर्धरूपमा बनिरहेको शिशुको शरिरबाट कुनै प्राणी बाहिर र भित्र पर्दछ भन्ने अन्वेषण अनुसार अचम्म मान्नुपर्ने कारण छैन । शरीरबाट बाहिरीने प्राणी को ? भन्ने कुरा यहां थाहा पाउनु पर्दछ । यस सम्वन्धमा गरेको एक परिक्षणबाट एक शरिरवाट दुई-दुइवटा प्राणी बाहिरिएको तथ्य पनि खुल्न आएको छ । यसबाट शरीरभित्र एक मात्र हैन धेरै शुक्ष्म शरिरहँ पनि हुन सक्दछ भन्ने तथ्य खुल्न आउँदछ । ती शुक्ष्म शरिरको घनत्व भने फरक हुने बताइएको छ । ती शुक्ष्म शरिरलाई मानिसले देख्न नसकेता पनि कुनै जनावरले देख्न सक्ने भनिन्छ । एक परिक्षणको क्रममा एक ठाउँमा विरालोलाई राखि त्यो शुक्ष्म शरिर मात्र त्यो विरालोको अगाडिबाट जानदिंदा विरालोले अस्वाभाविक व्यवहार देखाएको भनि जनाएको छ । त्यस्तै एक



Downloaded from http://dhamma.digital

अर्को परिवेक्षणको क्रममा एक सवैलाई खोरमा राखेर अगाडिबाट त्यो शुक्ष्म शरिरलाई पठाउँदा सर्पले मानिसअगाढि आउंदा भै डस्ने कोशिस गरेको जनाएको छ ।

यसरी स्थुल शरिरवाट शुक्ष्म शरिर बाहिरीने अवस्थाहरू मध्ये व्यक्तिहरू अत्यधिक बिरामी हुंदा वा औषधिकोकारण होस् नहुंदाको अवस्थामा बढि हुन्छ भनी खोज गरिएको छ । धेरै व्यक्तिले आफूलाई मुर्छित गरी शल्यक्रिया गर्दा आफू शल्यक्रिया गरिरहेको घटना त्यहि खाटको माथि बसेर हेरिरहेको र आफ्नो शरिर काटेको आदि विस्तर ठिक तरिकाले नै व्यक्त गरेको छ ।

यसरी विभिन्न अवस्थाहरूमा स्थूल शरिरवाट शुक्ष्म शरीर बाहिरीएर फेरी स्थूल शरिर भित्रै जाने घटनाहरू र ती सम्वन्धमा सपना देखेको अन्य तरिकाले व्यक्त गरिएका विस्तरहरूको परिक्षणवाट सत्य तथ्य हो भनी निष्कर्ष निकालिएबाट हाम्रो स्थूल शरिर भित्र अर्को शुक्ष्म शरिर पनि हुँदो रहेछ भन्ने तथ्य खुल्न आउँदछ ।

## बौद्ध दृष्टिकोण

शरीरबाट बाहिरीएर घुम्ने (OBE) बौद्ध दृष्टिकोण वा बौद्ध अध्ययन अनुसार बिरोध गनुपर्ने वा प्रतिक्षेप गर्नुपर्ने देखिन्दैन । गौतम बुद्धले आफ्ना श्रावक शिष्यहरूलाई सिकाउनु भएको सिद्धि पनि यस्तै प्रकारको छ । जसलाई अभिज्ञा वा



Downloaded from http://dhamma.digital

समापत्ति भनिन्छ । त्रिपिटकको सुत्र निकाय अन्तरगत मज्झिम निकायको महासकुलदायि 'सुत्र' मा यसरी उललेख गरिएको छ -'...... फेरी उदायिस । मैले मेरा श्रावक (शिष्य) हरूलाई यस्तो एउटा प्रतिपदा सिकाएको छु । भनिएको छ जुन मेरा श्रावकहरू यो शरिरवाट अन्य मनोमय तर रूपाकृत भएको सबै शरीरसँग तथा इन्द्रियहरू भएको र ती शरीरअंग तथा इन्द्रियहरू क्रियात्मक भइरहने अर्को शरीर निर्माण गर्दछ । यो यस्तो प्रतिपदा हो । तृण घाँसबाट गोव (अर्को घाँस) तानेर निकाले जस्तै हो । जहाँ यो तृण हो यो गोब हो भनी थाहा पाउन सकिन्छ अनि यो तृणबाटै त्यो गोब तानेर झिकेको हो भनी बुझ्दछ । हे उदायि । कसैले म्यानबाट तरवार निकालेपछि यो तरवार यो म्यान भनी जान्दछ । त्यस्तै यसै म्यानबाट यो तरवार झिकोको भनी जान्दछ । यसरी नै हे उदायिस । मेरा श्रावकहरूले पनि स्थूल शरिरवाट अन्य शुक्ष्म शरिरको निमार्ण गर्दछ । जसमा मनोमयः सबै शरिरादि एवं इन्द्रियहरू प्राकृतिक शरिर झै क्रियात्मक हुन्छन् । त्यस्तो मनोमय शरिर निमार्ण गर्दछ । त्यस्तो प्रतिपदाः त्यस्तो तरिका मैले सिकाइदिएको छु ।

यहाँ वहाँले उल्लेख गर्नु भएको प्रतिपदा वा तरिका, अभिज्ञा वा समापत्ति नै हो । अष्टसमापपत्ति ध्यान द्वारा प्राप्त गरी त्यो फेर फेरी भाविता गर्दा प्राप्त गरिलिने तरिका बुद्धले सिकाउनु भएको छ । मन एकाग्र गरी उत्कर्षमा पुगेपछि प्राप्त समाधिले यस्तो प्रतिहार्य वा चमत्कार गर्न वा देखाउन सक्दछ ।स्थूल



Downloaded from http://dhamma.digital

शरिरबट बाहिरीएर जाने शुक्ष्म शरिरलाई अभिज्ञा प्राप्त व्यक्तिले अफुले चाहे जस्तो क्रियात्मक वा प्रयोग गर्न सकदछ । अनि यो शुक्ष्म शरिरलाई ढुङ्ग,पर्वत, समुन्द्र, आकाश आदि जहाँवाट पनि पठाउन वा यात्रा गराउन सक्दछ । जतिसुकै टाढा वा जतिसुकै शुक्ष्म भएता पनि देख्न वा सुन्न सक्दछ। अन्य व्यक्तिको मनको कुरा समेत थाहा पाउन सक्दछ । यो पृथ्वी बाहेक अन्य ब्रम्हलोकमा समेत पठाउन वा यात्रा गराउन सक्दछ । यसरी यात्रा गराउँन चाहे अनुरूप त्यस शुक्ष्म शरिरलाई आकार दिन सकिन्छ । आफु एक स्थानमा बसेर टाढा अर्को स्थानमा त्यस शुक्ष्म शरिर पठाएर आफ्नै रूप आकृति दिई अन्य व्यक्तिसंग कुरा गर्न , काम वा व्यवहार गर्न सक्दछ ।

बुद्धि चरित्र अध्ययन गर्दा यस्ता घटनाका अवस्थाहरू भेट्टाउन सकिन्छ । भगवान बुद्धले त्यसो गर्नु भएको , मानिसलाई अचम्मित तुल्याउन नभई अन्यहरूको आवश्यकता पुरा गरिदिनको लागि नै हो । कुनै भिक्षु ध्यानमा बसिरहँदा त्यस सम्वन्धमा वितर्क बिचार उत्पन्न भइरहेको अवस्थामा बुद्धको मनले महशुस गरेको खण्डमा वहाँ त्यस भिक्षुको अगाडि उभिनुभई त्यस समस्याको समाधान गरिदिनु भएको छ । यहाँ वहाँ नै जानु भएको झैं आफ्नो मनोरूप वा मनोकाय अर्थात शुक्ष्म शरिरको प्रयोग गर्नुभएको देखिन्छ । आफ्नो क्षमता अर्काको उपकारको लागि बिना आफ्नो लाभको लागि वा चमत्कारको लागि प्रयोग गर्नमा वहाँ बिरोधि हुनु हुन्छ भने आफ्ना श्रावकलाई पनि



Downloaded from http://dhamma.digital

त्यसो नगर्न सुचित गर्नु भएको छ ।

गौतम बुद्धको शिक्षामार्ग अनुगमन गरि आफ्नो स्थूल शरिरबाट मनोमय शुक्ष्म शरिर निर्माण गर्नमा दक्षता प्राप्त गरेका श्रावक शिष्यहरूमध्ये भिक्षु चुलपन्थकले अग्रस्थान प्राप्त गरेका छगु अंत्तर निकायको एक निपातमा एतदग्यपालिमा उक्त तथ्य उल्लेख भएको पाइन्छ । बुद्धकालिन चुलपन्थ भन्तेको बिषयमा रोचक प्रसङ्ग पनि उल्लेख भएको पाइन्छ । राजगृह नगरको एक श्रेष्ठि (धनी व्यापारी) को छोरी त्यही महलमा काम गर्ने एक सेवकसँग भागेर गएकोरहेछ । अनि टाढा गाउँमा गरिब परिवारको रूपमा जिवन बिताएका ती दम्पत्तिको दुई छोराहरू हुन्छन् । धेरै समयपछि ती छोराहरूलाई आफ्ना हजुर बा, आमा चिनाउन अर्थात भेटाउनको लागि राजगृह नजिक आई आएको समाचर घरमा छोरीले पठाउँछिन् । सेठले उनिहरूलाई भेट्ने इच्छा नगरि यदि चाहन्छौ भने नातिहरूलाई मात्र आफु कहाँ पठाउन सकिने खबर एक सेविका मार्फत पठाउदै उनीहरूलाई पनि जिवन बिताउन चाहिने सम्पत्ति पनि दिएर पठाउँदै पहिला झैं जिवन बिताउन खबर पठाए । त्यसपछि आफ्ना दुई छोरा सेविका संगै पठाई आफुहरू पुनः फर्केर गइन् ।

बाजेसँग सधै झैं बिहारमा जाने ती दुई बच्चाहरूलाई भिक्षु बन्ने इच्छा प्रकट भएछ । भिक्षु बनेको केही समय पछि नै दाजुचाहि अर्हत भएछ । भाई दाजूसँगै शिष्यको रूपमा



Downloaded from http://dhamma.digital

बसेछ । स्मरण शक्ति कमजोर भाइलाई सिकाउँदा सिकाउदै कथित दाजुले भाइलाई चीबर छोडी जान भनी आफु कहाँबाट पठाएछ । चीबर छोड्न अनिच्छुक भई भाई सरसार भगवान बुद्धकहाँ गएछ । दाजु गुरूभन्तेले नदेखेको दक्षता ती भाइसंग रहेको थाहापाएको बुद्धले त्यो दक्षता प्रष्फुरित् गर्नको निम्ति आवश्यक मार्ग निर्देशन दिनु भएको थकित् केहि समयपछि नै अर्हत मात्र भएनन् अभिज्ञा लाभि पनि भएछ ।

त्यसैदिन एक दाताको घरमा भोजन दान रहेछ । त्यसबखत भोजन प्रवन्धको जिम्मा वहाँकै दाजु गुरू महापन्थक भन्तेलाई रहेछ । आफ्नो शिष्य भाई चुल्पन्थकलाई बिहारबाट निकालि पठाएकोले वहाँ बाहेक अरू सवैलाई भोजनको जिम्मा लिई भोजनको समयमा दाताको घरमा सबै भन्तेहरू गएपछि बुद्ध प्रमुख सबै भिक्षुहरूलाई भोजन दानदिंदा बुद्धले भोजन स्वीकार नगरी विहारमा अरू भिक्षु बाँकी छन् कि भनी हेरेर आउन दाता परिवारलाई भन्नु भएछ । बिहारमा हेर्न गएको व्यक्तिले विहार भरी भिक्षुहरू भरिभराउ भै रहेकोले फर्केर आई विहारमा धेरै भिक्षुहरू भएको व्यहोरा सुचित गर्छन् । अनि बुद्धले चुलपथकलाई मात्र बोलाएर ल्वाउन भन्नु हन्छ । पुन गएको व्यक्तिले विहारमा गई चुलपन्थक भन्ते को हो भनेर सोध्दा सबैले म चुलपन्थक भन्ते हुँ, भनि भनेको देखेर फर्केर सबैले म नै चुलपन्थक भन्ते हुं भन्दछन् भन्ने खबर सुनाए



Downloaded from http://dhamma.digital

पछि बुद्धले सही चुलपन्थक चिन्ने तरिका सिकाउँदै जसले सबभन्दा पहिला म चुलपन्थक भनी भन्दछ, उसको हात समाइहाल्नु । अनि अरू भिक्षुहरू अन्तरधान भई जाने छ ।" त्यस व्यक्तिले बुद्धले सिकाए भैं गर्दा बाँकी एकजना चुलपन्थक भन्तेलाई संगै भोजनको लागि घरमा ल्याएछ ।

यस चुलपन्थक स्थबिरको प्रसंगबाट पनि एउटै स्थूल शरिरबाट धेरै शुद्ध शरिरहरू निर्माण गर्न सकिने तथ्य उजागर गर्दछ । अभिज्ञा लाभिले सजिलै गर्न सक्ने यस्ता क्रियावलिहरू आज नया बैज्ञानिक खोजबाट अल्पमात्र भए पनि पुष्टि हुनसक्नु रामै मानिन्छ । जसबाट त्रिपिटक अन्तरगतका कुराहरू काल्पनिक नभई सत्यमा आधारित् हुन् भन्ने तथ्यको खुलासा हुन जान्छ ।

यस जन्ममा ध्यान भावना नगरेता पनि पूर्वजातिमा अभिज्ञा प्राप्त गरेका पुद्गलहरू यहाँ मानिसहरूका बीचमा जन्म लिन आउन सक्दछ । यस्ता व्यक्तिले आफुले पूर्बजातिहरूमा प्राप्त अनुभूतिहरू फेरी प्रस्फुटित् भई सजिलै यस्तो किसिमको दक्षता प्राप्त गर्न सक्ने हुन्छ । आजको बिज्ञानले अर्थात ब्रज्ञानिक खोजले स्वीकारिएको एक बिषेश तथ्य बुद्धकालिन चुलपन्थक भिक्षुको प्रसंगमा उल्लेख भएको पाइन्छ । त्यो हो, शुक्ष्म शरिर स्थूल (प्रधान) शरिरबाट बाहिरीएर रहँदा यदि स्थूल शरिरमा स्पर्श गर्दा अर्थात हात राख्दा त्यो बाहिरीएको शुक्ष्म शरिर बिजुलिवेगले स्थुल शरिर भित्र प्रवेश गर्दछ ।



Downloaded from http://dhamma.digital

कसैले सपना देखिरहेको अवस्थामा पनि कसैले छोई वा उठाई दिएको खण्डमा त्यो सपना टुँगिन्छ । कुनै व्यक्ति स्वप्न अवस्थामा शरिरबाट बाहिरीएको छ भने यदि त्यस अवस्थामा स्थूल शरिरमा हात राख्दा वा स्पर्श गर्दा बाहिरीएको त्यो शुक्ष्म शरिर तुरून्तै फिर्ति हुन्छ । चुलपन्थक भन्तेले पनि त्यही उपाय अवलम्वन गरेको पाइन्छ ।

बुद्धकालिन प्रसंगहरूले बैज्ञानिक खोजले मानिस भित्र मनोमय मानिस रहने र साधारण मानिस मनोमय मानिसको अधिनमा रहन्छ भने क्षमतावान मानिसले मनोमय मानिसलाई आफ्नो अधिनमा राख्दछ भन्ने तथ्य खुलाउँदछ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# साँच्चै...... दुःख.... त !

संसारमा दुःख छ । यसमा कसैको दुइ मत नहोला । कुनै शारिरीक दुःख हुन्छन् भने कुनै मानसिक दुःख हुन्छन् । कुनै शारिरीक तथा मानसिक दुवै मिश्रित दुःख पनि हुन्छन् । मलाई सम्झना छ जब म विद्यार्थी थिएँ । त्यो बेला जन्मनु, रोगी हुनु अप्रियसंग संयोग हुनु र इच्छा र चाहना पूरा नहुनुलाई संसारको सबभन्दा ठूलो दुःखहरू हुन् भनेर सिकाइएको थियो । तर मलाई लाग्दछ साँच्चैको दुःख त हामीले हाम्रो वास्तविकतालाई हेर्ने हेराईमा र बुझ्ने बुझाईमा हुन्छ । किनकी माथि उल्लेखित तथ्यहरू त हाम्रा यथार्थ हुन् । त्यसमा पनि जीवन्तताका आधारमा ती सबैमा निहित छन् । ती कुराहरू नभैदिएका भए जीवनको विद्यमानता पनि सम्भव हुँदैनथ्यो होला । अतः मुख्य महत्वपूर्ण कुरा त कसरी अनित्यताका तरङ्गहरूलाई हटाउने भन्ने तथ्य थाहा पाउनु हो जसबाट मुस्कुराउँदै थाहा पाउन सकिन्छ की उ कहिल्यै जन्मेको छैन र मरेको पनि छैन ।

बुद्धले यस्तै एउटा कथा भन्नु भएको छ- "एक जना मान्छेले कुकुरलाई ढुंगाले हिर्कायो । पीडित त्यस कुकुरले त्यो ढुंगालाई भुक्यो । उसले बुझ्न -थाहा पाउन सकेन की उसको पीडाको मूल स्रोत वा आधार मानिस हो त्यो ढुंगा होइन । यसैप्रकारले हामी पनि सोच्छौ कि रूप, शव्द, गन्ध,रस र



Downloaded from http://dhamma.digital

र्स्पशादि दुःखका स्रोत हुन् र ती तत्वहरू नष्ट नै गर्नु पर्दछ । तर हामी बुझ्दैनौ की हाम्रा दुःखहरू त्यहां निहित रहन्छ जहाँ हाम्रा ती तत्वहरूलाई हेर्ने, देख्ने र भोग्न प्रक्रिया माथि निर्भर रहन्छ । त्यस्तै ती तत्वहरू प्रयोग गर्ने तरीका माथि निर्भर रहन्छ । किनकी त्यस वास्तविकतालाई हामी हाम्रो संकुचित दृष्टि, विचारधारा र स्वार्थयुक्त चाहनारूपी अँध्यारो पर्दाबाट हेर्दछौ ।

अरूले के भन्दैछ भनेर बुझ्ने तथा सुन्ने कुरा त्यक्तिको सजिलो छैन तर हामी सबैले अरूले भन्ने कुराहरू ध्यान दिएर सुन्ने धैर्यताको अभिबृद्धि भने पक्कै गर्न सक्दछौ । एउटा पात ! एक शिशुको आवाज !! म धैर्यताकासाथ हेर्छु र सुन्छु गरिहिएर कि यी दुबैबाट कुनै तथ्यहरू पाउन सकुं । प्रियसँगको विछोड, इच्छा र चाहना पूरा नहुनु, उदासिनता-नैराश्यता र नरमाइला कुराहरूप्रति असहायता विक्षिप्तता पनि कुनै अर्थ उपादेयता र आश्चर्य सावित हुन सक्दछन् । हामी को वा के हौ भन्दा कुनै दृष्टिकोण वा अंगवाट हाम्रै नरमाइला अनुभूतिका प्रतिफल हो भन्दा अत्योक्ति नहोला । गहिरिएर हेर्ने र चिन्तन-मनन गर्ने प्रबृतिले हामीलाई प्रत्यक्ष गर्ने अवसर प्राप्त हुन्छ कि अचम्मित तथ्यहरू पनि त्यहाँ निहित छन् जहाँ हाम्रै र अर्काका कमजोरीहरू हुन्छन् । र ती फूलरूपी ज्ञान-प्रज्ञा फेरी कहिल्यै ओइलाउँदैनन् । त्यही ज्ञान-बुद्धिको सहायताले हामी देख्न र बुझ्न सक्दछौ कि संसाररिक जन्म र मृत्यु अनि संसारिक निर्वाण एउटै हुन !!!



Downloaded from http://dhamma.digital

# पियेहि विप्पयोगो दुक्खो

बुद्ध भन्नु हुन्छ- प्रियसंगको वियोग, अर्थात् विछोडले दुःख अनि पीडा हुन्छ । उहाँको जन्म जन्मान्तरको अनुभूतिले प्रष्फुटित बाक्य जुन सर्वकालिन सार्वभौम र सर्वमान्य छ । आमा छोरासँग, बुबा छोरीसँग, श्रीमान् श्रीमतिसँग, प्रेमी प्रमिकासँगको विछोडले सबै दुःखी हुन्छन । कुनै पनि नाता होस् वा सम्वन्ध... र त्यहाँ माया-ममता र प्रियभाव होस् र त्यसको विलीनताले बेदना उत्पन्न हुन्छ । चाहे जुनसुकै रगत र जस्तो सुकै विश्वासको होस्, दीदि-बहिनी, दाजु-भाइ वा साथी-भाई होस् हितैषीसँगको दुरी पीडा सृजना हुन जान्छ नै । बेस्सन्तर राज्य आफ्नो प्राणभन्दा प्यारो छोरा-छोरी र पत्नीसंगको विछोडले जति दुःखी बने, वा भएको थियो त्यो भन्दा बढी सिद्धार्थ राजकुमार भार्या यसोधरा र छोरा राहुल कुमारसंगको बिछोडमा दुःखीत भएन भनी कस्ले भन्न सक्दछ र ?

वास्तविक होस् वा काल्पनिक लैला-मजूनु, रोमियो-जुलियट वा मुना-मदन आदि प्रसिद्ध कथाहरूले प्रिय-प्रियसीसंगको बिछोड र अभावले मृत्यु वरणसम्ममा पनि पुग्दछ भन्ने तथ्य प्रष्ट्याउँदछ भने वास्तविकताका नमूनाहरू हाम्रै समाजभित्र देख्न र सुन्न नपाइने पनि कहाँ हो र ?



Downloaded from http://dhamma.digital

प्रिय-व्यक्तिसँगको मात्र हैन, प्रिय-प्राणी वा वस्तुहरूको अभाव र टाढापनबाट पनि दुःख पीडा हुन्छ । घर पालुवा जन्तु होस् वा आफुले मन पराएर राखिएका प्रिय वस्तुहरूको अभावतामा कति दुःखी हुन्छन् ।

यस्तै रहेछ यहाँको नियति । मिलन र विछोडको चक्रले घेरिएकाहरू सुख-दुखले पिरोलिएका नै हुन्छन् । जबसम्म प्रिय-अप्रिय भाव रहिरहन्छ, तबसम्म सुख-दुःख पनि भइरहन्छन् । त्यहाँ परम शान्ति कहां पाइन्छ र?

समता..... ! हो, जहाँ समता छ त्यहाँ सुख-शान्ति हुन्छ । प्रिय-अप्रियभावमा समता । प्रियभाव र प्रियभाव दुवैलाई समान रूपमा उपेक्षा गर्दै समभावको विकास गर्नु । प्रियको चरमोत्कर्षता तथा अप्रियताको अति घृणित स्तरमा नगई मध्यममार्ग अपनाउनु वा बीचको बाटोमा लाग्नु । प्रेम र घृणाबाट अलग रही तटस्थ रहनु । मैत्री भाव राख्नु, आफु र अरूलाई समेत । मैत्रीभावको विकास गर्नु र फैलाउँदै जानु । आफुबाट अनन्तसम्म जहाँबाट सुख र शान्तिको अनुभूति हुन्छ ।

जसरी बुद्धले सुपुत्र राहुल र सुनीत-सोणक जस्ता बालकहरूप्रति समभावले हेरे, समान रूपले मैत्री राखे, त्यस्तै डाकु अंगुलिमाललाई पनि । तसर्थ बुद्ध भन्नुहुन्छ-'तप अर्थात् समभावको विकास नै परम शान्ति हो ।



Downloaded from http://dhamma.digital

# जहाँ प्रसन्न हुन्छ ......

'यत्थ पसीदति, तत्थ दातब्बं-जहाँ प्रसन्न हुन्छ, त्यहाँ दिनु पर्दछ अर्थात् जसलाई दिंदा आफनो मन प्रसन्न र प्रफुल्लित हुन्छ उसलाई दिनु पर्दछ भन्ने बुद्धको उपदेश छ । तसर्थ जुन व्यक्ति, समूह वा ठाउँमा श्रद्धा उत्पन्न हुन्छ त्यहाँ दान दिनु उचित हुन्छ । तर सजग र होसियार अवश्य पनि हुनु पर्ने हुन्छ कि कतै आफुमा अन्ध श्रद्धा त जागृत भएको छैन । सही अथवा सम्यक् श्रदाले नै मनलाई प्रसन्न र शान्त बनाइराख्न मद्दत मिल्दछ । धार्मिक भाषामा भन्ने हो भने पुण्य प्राप्त गर्न सकिन्छ । आफ्नो त्याग र मेहेनत गलत व्यक्ति, समूह वा ठाउँमा परेको खण्डको बालुवामा पानी हालेझै र सर्पलाई दूध खुवाएकै हुन सक्दछ ।

सही त्यागः र दानलाई खेतीसंग तुलना गरिन्छ । यदि खेत सिमसारसरूपसार छ भने उब्जनी, रोपाइ भन्दा धेरै गुणा राम्रो हुन्छ । त्यसरी नै आफ्नो त्यागः र दान सही व्यक्ति वा समूह, ठाउँमा परेको खण्डमा प्राप्त हुने फलले आफू र अरूलाई पनि धेरै हित गर्दछ ।

कसलाई खुवाउँदा (दात दिंदा) उचित हुन्छ (धेरै पुण्य प्राप्त हुन्छ) भन्ने प्रश्नको जवाफ एक बौद्ध सूत्रमा यसरी उल्लेख गरिएको पाइन्छ ।



Downloaded from http://dhamma.digital

१. एक सय नराम्रो (कमसल) व्यक्तिलाई खुवाइएको भन्दा एकजना राम्रो (असल) व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
२. एक हजार राम्रो व्यक्तिलाई खुवाएको भन्दा एकजना 'शील' भएको व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
३. दश हजार 'शील' भएको व्यक्तिलाई खुवाएको भन्दा एकजना 'श्रोतापन्न' व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
४. दश लाख 'श्रोतापन्न' व्यक्तिलाई खुवाएको भन्दा एकजना सकृदागामी व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
५. एक करोड 'सकृदागामी' व्यक्तिलाई खुवाएको भन्दा एकजना अनागामी व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
६. दश करोड अनागामी व्यक्तिलाई खुवाएको भन्दा एकजना अर्हत व्यक्तिलाई खुवाउनु उत्तम हुन्छ ।
७. सय करोड अर्हत व्यक्तिलाई खुवाएको भन्दा एकजना प्रत्येक बुद्धलाई खुवाउनु उत्तम हुन्छ ।
८. एक खरव 'प्रत्येक बुद्ध' लाई खुवाएको भन्दा एकजना 'सम्यक्-सम्बुद्ध'लाई खुवाउनु उत्तम हुन्छ ।



Downloaded from http://dhamma.digital

# बौद्ध समाज सेवा

मानिस जन्म देखि मृत्युसम्म समाजको आश्रय लिइ समाजमा जीवन बिताऊछ । मानव समाज प्रिय बन्नु पर्दछ । बुद्धधर्मले व्यक्ति र समाजबीचमा सन्तुलित सम्वन्ध कायम गराउन चाहिने उपदेश र क्रियालाई मार्ग दर्शाएको पाइन्छ । निर्व्याज व्यक्तिहरू समाजप्रति वितृष्णा जगाई समाजबाट टाढा जादैनन् । उसले समाजभित्र रहेर नै बौद्ध आचार धर्म प्रयोगिक तवरले कार्यान्वयन गर्दछ । समाजको विषयमा यथार्थ थाहा पाउन आफू पनि त्यस समाजको एक अभिन्न व्यक्ति वा अङ्ग हो भनी सोच्नु पर्दछ ।

समाज संकीर्ण छ । व्यक्ति र वातावरणको विसमताले साभाजिक विसमता पनि उग्रं छ । पूर्ण नागरिक अधिकार सम्पन्न व्यक्तिको रूपमा जीवन बिताउन त्यहाँ धेरै बाधा छन् । अनि धेरै दुःख र पीडा पनि । यस स्थितिलाई प्रत्यक्ष गरी निर्व्याज बौद्धहरूमा समाजका सामूहिक समस्या दुःख पीडा हटाउने अपेक्षा अभिलाषा सृजना हुनु कुनै अस्वभाविक हैन । अनि समाजमा ओर्लि समाजसंग संघर्षरत रहेर समाजमा व्याप्त संकीर्णता, विसमता पन्छाउन आ-आफ्नो तन-मन-धनका साथै समय पनि बिताउँदछन् । यसलाई नै समाज सेवा भनिन्छ । "चरथ भिक्खवे चारिकं बहुजन हिताय..." भन्ने बुद्धोपदेशानुसार बौद्ध समाज सेवा भन्नाले परार्थ चर्या नै बुझिन्छ । अरूको



Downloaded from http://dhamma.digital

भलाईको लागि काम गर्नु परार्थ चर्या हो । बौद्ध समाज सेवकका आर्दशका प्रतिक बृद्ध, बोधिसत्व र भिक्षु नै हुन् । समाज सेवाका लागि बुद्ध धर्मले अनुगमनीय आकृति दर्साइएको पाइन्छ । त्यो योजना बौद्ध अर्थ चर्या हो । ज्ञाति अर्थ चर्या, लोक अर्थ चर्या र बुद्ध अर्थ चर्या भनी त्यो तीन प्रकारका छन् ।

निर्व्याजी बौद्ध समाजसेवकले स्वार्थ आत्मार्थ प्रतिक्षेप गर्दछ । जहिले पनि परिवार, नाता कुटुम्ब र हितैषिहरूको अभिबृद्धि र भलाइको बारेमा सोच्दछ, समाजमा उच्च स्थानमा पुऱ्याउन प्रयत्नरत रहन्छ । त्यत्रिमात्र नभई मित्रहरू, छिमेकीहरू, टोलबासीहरू, गाउँ-नगरबासी र देशबासीहरू सम्म ती शुभ चिन्तन, करूणा-मैत्री फैलाउँदछ, जसलाई ज्ञाति अर्थचर्या भनिन्छ ।

जब मन फराकिलो हन्छ । व्यापक हुन्छ र समाज सेवाको उधार भावनाले अभिप्रेरित हुन्छ तब समाज सेवा राष्ट्रिय स्तरबाट अन्तराष्ट्रिय स्तरसम्म पुग्दछ । सिङ्गो विश्वलाई एउटा समाजको रूपमा देख्दछ र ती समाजका सामूहिक समस्यालाई सुल्झ्याउन आफ्नो शुभ-साधक कार्यलाई टाढा-टाढा फैलाउन प्रयत्न गर्दछ । लोक सेवा गर्न आफ्नो जीवन अर्पण गर्दछ । समस्त मानव र प्राणी मात्रको हितको लागि कार्य गर्दछ, उत्थान र रक्षाको लागि कार्य गर्दछ, जसलाई लोक अर्थचर्या भनिन्छ ।

समाजसेवाको लागि तयार पार्ने सबै प्रकारका योजनाहरू समाजको हित- विकास -संवर्धनको लागि हुनुपर्दछ । प्राज्ञिक



Downloaded from http://dhamma.digital

भएर अरूलाई पनि प्रज्ञा सम्पन्न गराउने स्वभाव समाज सेवकमा हुनु पर्दछ । अनि उसले आफू जस्तै अरूलाई पनि समाज सेवामा अभिप्रेरित गराउँदछ । जसको समाज सेवामा स्व-इच्छाले त्यस प्रति अभिप्रेरित हुने स्वभाव र लक्षण गाभिएको हुन्छ र त्यस किसिमले कार्य सम्पादन गर्दछ । सबैमा निहित स्वार्थलाई पन्छाई परार्थकामी बनाउँछ र अन्तमा विमुक्तिको लागि क्रियाकारी हुन्छ, क्रियाकारी बनाउँदछ, जसलाई बुद्ध अर्थचर्या भनिन्छ ।

बौद्ध समाज सेवा भन्नु समग्रमा समाज संरक्षण र समाज संवर्धन हो । तसर्थ बौद्ध समाज सेवकले समाज संरक्षण र संवर्धन हुने किसिमले आफ्नो योजना बनाउँछ र कार्यन्वयन गर्दछ । पुद्गल संरक्षण र सम्वर्धनबाट समाज संरक्षण र संवर्धन उदय गराउँदछ । अन्तमा सबै प्रकारका बाधा बन्धन फुकाई विमुक्ति तिर डोर्‍याउँदछ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बौद्ध जीवन पद्धति

प्रत्येक देश, समाजभित्र जीवन बिताईरहेका मानिसले त्यस देश, समाजमा प्रचलित जीवन पद्धति अपनाइएको पाइन्छ । जुन जीवन पद्धति धर्म र संस्कृतिले अभिप्ररित भएको हुन्छ । वातावरण-परिस्थिति र समयले प्रभावित भएको हुन्छ । त्यसअनुसार समय-समयमा जीवन पद्धतिमा घट्न-परिवर्तन भइरहने हुन्छ । कुनै पनि जीवन पद्धति मानिसको जीवन यापनमा सुगमता र सुगति अनि सुख-समृद्धिको लागि सिर्जना गरिएको हुन्छ । मानिसको जीवन यात्रा सरल, सुगम र सुखदायी बनाउन सिर्जित जीवन पद्धतिले यदि संकीर्णता र बोझिलो अवस्था निम्त्याउँछ भने त्यसलाई समयानुकुल परिवर्तन-परिमार्जन गर्न सुख-समृद्धि चाहनेको कर्तव्य हुन आउँछ । परम्परा र सम्प्रदाय अथावा संस्कृतिको नाममा व्यक्ति विशेषको लागि त्यसलाई नै निरन्तरता दिनु उचित हूदैन जसले जीवन बोझिलो र दुःखदायी-पीडादायी बनाउँछ । तसर्थ बुद्धधर्मले सरल जीवन पद्धतिलाई जोड दिएको पाइन्छ । जसले जुनसुकै अवस्था र परिस्थितिमा पनि जीवन यात्रालाई सरल-सुगम बनाउनमा मद्दत मिल्दछ, सुख-समृद्धि प्राप्तीमा सहयोग मिल्दछ ।

करणीय मैत्री सुत्रानुसार बौद्ध जीवन पद्धतिलाई यसरी निर्देशित गरिएको पाइन्छ ।

१. अल्पकृत्य अर्थात् थोरै काम-काज भएको हुनु ।



Downloaded from http://dhamma.digital

२. सरल स्वभाव अर्थात् आचरण बानी व्यहोरा भएको हुनु ।
३. सुभरता अर्थात् पालन-पोषणमा हुर्किन र हुर्काउनमा सजिलोपन भएको हुनु ।
४. सन्तुष्टता अर्थात् प्राथमिक आवश्यकताको न्यूनतम परिपूर्तिमा सन्तुष्ट भएको हुनु ।

अधिक व्यस्तता, कार्य बहुलताबाट टाढा रही जीवन यात्राको लागि आवश्यक मात्रामा कार्य गर्दै जीवन बिताउनु अल्पकृत्यता हो । कार्य बहुलताले शारीरिक-मानसिक तनाव उत्पन्न गराउूछ । मानवीय सम्वन्धमा चिसोपना ल्याउूछ । जसले आर्थिक रूपले पूर्णता ल्याउन सकिन्छ होला तर सामाजिक रूपले पूर्णता कायम गर्न सकिदैन । सामाजिक प्राणी भएको कारण मानिसले त्यसबाट पनि सुख-शान्ति प्राप्त गर्न सकिदैन । थोरै कार्य अर्थात् अल्पकृत्य गर्नाले शारीरिक मानिसक तनावबाट मुक्त हुन सकिन्छ । मानवीय सम्वन्धमा न्यानोपन ल्याउन सकिन्छ । सामाजिक दायित्व पुरा गर्ने अवसर पनि प्राप्त गर्ने भएकोले सामाजिक सम्वन्धमा पनि बृद्धि हुन्छ ।सुख-शान्तिको अनुभव .गर्न सकिन्छ ।

मानिसको अपेक्षा, आकांक्षा र चाहनाहरू जति कम हुन्छ त्यति नै जीवन हलुगो हुन्छ । सरल आचरण भन्नाले पञ्चेन्द्रियहरू तृप्त गर्नु वा तड्पाउनुबाट टाढा रही मध्यम प्रतिपदा अनुगमन गर्नु हो । यहां विशेत पञ्चशील प्रतिपत्ति उल्लेख गर्न सकिन्छ । कम प्राथमिक आवश्यकता र न्यूनतम परिपूर्तिले सन्तुष्ट हुने



Downloaded from http://dhamma.digital

स्वभावलाई पनि सरल आचरणमा आवद्ध गर्न सकिन्छ । गाँस-वास-कपास र औषधिको परिभोगमा सीमितताले पारिवारिक, सामाजिक भारमा कमी हुन जान्छ । जसबाट पारिवारिक, सामाजिक, अर्थिक बृद्धि हुनजान्छ ।सरल आचरणले परिवार र समाजमा बेमिलाप होइन मिलाप बढ्न जान्छ । कलह होइन, सुख-चयन बढ्न जान्छ । अशान्ति होइन, शान्ति फैलिन्छ ।

सुभरता सरल जीवनको अर्को अंग हो । पोषणमा सजिलोपना, जीवनयापनमा सरलता, सुगमता नै सुभरता हो । अल्पेच्छता यसको पर्यायबाची हो । जीवन निर्वाहमा धेरै आवश्यकता चाहना नहुनु, प्राथमिक आवश्यकता थोरैले चित्त बुझ्नु बढी आशक्ति नहुनु र विलासितामय जीवन नबिताउनु नै सुभरता हो । यसको अभ्यास र प्रयोगले मानिस जहा जुनसुकै परिस्थितिमा पनि सुख-शान्तिपूर्वक जीवन बिताउन सक्ने हुन्छ ।

'सन्तुट्ठि परमं धन' भने झै सन्तुष्टि नै उत्तम धन हो । आफुमा निहित सम्पत्तिमा, आफुले मेहेनत गरी आर्जन गर्ने सम्पत्तिमा, आफूले भोग गर्ने सम्पत्तिमा सन्तुष्ट हुनु, खुशी हुनु नै सन्तुष्टता हो । जसले अहंभाव अर्थात् घमण्ड, वैरभाव अर्थात् इर्ष्या, हीनभाव अर्थात् उदासिनता जस्ता सुख-शान्ति विरोधी तत्वहरूलाई पन्छाउँछ, हटाउँछ, नष्ट पार्दछ । जव मनबाट घमण्ड, इर्ष्या उदासीनताजस्ता कलुषित भाव बिलाएर जान्छ तब मनमा सन्तुष्टि पैदा हुन्छ । सन्तुष्टिले मन तनलाई स्वस्थ र तन्दुरूस्त राख्दछ । स्वस्थता र तन्दुरूस्तताले धैर्य



Downloaded from http://dhamma.digital

सहास र उत्साह बढाउँछ । जसले आर्थिक एवं सामाजिक सफलता हासिल गराउँदछ ।

बौद्ध जीवन पद्धतिमा ती चार अंगहरू समाहित छन् ।जसमा जातीय, कुलीय, वर्गिय भेदभावका साथै लैंगिक असमानता पनि छैन ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# निरवद्य चर्या

दिरवद्य चर्या भन्नाले समाजमा प्रतिष्ठित बुद्धिमान् प्रज्ञावन् सत्यपुरूषहरूले गलत बेठिक अकुशत भनी समर्थन गरेका कुनै पनि गलत कार्य गर्नुबाट बञ्चित हुनु हो । यसलाई पालिमा 'अनवज्य' र संस्कृतमा अनवद्य चर्या पनि भनिन्छ । "न खुद्द समाचरे किञ्चिखुयेन विञ्ञु परे उपवदेय्युं ...." भनी "क़रणीय मेत्त" सुत्रमा निवद्य चर्याको बारेमा विचार प्रस्तुत गरिएको पाइन्छ । यसका साथै गर्नुपर्ने कामको महत्व (कर्त करणीय) पनि यस भित्र अन्तर्निहित भएको ज्ञात हुन्छ । कुनै पनि व्यक्ति समाजमा अनुयोजन हुने र समाजसँग सम्वन्ध कायम गर्ने कार्यमा मुख्य तीन प्रकारका अङ्गहरू पूर्ण हुनु पर्दछ । ती मन, बचन र शरीर हुन् । यी तीन अङ्गहरू अर्न्तगत भई विकास हुने पुद्गल चर्याहरू विधियुक्त गर्नु बौद्ध निरवद्य चर्याको मूल उद्देश्य हुने छ ।

"कायेन संवरो साधु - साधु बाचाय संवरो.
मनसा संवरो साधु - साधु सब्बत्थ संवरो"

चर्या भन्नाले मानवीय आचरण भन्ने बुझिन्छ । माथि उल्लिखित गाथा (श्लोक) मार्फत् मानवीय आचरण, संवर्धन गर्नुपर्ने तरिका प्रष्ट्याइएको छ । मानवीय आचरण, शारीरिक र मानसिक गरी दुइ प्रकारका हुन्छन् । यी दुई अङ्गहरूको सन्तुलित अभिबृद्धि बौद्ध निरवद्य चर्याले अपेक्षा गरेका पाइन्छ ।



Downloaded from http://dhamma.digital

मानव आचरण सम्वन्धमा अवधारणा राख्नु पर्दा बुद्धधर्मले मन, बचन र शरीर भन्ने त्रिद्वारमाथि बढि जोड दिएको पाइन्छ । प्राणिहिंसा, चोरी र परदार सेवन शरीरले गर्ने तीन प्रकारका गलत कार्य झुठो बोल्नु, कडा वचन बोल्नु गाली गर्नु र अर्थहीन कुरा (गफ) गर्नु बचनले गर्ने चार प्रकारका गलत कार्य (क्रिया) हरू हुन् । अधि-लोभ गर्नु, व्यापाद (अरूको हानी गर्नु) र मिथ्या दृष्टि-धारणा राख्नु मनले गर्ने तीन प्रकारका गलत कार्य (क्रिया) हरू हुन् । जुन बुद्धधर्मले "दश अकुशल धर्म" को रूपमा विग्रह गरी देखाएको छ । ती मध्ये शरीर, बचन, व्यवहारबाट सिद्ध हुने गलत क्रियाहरूबाट बञ्चित भएमा व्यक्तिको आध्यात्मिक निरवद्य चर्याको विकास हुन्छ । यस प्रकार कायिक मानसिक संयम अपनाउनलाई व्यक्तिले आफ्नो निरवद्य चर्या पूर्णरूपले सक्षम बनाउनलाई ती तीनद्वारबाट सिद्ध गरिने दश प्रकारका ती गलत क्रियाहरू गर्नुबाट बञ्चित रहनु आवश्यक छ । र, सूचरित धर्मसमुह अर्थाछ् दशकुशल धर्मलाई अंगाल्नु पर्दछ ।

निरवद्य चर्याहरूमध्ये कुन अंग धेरै महत्वपूर्ण छ भनि चिन्तन गर्दा बुद्धदेशित मापदण्ड, एकदम उचित देखिन्छ । "आदिमज्झे परियेसान् कल्याण" अर्थात् आदि मध्य-अन्त कल्याण अर्थात शुरूदेखि अन्तसम्म कल्याण कुशल-अशल हुनु पर्दछ । "अत्तहेतु-परहेतु" अर्थात् स्वार्थ-परार्थ दुवै सिद्ध हुनु पर्ने मापदण्ड पनि उचित देखिन्छ । विशेषतः भिक्षुहरूको लागि बुद्धदेशित



Downloaded from http://dhamma.digital

"अप्पसन्नानं वा पसादाय पसन्ननं वा भीच्यो भावाय:" अर्थात अप्रसन्नलाई प्रसन्न गराउने र प्रसन्नहरूलाई अझ प्रसन्न बनाउने मापदण्ड पनि यहा सान्दर्भिक हुन आउँदछ । त्यसरी नै " इधनन्दति-पेच्चनन्दति" अर्थात इहलोक-परलोकको सफलता र सन्तुषि पनि मापदण्डको रूपमा यहाँ भाविता गर्न सकिन्छ । यी मापदण्डहरूका सम्वन्धमा विचार गर्दा निरवद्य चर्याका महत्वहरू धेरै छन् भन्ने तथ्य प्रष्टिन्छ । कुनै पनि व्यक्ति परिवार समाज देशले शान्ति र मेलमिलाप मार्फत सुख समृद्धिको उपक्ष राख्दछ । निरवद्य चर्या विरूद्ध जाने, दश अकुशल धर्ममा तल्लीन व्यक्तिहरू रहेको परिवार समाज देशवाट सुख शान्ति बिलाएर स्वत हराएर जान्छ । सुख शान्ति नभएको परिवार समाज देशमा समृद्धि मात्र, सपना हुन्छ ।"

तीन द्वारबाट संयमित हुनेलाई शुरूमै राम्रो फल- विपाक प्राप्त हुने हुन्छ । त्यहाँमध्ये र अन्तसम्ममा पनि शील संवरयुक्त भई रहनेलाई प्राप्त हुने फल आनिशंस यसरी देखाइएको छ ।

१. पञ्जेव परिसं उपसंमति-अर्थात् व्यक्ति कुनै समुहको बीचमा जांदा निर्भिक भई शंकारहित भई विशारद भै जान्छ ।
२. अप्पमादास शरणं समन्तं भोगक्खन्ध अधिगच्छति- अथात् संयमित व्यक्ति अप्रमादि क्रिया गर्ने भएकोले आफ्नो कार्य व्यापारमा सफलता प्राप्त गर्दछ ।
३. कल्याणे कित्तिसद्दो अव्युगच्छति अर्थात् संयमित व्यक्ति सम्वन्धमा कीर्ति शब्दहरू फैलिन्छन् । इहलोकमा नै



Downloaded from http://dhamma.digital

प्राप्त हुने उत्कर्ष प्रतिफल सम्वन्धमा चिन्तन- मनन् गरी ती निरवद्य चर्यालाई आत्मसात गर्नु व्यवहारिकरण गर्नु आफ्नो साथै परिवार-समाज- देशको हितको लागि नै हुने छ ।



Downloaded from http://dhamma.digital

# कर्म र बौद्ध चिन्तन

"कर्म विषय अचिन्तनीय छ । चिन्तन गरेर कुनै निष्कर्षमा वा अन्तमा पुग्न कठीन छ ।" -बुद्ध

कर्म शव्दको प्रभावअनुसार क्रिया भन्ने अर्थ दिन्छ । क्रिया भन्नाले कुनै काम अर्थात् कार्य गर्ने गराई भन्ने बुझ्दछ । हिन्दु, जैन, इस्लाम आदि धर्म दर्शनमा पनि कर्म सम्वन्धमा उल्लेख भएको पाइन्छ । तर बुद्धधर्ममा झै तार्किक एवं विस्तृत जानकारी उपलब्ध भएको पाइन्दैन ।

"चेतना हं भिक्खवे कम्म वदामि" अर्थात् भिक्षु हो क्ष चेतनालाई कर्म भन्दछु भन्ने बुद्धबच अनुसार चेतना विनाको क्रियामा कर्म अर्थात विपाक क्रिया हुंदैन भन्ने बुझ्नुपर्दछ । थाहापाई वा नपाई आगोमा हात हाल्दा पोले झै चेतनाले वा अचेतनाले गरिने सबै क्रियालाई अन्य धर्मदर्शनमा कर्मको रूपमा सिकाईने गर्दछ । यदि यस्तो हो भने पापी नभई हामीलाई यस धरतीमा बाँच्न पाइन्दैन होला । किनकि हिंड्दा बोल्दा पनि प्राणीहिंसा हूने गर्दछ र प्राणीहिंसा एक पापकर्म हो । त्यस्तै अग्गिकोपमा सुत्र अनुसार पनि अचेतनिक कर्म सचेतनिक कर्म भन्दा बलियो हुनुपर्‍यो । किनकि थापा पाइकन आगोमा हात हाल्नुभन्दा थाहा नपाइकन आगोमा हात हालिँदा बढी पोलिने हुन्छ । तर यो तर्क युक्तियुक्त छैन ।



Downloaded from http://dhamma.digital

बुद्धधर्मानुसार कुनै क्रिया पुण्य वा पाप, धर्म वा अधर्म भनी स्वीकारिने त्यस क्रियाबाट प्राप्त हुने फलभन्दा पनि त्यस क्रियाको निमित्त गोचर हुने चेतना हो । एक कुशल डाक्टरले असल (पवित्र) पनले गर्ने शल्यक्रियाबाट कुनै रोगीलाई खराबी भएमा डाक्टरलाई पाप लाग्दछ त ? लाग्दैन । किनकि उसको चेतना स्वच्छ छ । त्यस्तै कसैले कुविचारले र अरूलाई नराम्रो गर्ने सोचाइले फाइदा नै भएता पनि उसलाई त्यसबाट पुण्य प्राप्त हुन्छ त ? हुदैन । किनकि उसको त्यस क्रियामा दुष्ट चेतना छ । अतः चेतना सहितको क्रियाहरूलाई मात्र बृद्धधर्मले कर्मको संज्ञा दिएको बुझिन्छ ।

बौद्ध चिन्ताअनुसार यहाँ अर्को बुझ्नुपर्ने तथ्य के छ भने व्याधाले शिकार गर्ने सोचाईमा घरबाट वाण (धनुष) लिएर निस्किएतापनि बन (जंगल) मा कुनै शिकार (जनावर) नभेट्टीकन (नमारिकन) फर्केमा उसलाई प्राणघातको पाप लाग्दैन । तर मार्ने विचरीले नै घरबाट निस्किएको हुनाले मनमा क्रोध चेतना उत्पन्न भैसकेको अवस्थामा व्यापाद अकुशलको प्रतिसन्धि विपाक भने लाग्ने हुन्छ । शिकार गर्नलाई घरबाट निस्केको बेलामा उत्पन्न चेतनाभन्दा भिन्न किसिमको चेतना प्राणघात गर्ने अवस्थामा उत्पन्न हुने हुन्छ ।

त्यसकारण कर्म संचय गर्दा वा कर्म क्रिया गर्दा मनमा उत्पन्न हुने चेतना वा सोचाई मुख्य अथवा अगुवा हुने हूदा कर्म विभाग बौद्ध मतअनुसार बुझ्नु जरूरी हुन आउँदछ । चित्त र



Downloaded from http://dhamma.digital

चेतसिक (मन र चेतना) को विस्तृत व्याख्या अभिधर्मपिटक ( अभि धार्मिक ग्रन्थ) चित्त र चैतसिक खण्ड (काण्ड) मा सबिस्तार गरिएको छ ।

जे होस् यदि हामीले कर्म सिद्ध गरिसकेको छ भने त्यसको विपाक (फल) भने अवश्य नै भोग्नु पर्ने हुन्छ । असल कर्म गरे असल फल र अकुशल कर्म गरे अकुशल फल नै विपाक स्वरूप भोग्नुपर्ने हुन्छ । साधारण तरिकाले बुझ्ने हो भने राम्रो चिताएर राम्रो गरे राम्रै फल पाईन्छ । नराम्रो चिताएर नराम्रो गरे नराम्रै फल पाइन्छ। अरू आफुले गरेको कर्मको फल भोग्नबाट कोही पनि बच्न सकिन्दैन । चाहे त्यो (प्राणी ) आकाशमा बसोस्, समुन्द्र बिचमा लुकोस् वा पर्वत गुफाभित्र छिरोस् आफ्नो भोगाइबाट उम्कन सक्दैन ।

न अन्तलिक्खे न समुद्दमज्झे
न पब्बतानं विवरं पविस्स
न विज्जति सो जगतिप्पदेसो
यत्थटिठ्तो मुञ्चेट्ठे पापकम्मो
(धर्मपद, पाप वग्गो -१२ गाथा)

बौद्ध मतानुसार कर्म पनि एक न्याय धर्म भित्र पर्न आउॅदछ । बुद्धधर्म अनुसार पाूच किसिमका न्यायधर्म छन् । ऋतु बीज, कर्म, धर्म र मन । अतः विश्व धर्मता अनुसार संचालन हुने भएकोले कुनै देवी-देवता वा ईश्वर परमात्माले उहाूहरूको इच्छानुसार पनि कसैको कर्म विपाकलाई रोक्न वा



Downloaded from http://dhamma.digital

पन्छाउन वा त्यसबाट मुक्ति दिन वा दिलाउन सक्दैन । यदि कसैले त्यसरी सोच्दछ भने मात्र भ्रम हुनेछ । तर आफ्नै मेहेनत वा परिश्रमले अवश्य पनि त्यसमा परिवर्तन ल्याउन सक्दछ । बरू देवीदेवताको वरदारनमा होइन ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मन

धम्मपद पनि त्रिपिटकभित्र पर्दछ । तीन पिटकहरू मध्ये सूत्रपिटकको पनि अन्य शाखा ग्रन्थहरू छन् । ती मध्ये धम्मपद पनि एक हो । यस धम्मपदमा भगवान् बुद्धले विभिन्न अवस्थामा देशना गर्नुभएको कुराको सारसंक्षेप संकलन गरी लेखिएको छ । हिन्दूधर्ममा भागवत् गीता, मुस्लिम धर्ममा कुरान, क्रिश्चियन धर्ममा बाइबल भए जस्तै बुद्धधर्मको धम्मपद हो । यो पढ्यो भने बुद्धधर्म भनेको के हो ? यसले कस्तो ज्ञान दिन्छ भन्ने कुरा थाहा पाउँछौं । त्यसैगरी बुद्धधर्म पढ्नुपऱ्यो भने त्रिपिटक पढ्नुपर्छ भन्ने छैन । धम्मपदमात्र पढ्यौं भने पनि धेरै कुरा जान्न सकिन्छ । धम्मपदको पहिलो थाथाः-

मनोपुब्बङ्गमा धम्मा-मनोसेट्ठा मनोमया
मनसा चे पदुट्ठेन भासति वा करोति वा
ततो नं दुक्ख मन्वेति चक्कं व वहतो पदं ति ।

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया
मनसा चे पसन्नेन भासति वा करोति वा
ततो नं सुख मन्वेति छायां व अनपायिनी ।

'मन' हाम्रो विश्वमा जति बस्तु छ त्योभन्दा अग्रनी, श्रेष्ठ



Downloaded from http://dhamma.digital

र मनोमयी छ भनेर गाथाले भनेको छ । मन पनि एउटा धर्म हो । यो अर्थमा कि संसारमा जति पनि पदार्थ छन् । ती सबै कुनै न कुनै कारणले गर्दा उत्पन्न भएको छ । यहाँ कुनै पदार्थ छैन जुन बिना कारण उत्पन्न भएको होस् । धर्मका विभिन्न पदार्थ छन् । यहाँ धर्मलाई पदार्थको रूपमा लिएको छ । किनभने संसारमा जति चीज पाइन्छन् र विद्यमान छन् त्यो कहाँबाट उत्पन्न भयो भन्दा यी सबै मनबाट उत्पन्न भयो । तर हामीलाई थाहा छैन मन भन्ने कहाँ छ । मन भनेको पश्चिमेली मुलुकमा दिमाग पनि भनिन्छ । पूर्वेली राष्ट्रमा मनलार्य मनको रूपमा लिइन्छ । यसअनुसार दिमाग चलाउने स्रोत पनि मनलाई नै मानिन्छन् ।

धर्मको रूप नै मन हो । मन पनि कुनै कारणले गर्दा उत्पन्न हुन्छ । त्यसैगरी धर्म पनि मनको कारणले गर्दा उत्पन्न हुन्छ । जसरी कुराहरले गर्दा अरू धेरै कुरा उत्पन्न हुन्छ । मनको उत्पत्ति चेतनाबाट हुन्छ । मन र चेतना बीच घनिष्ठ सम्बन्ध छ । जग्न कल्पना हो । जब कल्पना उत्पन्न हुन्छ तब मन उत्पन्न हुन्छ । मनको घर चेतना हो । चेतना छैन भने मन उत्पन्न हुन सक्दैन । त्यसैगरी मन छैन भने चेतनाको पनि सञ्चार हुँदैन । यी दुबै एउटा सिक्री जस्तै गरी उक अर्कामा जोडिएका हुन्छन् ।

हामीसँग सबै कुरा गर्न छवटा द्वार हुन्छन् । यी छवटा द्वार आँखा, कान, मुख, छाला, जिब्रो र मन हुन् । यही छवटा



Downloaded from http://dhamma.digital

द्वारको कारणले गर्दा हामीले सबै कुरा भोगिरहेका हुन्छौं । हामीले आँखाबाट केही कुरा देख्दा त्यसलाई के भन्ने ? राम्रो भन्ने कि नराम्रो भन्ने, मनपर्छ भन्ने कि मन पर्दैन भन्ने कुराको निर्णय मनले गर्छ । यदि मन छैन भने आँखाले जति काम गर्न सक्छ त्यतिमात्रमा नै समिति हुन्छ । सोचविचार गर्न सक्ने क्षमता हुँदैन । जसको कारणले उसको विचार सीमित हुन्छ । मानिस सर्वश्रेष्ठ प्राणी हो । त्यसकारण मानिस बाहेक अरू जनावरमा मन हुँदैन । जसको कारण उनीहरूमा विचार गर्ने क्षमता हुँदैन । यही मनबाट नै हरेक कुरा सृजना भएको हुन्छ । त्यसैले नै मन मनोमयी भएको हो । एक अर्को गर्दै विचार- धारा उत्पन्न हुन्छ । यो संसार भनेको नै मनभित्र वा अधिनमा पर्छ । त्यसै कारण बुद्धधर्मले पनि मनलाई जोड दिइएको छ । हामीले जति काम, निर्णय गर्छौं, कहिले दुःख, सुख, द्वेष, अहंकार, ईर्ष्या कहिले यसो गर्ने कहिले उसो गर्नुपर्ने सबै कुरा यही मनबाट उत्पन्न हुन्छ । जति कुरा मनले सोच्छौं त्यही काम गर्छौं र यसका सहायक यही छवटा इन्द्रियहरू हुन्छन् । यदि मन नभएको भएका के हुन्थ्यो । कल्पना पनि गर्न सक्दैनौं । हामीले जे गरिरहेका छौं । ती कुरा सबै अन्त्यमा मनमा नै गएर टुङ्गिन्छ । यसकारण माथि उल्लेख गरिएको गाथाले बुद्धधर्म के हो ? भन्ने कुरा स्पष्ट पार्छ ।

यो संसार मनद्वारा नै निर्माण गरिएको छ । यदि



Downloaded from http://dhamma.digital

प्रदूषित भएको मनले केही कुरा भन्छौं अथवा केही गर्छौं भने त्यसको सम्पूर्ण क्रियाको फल सुख नै हुन्छ । प्रदूषित मनले कुनै अवस्थालाई ग्रहण गर्दा वा कुनै पनि कुराले मन प्रदूषित भैरहेको छ भने मनमा रिस, द्वेष उत्पन्न हुन्छ । त्यो अवस्थामा त्यस व्यक्तिलाई जे कुरा भने पनि चाहे त्यो सही नै भएपनि गलत अर्थ दिन्छ वा लिन्छ र रिसको प्रतिक्रिया नै व्यक्त गर्छ । त्यस व्यक्तिबाट सही प्रतिक्रिया आउँदैन । दु:खसँगं सम्बन्धित प्रतिक्रिया हुन्छ । दु:ख भनेको सानो ठूलो हुँदैन । मन प्रसन्न भयो भने जुन अवस्थामा पनि सुखको प्रतिक्रिया आउँछ । मन कस्तो राख्ने भन्ने कुरा यी दुइटा कुराले दुईतिर दोऱ्याउँछन् । त्यसैले मन सँधैं प्रसन्न (स्वच्छ) राख्नुपर्छ । सुख, दु:ख भन्ने एउटा भावना हो । यो पनि मनमा लुकेको हुन्छ । सुख भनेको के हो ? थाहा पाउन, दु:ख के हो, भनेर थाहा पाउनुपर्छ र दु:ख थाहा पाउन सुख पनि थाहा पाउनुपर्छ । सुख, दु:ख दुबै मनकै कारणले उत्पन्न हुन्छ । दु:खको स्वभाव एउटा गाडामा राखिएको चक्का जस्तै हुन्छ । जसरी गाडामा बढी सामान हाल्यौं भने बढी बोझ हुन्छ र अगाडि जान गाह्रो हुन्छ तर बोक्नै पर्ने हुन्छ । जसरी गाडाको चक्काले गाडामा रहेको बोझ बोक्नैपर्ने हुन्छ । त्यसरी नै सुखलाई एउटा छायाँको रूपमा लिइएको छ । छायाँ उज्यालो, सूर्यको प्रकाश भएको बेलामा देखिन्छ । यो छायाँ जहिले पनि हाम्रो अगाडि पछाडि आइरहेको हुन्छ तर यसले केही असर



Downloaded from http://dhamma.digital

गर्दैन, अप्ठेरो पार्दैन साथै बोझ हुँदैन र आफूसँग छ भन्ने कुरा नपनि थाहा हुँदैन । सुखको स्वभाव पनि यस्तै हुन्छ । यसरी यी दुइटै सुख र दुःख हाम्रो पछि पछि नै आइरहेको हुन्छ ।

मन सर्वश्रेष्ठ छ । जे कुरा उत्पन्न हुन्छ मनको कारणले उत्पन्न हुन्छ । मनको अवस्था अनुसार त्यसको प्रतिफल हुन्छ । यही कुराबाट बुद्धधर्म प्रष्ट हुन्छ । सबै कुराहरू यो मनमा केन्द्रित हुने हुँदा हामीले मनलाई पनि केन्द्रित पार्न सक्नुपर्छ । हाम्रो मन धेरै टाढा टाढासम्म जान्छ । एक्लै जान्छ । यसको कुनै सीमा हुँदैन । मनको आकृति हुँदैन, त्यसैले कसको मन कहाँ पुग्छ भनेर भन्न सकिँदैन । यसलाई जस्तो बनायो त्यस्तै बनाउन सकिन्छ । यो मन धेरै चञ्चल हुन्छ । जब मन वन्धनमा पर्छ तब एउटा माछालाई पानीबाट छुटाएर जमीनमा राख्दा जस्तो छटपटाइ हुन्छ त्यस्तै स्थिति मनको हुन्छ । यसरी उदाहरणले मनको स्वभाव भन्नुभएको छ ।

जसले यस्तो मनलाई संयम बनाई आफ्नो बसमा राख्न सक्छ आफूसँग बाँध्न सक्छ । त्यही व्यक्ति हरेक दुःखबाट मुक्त हुन्छ । सबैमा मन प्रधान हुन्छ त्यसैले हामीले मनलाई चिन्नुपर्छ, आफूलाई चिन्नुपर्छ र त्यसलाई आफ्नो बसमा राख्नुपर्छ, र आफूले चाहेको ठाउँमा लगाउनुपर्छ । अनि मात्र सुख प्राप्त हुन्छ । हामी मनको बसमा छौं । हामीले त्यसलाई बसमा राख्न सकेका छैनौं । हामीले चाहे पनि त्यसलाई रोक्न सक्दैनौं । त्यसैले जसले मनलाई बसमा



Downloaded from http://dhamma.digital

राख्छ, आफ्नो स्वभाव चिन्छ, मन संयम राख्छ । त्यसैले सुख प्राप्त गर्छ । बुद्धले यही कुरा भन्नु र सिकाउनुहुन्छ ।

सबभन्दा पहिले हामीले कुनै पनि पापकर्म, नराम्रो काम नगर्ने प्रयास गर्नुपर्छ । हामीले जहिले पनि राम्रो काम गर्ने मनलाई स्वच्छ, सफा र प्रसन्न पार्ने प्रयास गर्नुपर्छ । यही नै बुद्धको उपदेश हो । यो कुरा पालना गरेमात्र बुद्धधर्म पालना गरेको र सिकेको हुनेछ । जब कुनै पनि व्यक्तिले बुद्धधर्मलाई बुझ्छ । त्यसले बुद्धलाई देख्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# पुनर्भव....

मानव उत्पत्तिसंगसंगै पुनभर्व, (पुनजन्म) सम्वन्धमा अविनिश्चित स्वीकारोक्ति भएको देखिन्छ । शुरूको अवस्थादेखि मानवहरूले मृत्यु भएकाहरूको पुजादि क्रियाकर्म गर्दै आएको देखिन्छ । मानव विकाससंगै राम्रो नराम्रो सम्वन्धमा संकल्प पनि विकसित हुदै आएको देखिन्छ  कुनै व्यक्तिको मृत्यु पछि 'यम देव' को नियमानुसार उसलाई यमलोकमा बोलाउने र राम्रो (असल काम) गरेको व्यक्तिलाई राम्रो ठाउं स्वर्गमा र नराम्रो (खराव काम)  गरेको व्यक्तिलाई नराम्रो ठाउमा ( नरकमा ) 'यमराज' को आदेशले पठाउने गरेको भन्ने वेद साहित्य अनुसार थाहा पाउन सकिन्छ । यसरी पूनभर्व ( पुर्नजन्म) सम्वन्धमा विकसित हुंदै आएको धारणा उपनिषद युगसम्म पुग्दा मानिस मर्दा त्यसको शरिर भित्र रहने 'आत्मा' अन्त्य स्थानमा जाने हुन्छ  भनि उपनिषद मुनी (ऋषि) हरूले सिकाउने गरेको बुझिन्छ । पुनरूपत्ती भनेर वहाहरूले विश्वास गरेको त्यही 'आत्मा' सन्क्रमन हुनुलाई रहेछ । यस्ता यस्तै विश्वास र धारणाहरू व्याप्त रहेको अवधिमा जन्मनु भएका बुद्धले विश्वमा रहेका सबै हेतु प्रत्ययको कारण उत्पन्न हुने र हेतु प्रत्ययको अभावमा ती सवै विनास हुने भनि सिकाउनु भएको देखिन्छ । प्राणीको उत्पत्ति सम्वन्धमा अर्थात प्राणी जन्म लिने तरिका विशुद्धि मार्गमा यसरी उल्लेख गरिएको पाइन्छ ।



Downloaded from http://dhamma.digital

"कम्म विपाका वत्तन्ति - विपाको कम्म सम्भव, तस्मा पुनब्भवो होती - एवं लोको पवतत्ती"

अर्थात्- कर्मले विपाक विद्यमान गराउँदछ । विपाकले फेरी कर्म सृजना गर्दछ ।

त्यसकारण पुनर्भव हुन्छ ।

यसरी संसार विद्यमान रहन्छ ।

सो अनुसार मानव (प्राणी) उत्पत्तिको लागि ३ प्रकारले कारणाका काराणहरू प्रभाववित हुने देखिन्छ -

१) क्लेश वृत्त- अविद्या, तृष्णा, उपादान

२) कर्म वृत- संस्कार कर्मभव

३) विपाक वृत- विज्ञान, नामरूप, षडायतन, स्पर्श वेदना, जाति र जरामरण । यस अनुसार 'कम्मा विपाक वत्तत्ति' कर्म विपाक रहन्छ भनी संस्कार र कर्मभवले चिनिने कर्महरू हुन् । यसलाई कर्मवृत्त पनि भन्दछन् । जसले 'विपाको कम्म सम्भके' विपाक कर्मको सम्भव गराइदिन्छ । ती हुन् विज्ञान, नामरूप, षडायतन, स्पर्श वेदना, जाति तथा जारामरण यी विपाक वृत्तसंग अविद्या, तृष्णा र उपादानरूपी क्लेशवृत्तको संगमले फेरी कर्म वृत्त अथात् कर्म विपाक सृजना भई पेरि विपाक कर्म जनित हुन्छन् । यस प्रकार पुनर्भव हुन्छ र एवं प्रकारले यो लोक- संकार विद्यमान रहन्छ ।

त्यसर्थ कर्मको कारण प्राणीको उत्पत्ति हुने र कर्मको संचयले फेरि पुनर्भव हुने तथ्य प्रष्टिन्छ । अतितको अविद्या, संस्कार र उपादान अनि भवको हेतु वर्तमान विज्ञान, नामरूप, षडायतन, स्पर्श,



Downloaded from http://dhamma.digital

बेदना (पंचस्कन्द- शरीर) उत्पन्न भएको हुन्छ र बर्तमान सत्व-प्राणी षडायतनले चिनिने चक्षुरादि इन्द्रियहरू प्रयोग गरी रूप, शब्द, गन्ध, रसादिमा स्पर्श-ग्रहणबाट वेदना आश्वाद प्राप्त गर्दछ र त्यसानुसार ती अनुभूतिहरू प्रतिको निर्णयानुसार कर्म संचित गर्दछ । संसारयात्राको अन्तिम अवस्थासम्म अविछिन्न रूपले यसप्रकार कर्म संचय हुने हुन्छ ।

प्राणी- व्यक्तिको मरणासन्न अवस्थामा जनित हुने मरणासन्न चित्त विथिको अन्तिम चित्तमा (चुत्ति-चित्तमा) कर्म, कर्मनिमित्त वा गति निमित्त मध्ये एकको गोचर हने हुन्छ । सो अनुसार (प्रतिसन्धि चित्त) अर्को भवको प्रथम चित्तको रूपमा प्रतिसन्धि चित्त उत्पन्न गराउँदछ र अन्य भवको यात्रा सुरू हुने हुन्छ । मरणसन्न अवस्थामा उत्पन्न चुतिचित्त, प्रतिसन्धिचित्तको हेतु- कारण बन्यो । अतः पतिसन्धिच्त्ति, चुतिचित्तको फलविपाक बन्यो । यस क्रियावलिमा पहिलेको जन्म- पुर्वभवबाट यस जन्ममा- वर्तमान भवमा सँगै आएको वा लिएर आएको केही देखिदैन । तर चित्त परम्परा कायम रहेको देखिन्छ । प्रतिसन्धि प्राप्त व्यक्ति-प्राणी पूर्णरूपमा सो व्यक्ति-प्राणी नै हो भनेर भन्न सकिने अवस्था भने छैन । अतः पूर्णरूपमा अन्य व्यक्ति- प्राणी हो भन्न सकिने अवस्था पनि छैन । "न च सो न च अञ्ञो" भनी उल्लेख गरिएको कारण पनि त्यही होला । ऐनामा देखिने प्रतिविम्व पूर्णरूपमा आफू पनि, पूर्णरूपमा अरू व्यक्ति पनि नहुने तथ्य यहाँ उदाहरणको रूपमा लिन सकिन्छ ।

यसरी सृजना हुने पुनर्भव कुनै देवी-देवताको सृष्टि नभई



Downloaded from http://dhamma.digital

कर्म वेग-कर्म शक्तिको कारण सृजना हुने हो । सत्व-सन्ततिमा क्लेश रहुञ्जेल (अविद्या,तृष्णा नष्ट नगरेसम्म) कर्म संचय गरिने हुन्छ । कर्म संचित हुञ्जेल जन्म- उत्पत्ति पनि हुने हुन्छ ।

कुनै पनि अवस्थामा अविद्या-तृष्णादि क्लेश नष्ट-विनाश गरेमा कर्म संचय नहुने र कर्म संचित नभएको अवस्थामा जाति अर्थाते उत्पत्ति नहुने हुन्छ भनी प्रष्टिन्छ । अतः कर्मको संचिति रोकिनको निम्ति पूर्णरूपमा अविद्या तृष्णादि क्लेशहरू प्रहीण गर्नुपर्ने हुन्छ । त्यसरी समूल नष्ट गरेका उक्त व्यक्तिहरू फेरि जन्म लिदैनन् । बुद्ध, प्रत्येक बुद्ध र अर्हत् आदि क्लेश पूर्ण रूपमा नष्ट गरेर फेरि जन्म हुन नपर्ने गरी गएका उत्तमहरू हुन्- "नहि जातु गब्भसेय्यं ।"

पुनर्भव (पुनरूपत्ति) छैन भनी तर्क गरेका पायासि राजञ्ञ नामक राजालाई उहाँको मत सावदय (गलत ) भनि प्रकाश पारेका अर्हत् भिक्षु कुमार काश्यपले तर्कानुकूल कारणाकारण देखाउँदै पुनर्भव छ भनी खुलस्त पारेको तथ्य दीधनिकायको पायसि राजञ्ञ सुत्रमा उल्लेख भएको पाइन्छ । पुब्बे निवासानुस्सति ज्ञान (अतित पुर्वजन्मका ज्ञान) अन्य तपश्वीहरूले पनि प्राप्त गरेको र गर्ने तथ्य उल्लेख छ । यो ज्ञान धयानलाभीले मात्र प्राप्त गर्न सक्दछ भने यसको लागि अतित जन्महरू क्रमशः सम्झदै आवर्जना गर्दै लैजानु पर्दछ ।

बोद्ध साहित्यमा भएको 'जातक कथा' बुद्धका अतित भवजन्महरूका मुख्य मुख्य घटनाहरूका जीवनी हुन् ।



Downloaded from http://dhamma.digital

# मरण

बुद्ध शिक्षा अनुसार मृत्यु 'क्षणिक मरण' र 'सम्मुति मरण' भनी दुइ प्रकारले दशाईएको छ । उपादान संयुक्तिको रूपमा चिनिने शक्ति विशेष क्षण क्षणमा नष्ट हुँदै फेरी सृजित हूदै अगाडि बढीरहन्छन् । आँखा झिम्क्याउनको लागि चाहिने समयावधि भित्र उत्पन्न भई विनाश हुने यो प्रक्रिया कयौ पटक कार्यान्वयन भैसकेको हुन्छ । यसलाई 'क्षणिक मरण' वा मृत्यु भनिछ । यो धेरै सुक्ष्म शक्ति विशेष प्रक्रिया भएकोले इन्द्रियहरूमा सजिलै गोचर हुँदेन । अतः यस सम्वन्धमा मतलव पनि हूदैन । कुनै जीवनको विद्यमानता पछि अन्त्य हुनुलाई 'सम्मुती मरण' वा मृत्यु भनिन्छ । जीवन आश्रित भई रहने प्रधान अंश नै उपादनस्कन्धरूपी शक्ति विशेष हुन् । ती उपादानस्कन्धको विद्यमानतामा यो सम्मुति मरणले कुनै बाधा पुऱ्याऊदैन । हाम्रो आूखाले देख्ने गरी कुनै नाम र रूप धारण गरिरहेको जीवन निष्क्रिय हूदा त्यस अवस्थालाई मृत्यु (मरण) को सम्मति दिन्छौ । यो हाम्रो व्यवहार मात्र हुन आऊदछ र हामीले मरण-मृत्युको रूपमा त्यस सम्मुति मरणलाई लिन्छौ । यो कुनै जीवन (जिन्दगी) को अन्त हो । यसबाट अन्त्य हुने एक जीवन मात्र हो । उपादानस्कन्ध संयुक्तिको अन्त्य भएको त्यसबाट ठहरिदैन । त्यसको क्रियाकारित्व ( संचालन-प्रवर्तन) अविछिन्न विद्यमानता भई नै रहन्छ । यसको अनन्यता त्यसले रोकिदैन ।



Downloaded from http://dhamma.digital

उपादानस्कन्ध संयुक्तिबाट एकचोटी बनेको जीवनलाई आफ्नो वा आफू भन्ने सोचाई हामीमा हुन्छ । बुद्ध शिक्षा भित्र 'मान' को रूपमा त्यसलाई चिनाइन्छ । यसरी आफू भनी सोचेर लिएको जीवन समाज संविधानमा स्वतन्त्र इकाईको रूपमा अन्यले पनि स्वकार्दछ । यसरी 'आफू' म भनि सोचिराखेको एक जीवन पद्धतिको अन्त्य हुनुलाई निष्क्रिय हुनुलाई मरण-मृत्यको रूपमा लिन पनि हामीले बानी बसालेको छौ ।'...... त्यसबखत सुमेध तपस्वी भएर बसेको म नै थिएं...... ।' भनी असंख्य कल्प पछि जिवमान भएका गौतम बुद्धले भन्नु भएको थियो । यस अनन्त दीर्घकालको अवधिभित्र उहाँले प्राप्त गर्नु भएको सम्मति मरण -मृत्यु संख्या कति चोटी भनी गन्न सकिने हैन । त्यतिका चोटी भएको मरण-मृत्युले उहाँलाई कुनै हानी नोक्सानी भएको देखिन्दैन । तसर्थ हाम्रो पनि मरण-मृत्युले हामीलाई कुनै हानी हुने कारण देखिन्दैन । बरू मृत्युपछिको नयाँ जीवन, यस जीवनभन्दा राम्रो स्थानमा, सुखद् अवस्थामा रहन सक्दछ भने हानी भन्दा लाभ भएकै देखिन्छ । यसकारण मृत्युदेखि आत्तिनु पर्ने, डराउनु पर्ने कुनै कारण छैन । धेरैजना मृत्युदेखि डराउनु भनेको मृत्युसम्वन्धमा ज्ञान भएको कारणले नै होला । मृत्यु-मरण सम्वन्धमा डर, भय-त्रास उत्पन्न हुनुमा साधारण साझा कारणहरू यस्ता हुन सक्दछ ।

१) कायिक (शारीरिक) वेदना भोग्नु पर्ने डर

२) मृत्युपछि उत्पन्न हुनसक्ने अवस्था सम्वन्धमा शंका



Downloaded from http://dhamma.digital

३) आफु अपराधिक गतिविधि सहितको जीवन विताई राख्नु ।
४) आफूले मन पराई राखेका व्यक्तिहरूसंग विछोड भई एक्लो महशुश हुनु
५) आफूले कमाई जम्मा गरिराखेको सम्पत्तिहरू छोडेर जानमा अनिच्छा हुने ।
६) आफूले मेहेनत गरेर कमाइराखेको सम्पत्तिहरू आफू मरेपछि अरू व्यक्तिले भोग गर्ने सम्वन्धमा उत्पन्न हुने ईर्ष्या-डाह
७) आफू नरहँदा आफ्ना छोरा-छोरी आदि परिवारलाई केही हुन्छकी भन्ने त्रास ।

सामान्य व्यवहारमा हेर्दा ती कारणहरू मध्ये केही वा घटीमा एउटाको भएपनि कुनै व्यक्तिलाई प्रभाव-असर पार्नु स्वाभाविकै हुन्छ । तर सही रूपमा कारण परिक्षण-निरिक्षण गरी हेर्दा ती मध्ये कुनै पनि कारण सम्वन्धमा चिन्ता वा डर लिनु पर्ने अवस्था छैन भन्ने बुझिन्छ । ती कारणहरू सम्वन्धमा बुझ्दा पनि यो तथ्य स्पष्ट हुन्छ ।



Downloaded from http://dhamma.digital

# कल्याण मित्र र मित्रता

पाप मित्रहरू आश्रय संगत नगर्नलाई र कल्याण मित्राहरू आश्रय संगत गर्नलाई बुद्ध धर्मले उपदेश दिन्छ ।

पाप (खराब) मित्रहरूसँग संगत गर्नु हुँदैन । नीच मित्रताहरूसँग संगत गर्नु हुँदैन । कल्याण मित्रहरूसँग संगत गर्नु पर्दछ । श्रेष्ठ मित्रहरू, व्यक्तिहरूसँग संगत गर्नु पर्दछ ।

नभजे पापके मित्ते न भजे पुरिसाधमे
भजेथ मित्ते कल्याने भजेथ पुरिसुत्तमे (धम्मपद)

छोपिराखेको निधानगत धन देखाइ दिने जस्तैः भएको गल्ति औंल्याई दिने, कमजोरी पक्षको पहिचान गराई दिने, सल्लाह सुझाव दिने बुद्धिमानीहरूको आश्रय लिनु पर्दछ । संगत गर्नु पर्दछ । त्यस्ता ज्ञानी व्यक्ति, असल व्यक्तिसँग सत्संगत गर्नेलाई राम्रो विना, नराम्रो हुने छैन ।

"निधिनं व पवत्तारं -यं पस्से वज्जदस्सिनं,
निग्गह्यवादिं मेधावि तादिसं पण्डितं भजे" (धम्मपद)

मंगल सुत्रमा बुद्धले वाल मूर्खहरूसँग संगत नगर्नुले र ज्ञानी -पण्डितहरूसँग गर्नुले मंगल हुन्छ भनी देशना गर्नुभएको छ ।

"असेवना च बालानं - पण्डिततानञ्च सेवना.....
एतं मङ्गलमुत्तमं ।"



Downloaded from http://dhamma.digital

बाल मूर्ख मित्रहरूको तीन प्‌कारका स्वभावहरू हुन्छन्‌ । जुन तिक निपात, बाल वर्ग, अंगुत्तर निकायमा यसरी उल्लेख गरिएको छ ।

१. नराम्रो मनले विचार गर्ने हुन्छ ।
"दुच्चिन्ती च चिन्तिच होति ।"

२. नराम्रो वचनले कुरा गर्ने हुन्छ ।
"दुब्भासित भासि"

३. नराम्रो काम गर्ने, दुष्कार्य गर्ने हुन्छ ।
"दुक्कट कम्मकारी"

कुनै पनि व्यक्तिलाई यदि कुनै किसिमको डर त्रास उत्पन्न हुन्छ भने ती सबै बाल मूर्खहरूको कारणले नै उत्पन्न हुने गर्दछ । तर पण्डित सज्जनहरूबाट डर त्रास उत्पन्न हुँदैन ।

"यानिकानि चि भिक्खवे भयानि उप्पज्जन्ति, सब्बानि तानि बालको उप्पज्जन्ति, नो पण्डिततो ।"

तसर्थ यदि कसैले बाल मूर्ख मित्रहरूसँग संगत आश्रय गर्दछ भने उनीहरू प्रति दया भावले (अनुद्दयाय), अनुकम्पा भावले ( अनुकम्पाय) अथवा शुभसाधक आकल्प युक्त भई त्यसरी संगत



Downloaded from http://dhamma.digital

गर्नु पर्ने हुन्छ । त्यसो गर्न असक्षम व्यक्तिहरू जहिले पनि पाप मित्र, बाल मूर्ख मित्रहरूबाट टाढा र अलग रहनु पर्दछ ।

मित्र साथीको रूपमा संगत वा आश्रय गर्नलाई सधै आफू भन्दा उच्च गुण, बुद्धि र आचरण व्यवहार भएका श्रेष्ठ व्यक्तिलाई रोज्नु छाँन्नु पर्दछ । त्यसो सम्भव नभएमा आफू समान व्यक्ति छान्नु रोज्नु पर्दछ । त्यसो पनि सम्भव नभएमा उसले बाल मूर्ख खराब मित्रहरू रोज्नु छान्नु वा संगत गर्नु हुँदैन ।

खराब व्यक्तिहरूसँग संगत आश्रय गर्नाले साधारण असल व्यक्रि पनि खराबमा कुमार्गमा लाग्ने हुन्छ । आफू समान व्यक्तिको संगतले आफू श्रेष्ठतामा पुग्दैन । तर श्रेष्ठ व्यक्तिहरूसँगको संगतले अभिबृद्धि हुने गर्दछ । तसर्थ श्रेष्ठ व्यक्तिहरूसँग मित्रता कायम गर्ने, सत्संगत गर्ने, आश्रय निश्रय पाउन कोशिश गर्नु पर्दछ । प्रयत्नशील रहनु पर्दछ ।

"निहीयति पुरिसो निहीन सेवि,
नच खायेथ कदाचि तुल्य सेवि,
सेट्ठ मुपनमं उदेति खिप्पं
तस्मा अत्तनो उत्तरि भजेथ ।"

बुद्धिमान्, प्रज्ञावान, अथवा आफूसँग आश्रय संगत योग्य, राम्रो असल बानि व्यहोरा प्रवृत्ति भएका पण्डित कल्याण मित्र पाउन सकिन्छ भने सबै प्रकारको उपद्रव बाधाहरू दमन गरी पन्छाई त्यस व्यक्तिसँग सन्तुष्ट मनले स्मृतियुक्त भई संगत आश्रय गर्नुपर्दछ । वास गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital

"स चे लभेथ निपकं सहायं,
सद्धिं चरं साधु विधारि धीरं,
अभिभूयथ्यतेनत्थ मनो सतिमा"

यदि कुनै प्रकारले बुद्धिवान प्रज्ञावान अथवा आफूसँग आश्रय संगत योग्य राम्रो असल बानि व्यहोरा प्रवृत्ति भएका पण्डित कल्याण मित्र पाउन वा भेट्टाउन सकिन्दैन भने देश छोडेर एक्लै जङ्गलमा पसि एकान्तवास गरेर तप चर्यामा निरत हुने "महाजनक" राजा भै हात्ति समूह छोडेर वनमा एक्लै बस्ने "मातङ्ग" हात्ति भै आफू पनि एक्लै बस्नु नै उचित हुन्छ । कल्याण हुन्छ ।

"नो चे लभेथ- निपकं संहायं,
सद्धिं चरं साधु विहारि धिरं,
राजाव रट्ठा विजितं पहाय,
एको चरं मातङ्ग रञ्ञोव नागो ।"

बाल मूर्खहरूसँग संगत नगरी, आश्रय नगरी एक्लै बस्नु राम्रो हुन्छ, वेश हुन्छ । अज्ञानीसंगको मित्रता योग्य हुँदैन । उचित हुँदैन । तसर्थ अज्ञानि समूहसँगको हेलमेलमा अनुत्साहित भई, खराब समूहसँगको संगतमा भय युक्त भई, वनमा एक्लै बस्ने मातङ्ग हात्ति भै एक्लो भई एकान्तवास गर्नु त्यो भन्दा योग्य हुन्छ । उचित हुन्छ । तव पापबाट, कुकर्मबाट वन्चित भइन्छ ।



Downloaded from http://dhamma.digital

"एकस्स चरितं सेय्यो
नत्थिवाले सहायता
एको चरे न च पापानि कयिरा,
अप्पोस्सुको मातङ्ग रञ्ञे व नागो ।"

कुनै पनि व्यक्ति भित्रको , पुद्‌गल अभ्यन्तरमा लुकिरहेका आध्यात्मिक शक्ति विकशित प्रफुल्लित गर्दा खेरि कल्याण मित्रको उपादेयता कत्तिको हुन्छ, महत्व र प्रयोजन कत्तिको हुन्छ भन्ने तत्थ्य बुद्धले उपस्थायक भिक्षु आनन्दलाई बोलाई दिनु भएको उपदेशबाट प्रष्ट हुन्छ । आधयात्मिक - मानसिक विकाशको आधा पक्ष मात्र कल्याण मित्रको हातमा हुन्छ भन्ने भिक्षु आनन्दको विचार र धारणा थियो । यो कुरा थाहा पाउनु भएका बुद्धले "आनन्द ! त्यसो होइन । आनन्द त्यसो होइन । ती सबै आध्यात्मिक मानसिक विकाश नै कल्याण मित्रतामा निर्भर रहन्छ । सम्पूर्ण आध्यात्मिक विकाश नै कल्याण भित्रको हातमा हुन्छ ।" माहेवं आनन्द, माहेवं आनन्द,। सकल मेवाहिदं आनन्द ब्रम्हचरियं यदिदं कल्याण मित्तता" - (स.नि.को सं.)

अंगुलिमाल डाँकु वा अर्हत ज्ञानी हुने बन्ने मुल बीज प्रत्येक व्यक्तिसँग विद्यमान हुने, रहने हुन्छ । ती दुई मध्ये कुन चाहिं विकसित हुने वृद्धि हुने भन्ने कुरा त्यहाँ आधारशीला, आधार स्थम्भको रूपमा रहने वातावरण परिस्थिति माथि निर्भर हुने कुरा हो । तसर्थ मानव अपराध हटाउनको लागि, निमूर्ल



Downloaded from http://dhamma.digital

पार्नको लागि र शान्त पार्नको लागि सुसुचित, व्यवस्थित, शान्त र असल सामाजिक वातावरण, परिस्थिति निर्माण सुजना गर्नु पर्ने आवश्यकता बुद्ध धर्मले दर्शाउँदछ ।

विकृत समाजको आश्रयले मानिसहरू कुबाटो कुमार्गमा लाग्न अभिप्रेरित गराउनमा गर्ने, दिने दवाव जस्तै, सस्सँकृत समाजको आश्रयले मानिसहरू भित्रि बाहिरी रूपमा संर्वधन प्रवर्धन गराउनमा, गर्ने दिने दवाव पनि उत्तिकै मजवुद र विशाल हुन्छ ।

अतीतमा एक बुद्धिवान प्रज्ञावान पिताले -बुबाले सामाजिक जिवनमा प्रवेश गर्न इच्छुक सुपत्रलाई, छोरालाई दिएका उपदेश रासि "सासिद्धराग" जातक पालीमा उल्लेख भएको पाइन्छ । जुन समसामयिक र सारगर्भित छन् । धारण योग्य - अनुशरण योग्य छन् । (सं.निपात)

१. पुत्र ! तिमीलाई जसप्रति जो माथि विश्वास हुन्छ र जसलाई तिमी प्रति- तिमी माथि विश्वास हुन्छ र राख्दछ, त्यस्तै जसले राम्ररी भनेको सुन्दछ, निहतमानि भई धैर्यधारण गर्दछ, त्यस्तो व्यक्तिसँग मबाट टाढा हुने तिमीले संगत गर्नु वेश हुन्छ ।

२. जसले शरिर वचन र मनले गलत क्रियाहरू गर्दैनन्, म बाट टाढा हुने तिमीले त्यस्तो व्यक्तिसँग संगत गर्नु वेश हुन्छ ।

३. जसले धार्मिक जिवन विताउंदछ र अन्यलाई हेय दृष्टिले हेर्दैन सोच्दैन, पवित्र आचरण भएको हुन्छ र प्रज्ञावान पनि हुन्छ, म बाट टाढा हुने तिमीले त्यस्तो व्यक्तिसँग संगत गर्नु वेश हुन्छ ।



Downloaded from http://dhamma.digital

४. चाँडै परिवर्तन हुने मन भएका/बाँदर जस्तो चंचल स्वभाव भएका व्यक्तिहरूसँग म बाट टाढा हुने तिमीले संगत नगर्नु वेश हुन्छ ।

५. पुत्र ! बाल मूर्खहरूसँग संगत गर्नाले गलत क्रियाहरूको बृद्धि हुने हुन्छ । त्यस्तो व्यक्तिहरूसँग मबाट टाढा हुने तिमीले कहिल्यै पनि संगत नगर्नु वेश हुन्छ ।

कुनै पनि व्यक्तिको भित्रि बाहिरी अभिवृद्धिमा वातावरण परिसरले ठूलो असर पार्दछ भन्ने तथ्य बुद्ध देशनामा बारम्बार प्रकाश भएको पाइन्छ । दीर्घजानुकोलिय भन्ने व्यक्तिले बाहिरी विकाशको लागि उपयुक्त हुने कारणहरू सोधिंदा बुद्धले महत्त्वपूर्ण कारणको रूपमा कल्याण मित्रता अर्थात सभ्य समाज आश्रयलाई लक्षित गरेको पाईन्छ ।

"कल्याण मित्रता भनेको के हो ? यो लोकमा कुनै कुलपत्र कुनै गाउँमा वा शहरमा वास गर्दछ भने त्यहाँ श्रद्धावान, प्रज्ञावान, त्यागशीलि र ज्ञानी प्रज्ञावान कुनै गृहपति वा गृहपति पुत्र वा वयस्क समान गुणधर्मले युक्त भई वास गर्दछ र उनीहरूसँग मिलेर बस्दछ, मिलेर कुरा गर्दछ, मिलेर छलफल गर्दछ र उनीहरूको श्रद्धा सम्पत्तिलाई, शील सम्पत्तिलाई, ग्याग सम्पत्तिलाई सुहाउने गरी शुशिक्षित हुन्छ भने त्यसलाई कल्याण मित्रता भनिन्छ । (व्यध्धपज्ज सुत्र) । यसर्थमा लौकिक अर्थात् बाहिरी रूपले संर्वधित हुनलाई पनि त्यहाँ नैतिकतामा अर्थात् सदाचार धर्मलाई महत्त्व दिने कल्याण



Downloaded from http://dhamma.digital

मित्रताको आधारशीला हुनु पर्दछ भन्ने प्रष्टिन्छ ।

पाप मित्र सेवन भोग सम्पत्ति विनाश गर्ने छ वटा कारणहरू मध्ये एक हो । तर कल्याण मित्र सेवनले भोग सम्पत्तिमा वृद्धि हुन्छ । जुवाडी, सल्लाल, जड्याँहा, वंचक, अपराधी र छलकपट गर्ने व्यक्तिहरूसँग संगत गर्नाले आश्रय गर्नाले कुनै पनि व्यक्ति दिनानुदिन परिहानी हुँदै जान्छ । पराभव सुत्रानुसार परिहानी हुने कारणहरू मध्ये स्त्री धुर्त, सुराधुर्त, जुवाडी र पाप मित्र सेवन अर्थात धननाश गर्नेहरूसँगको संगतले विस्तारै विस्तारै परिहानी हुन्छ ।

"इत्थी धुत्तो सुरा धुत्तो अक्ख धुत्तो च यो नरो,
लद्धं लद्धं विनासेति तं पराभवतो मुखं"

कल्याण मित्रताले अनुत्पन्न कुशल उत्पन्न गर्दछ र सृजित कुशल धर्महरू अभिवृद्धि गराउँदछ । बुद्ध भन्नु हुन्छ " हे भिक्षुहरू ! अरू कुनै एउटा धर्म पनि राम्ररी देख्दिन जसले उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराइ दिन्छ । र उत्पन्न भएको अकुशल धर्मलाई दमन नष्ट गरिदिन्छ । तर त्यस्तो धर्म छ भने हे भिक्षुहरू ! त्यो कल्याण मित्रता हो ।"

"नाहं भिक्खवे अञ्ञं एकं धम्मम्पि
पस्सामि, येन अनुप्पन्ना वा कुसला धम्मा



Downloaded from http://dhamma.digital

उप्पज्जन्ति उप्पन्ना वा कुसला धम्मा
पहिनन्ति, यथयिदं भिक्खवे कल्याणमित्तता !

पाप मित्रताले उत्पन्न कुशललाई समेत विनाश गरी अनुत्पन्न अकुशललाई समेत विनाश गरी अनुत्पन्न अकुशल धर्मलाई पनि उत्पन्न गराई दिन्छ । बुद्ध भन्नु हुन्छ "हे भिक्षुहरू ! अरू कुनै एउटा धर्म पनि देख्दिन जसले उत्पन्न नभएको अकुशल धर्मलाई उत्पन्न गराई दिन्छ । र उत्पन्न भएको कुशल धर्मलाई पनि विनाश गराई दिन्छ । त्यस्तो धर्म छ भने" हे भिक्षुहरू ! त्यो धर्म पाप मित्रता हो ।"

"नाहं भिक्खवे अञ्ञं एकं धम्मम्पि
समनुपस्सामि, येन अनुप्पन्ना वा अकुसला
धम्मा उप्पज्जन्ति उप्पन्ना वा कुसला
धम्मा परिहायति, यथयिदं भिक्खवे
पाप मित्तता" (एक निपात, अं.नि)

तसर्थ पाप मित्रहरूसँगको आश्रय महा अनर्थको निम्ति (पाप मित्तता महतो अनत्थाय सवत्तति) विद्यमान हुन्छ , र, कल्याणमित्रहरूसँगको आश्रय महान उपलब्धिको निम्ति ( कल्याण मित्रता-महतो अत्थाय, संवत्तति) विद्यमान हुन्छ ।

सिंगाँलोवाद सुत्रानुसार "मित्र" समाजको एक अंग हो । एक सामाजिक संस्था हो । कुलपुत्रको मुलिकत्त्वमा स्थापित



Downloaded from http://dhamma.digital

हुने सामाजिक संस्थाहरूमध्ये मित्र संस्था पनि परस्पर सम्बन्ध र अन्योन्य कर्तव्यहरू माथि निर्भर रहन्छ । यसानुसार "उत्तर" दिशारूपी मित्र समूह प्रति कुलपुत्रले पाँच प्रकारले व्यवहार, सेवा गर्नु पर्दछ ।

१. दानेन - परित्यागशीलि भई, दान दातव्यद्वारा सेवा उपकार गर्नु पर्दछ ।

२. पेय्यवज्जेन - प्रियवादी, मृदुभाषी भई नरम स्वभावले सत्यवादी भई सेवा गर्नु पर्दछ ।

३. अत्थचरियाय - उपलब्धिमूलक, प्रयोजन युक्त लाभदायक क्रियाकलापमा संलग्न गराई उक्त क्रियाकलापमा सहयोगी भई सेवा गर्नु पर्दछ ।

४. समानत्तताय - आफू समान व्यवहार गर्नु पर्दछ । सधैं जुनसुकै अवस्थामा पनि समभावले हेर्नुपर्दछ । समभावले नै सेवा गर्नु पर्दछ ।

५. अविसंवादनताय - इमान्दारपूर्वक इमान्दारी भई सेवा गर्नु पर्दछ । नछल्ने नठग्ने भई शंका उपशंका रहित भई व्यवहार गर्नु पर्दछ । अनि मित्र समूहले पनि त्यस्ता कुलपुत्र (साथी) हरू प्रति यस प्रकार प्रत्युपकार गर्नु पर्दछ ।

१. पमत्त रक्खंति - प्रमादिहरूको रक्षा गर्नु पर्दछ । लागु पदार्थ सेवन गरी वेहोश भएको वा अन्य कारण असहाय भएको अवस्थामा सुरक्षा दिनु पर्दछ ।



Downloaded from http://dhamma.digital

२. पमत्तस्स सापतेय्यं रक्खति - त्यसरी बेहोश असहाय प्रमादी मित्रको धन सम्पत्तिको रक्षा गर्नु पर्दछ ।

३. मित्तस्स सरणा होति - भय त्रास, आपत विपद उत्पन्न भई आफ्नो शरणमा आउने अवस्थामा अपमान हेला नगरी धैर्य दिलाई सक्दो सहयोग गरी शरण दिनुपर्दछ ।

४. आपदासु न विजहति - आपत विपद को अवस्थामा विशेष ध्यान राखी उपकार गर्नु पर्दछ । हेला गर्नु हुँदैन र छोड्नु त्याग्नु हुँदैन ।

५. अपरपजाचस्स - त्यस्ता कुलपुत्र (साथी) का छोरा छोरी परिवारजनलाई समेत मान सम्मान गरी उचित व्यवहार सेवा गर्नु पर्दछ ।

चार प्रकारका प्रतिपत्तिले संग्रह गर्दै मित्रहरू आश्रय गर्ने परित्यागशीलि व्यक्तिको यश कीर्ति फैलिन्छ । तसर्थ दान, प्रियवचन, अर्थचर्या र समानात्मता ती ती व्यक्तिहरूमा निहित हुनुपर्दछ । राम्ररी स्थापित भएको हुनुपर्दछ ।

"संगाहको मित्तकरो वदञ्ञु वीत
मत्छारो, नेता, विनेता, अनुनेता,
तादिसो लभते यसं"

मित्रता कायम हुनलाई घनिष्ठताको लागि मित्रहरू बिचमा एकापसमा कर्तव्य पालन भएको हुनुपर्दछ । परस्पर दायत्व निभाउनु पर्दछ । आफ्नो मित्रसँग अवंक, नजिक हुन, सहयोगी



Downloaded from http://dhamma.digital

हुन शत्रु बाधाबाट बचाउनु ती मध्ये मुख्य मानिन्छ । एक चोटी भएपनि मद्दत उपकार गरेको व्यक्तिसँग्र हितैषी बन्नु पर्दछ । आफूलाई छहारी शीतलता दिने रूखलाई वा ती रूखका हाँगालाई समेत काट्नु हुँदैन ! भनेर सिकाइन्छ । तसर्थ मित्रहरू प्रति कुनै प्रकारले पनि नराम्रो सोच्नु राम्रो होइन । साथीहरू सम्बन्धमा केही शंका भएमा वा शंकास्पद कार्य उनीहरूबाट भएमा परिक्षाकारी हुनुपर्दछ ।

कुनै पनि व्यक्तिले आफ्नो साथीका श्रीमान् वा श्रीमातिसँग हितैषी बनि वा बलपूर्वक अनाचारमा लाग्छन् भने त्यो व्यक्ति वसल, चण्डाल बन्दछ । मित्रत्व दुषित बनाउने दुषक हुन्छ । मित्ररूपी शत्रु बन्दछ । त्यस्तो व्यक्ति मित्रताको लागि अयोग्य बन्दछ, हुन्छ । (वसल सूत्र)

"यो ञातिनं सखानं वा दारेसु पटिदिस्सति,
सहसा सम्पियेन वा तं जञ्ञा वसलो इति"

मित्रहरूको छनोट गर्दा आफ्नो अभिमतलाई मात्र हेर्नु हुँदैन । त्यसो गर्दा आफु समान व्यक्तिहरू नै मित्रको रूपमा भेटिन्छन् । एक प्रकारका गतिगुण बानि व्यहोरा, र विचार धारणा हुने व्यक्तिहरू एकसाथ हुन्छन् ।
(Birds of a feather block together)

सिंगालोवाद सुत्रानुसार आठ प्रकारका मित्रहरू छन् । ती मध्ये चार असल कल्याण मित्रहरू छन् भने बाँकी चार,



Downloaded from http://dhamma.digital

खराब मित्रहरू हुन् ।

अर्काको वस्तु मात्र लिने, वचनले मात्र मित्रभाव देखाउने, अगाडि मात्र प्रशंसा गर्ने र कुकार्यमा मात्र साथ दिने स्वभावका मित्रहरू ती चार प्रकारका खराव मित्रहरू हुन् ।

आफूलाई उपकार गर्ने सुख दुःखमा समानरूपले उपकार गर्ने, धनसम्पत्ति, यशकीर्ति : लाभ वृद्धि हुने काममा अर्ति तथा प्रोत्साहन दिने र अनुकन्पा, दया, करूणा राख्ने स्वभावका मित्रहरू कल्याण मित्रहरू हुन् ।

त्यसकारण मित्रहरूको स्वभाव, आचरण, बानी र व्यवहार अनुसार कस्ता मित्र कल्याण वा कस्ता मित्र खराव (असत्) भनी चिन्न सक्नु पर्दछ । त्यसरी चिनिसकेपछि त्यस्ता खराब मित्र खराब मित्रहरूलाई त्यागी संगत नगरी कल्याण मित्रहरूसँग मात्र संगत गर्न कोशिश गर्नुपर्दछ । प्रयत्नशील रहनु पर्दछ ।

विकसित मानसिकता रहेको व्यक्तिले आफूलाई योग्य मित्र साथीको छनोट गर्न रोज्न सकेता पनि, अविकसित वा अल्पविकसित मानसिकता रहेका व्यक्तिहरू गलत प्रवाहमा लाग्न र पर्न सक्दछ । त्यसकारण नयाँ पुस्तालाई "मित्र" कस्तालाई भनिन्छ र कस्तो व्यक्तिसँग मित्रता गाँस्नु पर्दछ भनी माता-पिता, गुरूजन र अभिभावकहरूले चिनाईदिनु पर्ने, बुझाईदिनु पर्ने, सिकाइदिनु पर्ने कर्तव्य हुन आउँदछ । यसर्थमा उनीहरू पनि प्रथमत कल्याण मित्रहरूसँग सत्संगतमा लागेका, कल्याण मित्रहरूसँग आश्रय भएका हुनु अत्यन्त जरूरी हुन



Downloaded from http://dhamma.digital

आउँदछ । नत्र भने स्वयं आफूलाई नै कल्याण मित्र र मित्रता सम्बन्धमा ज्ञान र अनुभव छैन भने नयाँ पुस्तालाई त्यस विषयमा कसरी भन्न, चिनाउँनु, बुझाउँन वा सिकाउँन सकिन्छ र ?

मेत्तानिसंस सुत्रमा कल्याण मित्र र मित्रताको उपलब्धिहरू यसरी वर्णन गरिएका छन् ।

१. कल्याण मित्र र मित्रतालाई द्रोही नहुने व्यक्ति (साथीलाई) घरमा वा घर बाहिर कहिं पनि कहिले पनि आहार पानादिको अभाव हुँदैन ।

२. कल्याण मित्र धेरै जनाको जिविकाको आश्रय निश्रय बन्दछ । (बहुनं उपजिवन्ति)

३. सर्वत्र पुजिन्छ : पुजित हुन्छ ।
"सब्बत्थ पुजितो होति "

४. चोरहरू नजिक हुँदैनन् । दुःख दिदैनन् ।
"नास्स चोरा पसहति"

५. राजाले हेला गर्दैनन् । "नाति मञति खत्तिया"

६. सबै प्रकारका चोरहरूलाई जित्न सक्दछ ।
टाढारहन सक्दछ । "सब्बे अमित्ते तरति"

७. सधै क्रोध मुक्त भई शान्तपूर्वक घर आउने गर्दछ ।
"अकुद्धो सघरे. एति"

८. सभामा (छलफलमा) सन्तुष्ट हुन्छ ।
"सभाय पटिनन्दितो "

९. ज्ञातिवन्धुमध्ये श्रेष्ठ हुन्छ, आफन्तको उत्तमव्यक्ति बन्दछ ।



Downloaded from http://dhamma.digital

"ञातिनं उत्तमो होति"

१०. अन्यलाई सत्कार गरी आफु पनि संस्कृत हुन्छ ।

"सक्कत्वा सक्कतो होति"

११. अन्यलाई गौरव-कदर गरी आफु पनि गौरवान्वित हुन्छ ।

"गरू होति सगारवो"

१२. वर्ण र कीर्ति फैलिन्छ ।

"वण्णकित्तिभतो होति"

१३. अन्यलाई पुजा गरी आफु पनि पुजित हुन्छ ।

"पुजको लभते पुजं"

१४. अन्यलाई वन्दना (नमस्कार) गरी आफु पनि वन्दित हुन्छ ।

"वन्दको पटिवन्दनं"

१५. यश कीर्ति प्राप्त हुन्छ, समृद्धिमा पुग्दछ ।

"यसो कित्ति च पप्पोति"

१६. आगो झै दीप्तिमान हुन्छ ।

"अग्गि यथा पज्जलति"

१७. देवता जस्तै प्रज्वल्यमान हुन्छ ।

"देवतावो विरोचति"

१८. श्री सम्पत्तिले छोड्दैन, धन सम्पत्तिबाट विमुख हुँदैन ।

"सिरिया अजहितो होति"

१९. गाईले फल दिन्छ । "गावोतस्स पजायन्ति"

२०. खेत सरूसार हुन्छ । "खेत्ते वुत्तं विरूहति"

२१. पुत्र फल प्राप्त हुन्छ । "पुत्तानं फलमस्नाति"



Downloaded from http://dhamma.digital

२२. खाल्डोबाट, पहाडबाट, रूखबाट खसे पनि, साहारा ( चोटपटक लाग्नबाट बच्दछ) प्राप्त हुन्छ ।

"दरितो पब्बतातो वा रूक्खातो पतितो नरो, चुतो पतिटठं लभति"

२३. जसरी "भातुल" लहराले "निग्रोध "रूखलाई जति बेरे पनि हल्लाउन ढाल्न सक्दैन त्यसरी नै शत्रुहरूले कल्याण मित्रलाई केही (हानी) गर्न सक्दैन ।

"विरूल्ह मुलसन्तान निग्गोधमिव भालुतो, अमित्ता न पसहंति"



Downloaded from http://dhamma.digital

# आर्य पुद्गल...

बुद्धधर्ममा **'अट्ठ अरिय पुग्गला'** भनी चार आर्य मार्ग र फलमा सम्प्राप्त सत्यावबोध गरेका व्यक्तिहरूलाई आठ आर्य पुद्गल भनी चिनिन्छ । स्रोतापन्नादि मार्ग र फल भेद अनुसार ती आर्यपुद्गलहरू आठजना हुन्छन् । अतः **'अट्ठ अरिय पुग्गला'** भनी उल्लेख्र गरिएको हो तर मार्ग राम्प्राप्त हुने अवधि धेरै नै कम हुने हुदा फल सम्प्राप्त आर्य व्यक्तिहरू चर जना नै लिइन्छ ।

ती हुन-

**(अ) स्रोत्तापन्न आर्यपुद्गल**

**(आ) सकृतागामी आर्यपुद्गल**

**(इ) अनागामी आर्यपुद्गल**

**(ई) अर्हत आर्यपुद्गल**

**(उ) स्रोत्तपन्न व्यक्ति**

भवचक्रमा बाँधिराख्ने दश प्रकारका संयोजन धर्महरू मध्ये आत्मदृष्टि, शंका-उपशंका र मिथ्या शील पालन आदि तीन प्रकारका संयोजन धर्महरूको मार्गज्ञानबाट समुच्छेदन गरी मन शुद्ध गर्ने व्यक्तिलाई श्रोतापन्न व्यक्ति अर्थात् आर्यपुद्गल भनिन्छ । यस अवधिभित्र बाँकी सातवटा संयोजन (क्लेश) धर्महरूलाई पनि दूर्वल बनाउने हुँदा त्यस व्यक्तिबाट फेरी



Downloaded from http://dhamma.digital

दुर्गतिमा जाने कुनै पनि कर्म गरिन्दैन । अतःस्रोतापन्न व्यक्तिले फेरि अगतिमा दुर्गतिमा जन्मलिनु पर्ने हुदैन । त्यसकारण त्यस व्यक्ति सातौ जुनी (जन्म) सम्ममा सबै प्रकारका क्लेशहरू छेदन गरी अर्हत हुने हुन्छ ।

स्रोतापन्न व्यक्तिको प्रभेद यसरी गरिएको छः-

१) सत्तक्खत्तु परम, २) कोलं कोल, ३) एक वीजि ।

१) दिव्य मनुष्य लोक द्वयमा पालैपालो जन्मी सातौ जुनिमा अर्हत हुने व्यक्तिलाई सत्तक्खत्तु परम भनिन्छ ।

२) दिव्य मनुष्य लोक द्वयमा पालैपालो जन्मी सातौ जुनिभन्दा पहिले नै अर्हत हुने व्यक्तिलाई कोलंकोल भनिन्छ । पुग्गल पञ्ञत्तिमा छैठौ जन्म भित्रमा अर्हत हुने व्यक्ति भनी उल्लेख गरिएको छ ।

३) मनुष्य जन्ममा एक पटक मात्र फेरी जन्मलिई अर्हत हुने व्यक्तिलाई एक जीवि भनिन्छ । देवलोकमा भएपनि एकपटक मात्र जन्म लिई अर्हत हुने व्यक्तिलाई पनि एक जीवि भनिन्छ भनेर अर्थकथामा उल्लेख गरिएको छ ।

### (आ) सकृतागामी व्यक्तिः

भवचक्रमा बाधिराख्ने (क्लेश धर्म) दशसंयोजन धर्ममध्ये माथि उल्लेखित तीन संयोजन पूर्णरूपमा र अन्य दुई संयोजन धर्म कामराग र व्यापादलाई पनि छेदन गरी मन शुद्ध गर्ने व्यक्तिलाई सकृतागामी व्यक्ति भनिन्छ । यस अवधिभित्र बाकी



Downloaded from http://dhamma.digital

पांचवटा संयोजन धर्मलाई पनि दुर्बल बनाएको हुन्छ । सकृतागामी व्यक्ति एक पटक मात्र फेरी मनुष्यलोकमा जन्मलिई अर्हत हुने हुन्छ ।

## (इ) अनागामी व्यक्तिः

भवचक्रमा बाधिराख्ने दशसंयोजन धर्ममध्ये माथि उल्लेखित कामराग र व्यापादलाई पूर्णरूपमा समुच्छेदन गरी मन शुद्ध गर्ने व्यक्तिलाई अनागमी व्यक्ति भनिन्छ । यस अन्तरालमा अन्य बांकी संयोजन धर्मलाई अझ दुर्बल बनाएको हुन्छ ।
अनागामी व्यक्ति फेरी मनुष्य देवादि कामलोकमा जन्मलिदैन । तर रूपअरूप भवमा जन्मलिई त्यही अर्हत हुनेहुन्छ ।

## (ई) अर्हत व्यक्तिः

भवचक्रमा बाधिराख्ने दशसंयोजन (क्लेश) धर्महरूमध्ये बांकी पांचवटा गरी दशैवटा संयोजन धर्महरू पूर्णरूपमा समुच्छेदन गरी मन शुद्ध गर्ने व्यक्तिलाई अर्हत् व्यक्ति भनिन्छ । बाूकी पांचसंयोजन धर्महरू यस प्रकार छन् । रूपराग, अरूपराग,मान, विक्षिप्तता र अज्ञानता ।

यसरी दश प्रकारका क्लेश धर्महरू सक्कायदिट्ठि विचिकिच्छिा, सिलब्वतपरामारा, कामराग, व्यापाद, रूपरांग, अरूपराग, मान उद्धच्च र अविज्जालाई क्रमशः छेदन गरी अन्तमा पूर्णरूपमा समुच्छेदन गरी पूर्णरूपमा चित्त शुद्ध गर्ने



Downloaded from http://dhamma.digital

व्यक्तिलाई अर्हत् व्यक्ति भनिन्छ भने अर्हत् व्यक्ति फेरी जन्मिदैन । उनी यसै जन्ममा निर्वाण प्राप्त गर्ने व्यक्तिको रूपमा चिनिन्छ ।

महायानको सद्धर्मपुण्डरिक सूत्रअनुसार अर्हत् व्यक्तिले यदि क्लेशावरण मात्र क्षय गरेको छ र ज्ञेयावरण क्षय गरेको छैन भने निर्वाण प्राप्त नगरी फेरि जन्मनु पर्दछ भन्ने तर्क अधिसारेको देखिन्छ । अतः त्यस सूत्रअनुसार क्लेशका आवरणहरू मात्र हटाउनाले पूर्ण निर्वाण धर्म साक्षत्कार गर्न नसकिने हुनाले ज्ञानका आवरणहरू पनि हटाउनु पर्ने विचार प्रकट गरिएको छ । अतः बुद्धत्व प्राप्त गरेपछि मात्र ज्ञानका आवरणहरू पनि पूर्ण रूपमा हट्ने भएकोले महायानीहरू अर्हत्वलाई भन्दा बुद्धत्वलाई बढी जोडदिन्छन् ।

**भवतु सब्ब मंगलं ।**



Downloaded from http://dhamma.digital

# छोटो चिनारी



| | |
|---|---|
| नाम | : भिक्षु धर्ममूर्ति महास्थविर |
| गृहस्थी नाम | : दिनेश लाल नकर्मी |
| जन्म मिति | : वि. सं. २०२४ चैत्र शुक्ल दशमी |
| जन्मस्थान | : डिल्लीबजार, काठमाडौं |
| माता | : दी. मोहन माया (कान्छी) नकर्मी |
| पिता | : श्री हिरा लाल नकर्मी |
| **शिक्षा** | : बी.ए., केलणीय विश्वविद्यालय, विद्यालंकार परिवेण (कलेज) श्रीलंका |
| समाज शास्त्र एम.ए. | : त्रिचन्द्र क्याम्पस, त्रिभुवन विश्व विद्यालय, नेपाल |
| बौद्ध दर्शन | : एम. ए. बौद्ध र पाली विश्वविद्यालय, श्रीलंका |
| प्रवज्या दीक्षा | : वि.सं. २०३९ असोज, नेपाल |
| उपसम्पदा दीक्षा | : वि.सं. २०४५ असार, श्रीलंका |

## सेवा

| | |
|---|---|
| धमार्नुशासक | : बौद्ध महिला संघ, नेपाल |
| अध्यक्ष | : मेत्ता सेन्टर |
| उपाध्यक्ष | : बुद्ध जयन्ति समारोह समिति |
| सचिव | : अखिल नेपाल भिक्षु महासंघ |
| सचिव | : आन्दकुटी बिहार (संस्था) |
| सल्लाहकार | : सुप्रिम स्कूल, आनन्द भूमि, बौद्ध मासिक |
| सदस्य | : धर्मोदय सभा |
| सदस्य | : स्वयूम्भू व्यवस्थापन तथा संरक्षण महासमिती |
| प्रकाशित ग्रन्थ | : प्रतित्यसमुत्पाद, अपदान पाली-१ |
| विदेश भ्रमण | : भारत, श्रील.का, थाइलैण्ड, मलेसिया, सिंगापुर |

Downloaded from http://dhamma.digital